# मध्यमकालीन खर्च संरचना

**(Medium Term Expenditure Framework – MTEF)**

(आ.व. २०८२/०८३ - २०८४/०८५)

**मस्यौदा प्रतिवेदन**

२०८२


**सिलीचोङ गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**ताम्कु, साङ्खुवासभा**

**कोशी प्रदेश, नेपाल**

# सिलीचोङ गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

(आ.व. २०८२/०८३ - २०८४/०८५)

## Medium Term Expenditure Framework – MTEF

## मस्यौदा प्रतिवेदन

**आर्थिक सहयोग**
सिलिचोङ गाउँपालिका
ताम्कु, सङ्खुवासभा
कोशी प्रदेश

**तयार गर्ने/प्रकाशक**
**सिलिचोङ गाउँपालिका**
गाउँकार्यपालिकाको कार्यालय
ताम्कु, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

**सहजीकरण**
**पाथवे इन्जिनियरिङ कन्सल्टेन्सी प्रा. लि.**
सूर्यविनायक गाउँपालिका-५
भक्तपुर, बागमती प्रदेश

जेष्ठ, २०८२

## बिषय सूची

**बिषय — सूची** ........ क
**तालिका सूची** ........ झ
**अध्याय १: परिचय** ........ १
१.१ पृष्ठभूमि ........ १

१.२ विकासक्रम ....................................................... १

१.३ मध्यमकालीन खर्च संरचनाका आधारहरू ....................................................... २

१.४ अवधारणा तथा उद्देश्य ....................................................... ३

१.४.१ अवधारणा ....................................................... ३

१.४.२ उद्देश्य ....................................................... ३

१.५ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया ....................................................... ४

**अध्याय २: मध्यमकालीन खर्च संरचना (२०८२/८३-२०८४/८५) ....................................... ७**

२.१ पृष्ठभूमि ....................................................... ७

२.२ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति ....................................................... ७

२.३ निर्देशक सिद्धान्त ....................................................... ८

२.४ विकास रणनीतिहरू ....................................................... ९

२.५ प्राथमिकताका क्षेत्रहरू ....................................................... १०

२.३ मध्यकालीन आर्थिक खाका ....................................................... १०

२.४ मध्यकालीन नतिजा खाका ....................................................... ११

२.५ मध्यकालीन खर्च संरचनाको बजेट खाका ....................................................... १६

२.६ विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ....................................................... १७

**अध्याय ३: आर्थिक क्षेत्र ....................................................... १९**

३.१ कृषि ....................................................... १९

३.१.१ पृष्ठभूमि ....................................................... १९

३.१.२ समस्या तथा चुनौती ....................................................... १९

३.१.३ संभावना तथा अवसर ....................................................... २०

३.१.४ उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजना ....................................................... २०

३.१.५ अपेक्षित उपलब्धि ....................................................... २२

३.१.६ जोखिम तथा अनुमान पक्ष ....................................................... २३

३.२ सिँचाइ ....................................................... २३

३.२.१ पृष्ठभूमि ....................................................... २३

३.२.२ समस्या तथा चुनौती ....................................................... २३

३.२.३ संभावना तथा अवसर ....................................................... २४

३.२.४ उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ....................................................... २४

३.२.५ अपक्षेपित उपलब्धि ....................................................... २४

३.२.६ जोखिम तथा अनुमान पक्ष ....................................................... २५

३.३ पर्यटन तथा संस्कृति ........ २५
३.३.१ पृष्ठभूमि ........ २५
३.३.२ ससम्या तथा चुनौती ........ २६
३.३.३ संभावना तथा अवसर ........ २६
३.३.४ उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ........ २६
३.३.५ अपेक्षित उपलब्धी ........ २८
३.३.६ जोखिम तथा अनुमान पक्ष ........ २८
३.४ उद्योग, व्यापार तथा व्यवसाय ........ २९
३.४.१ पृष्ठभूमि ........ २९
३.४.२ समस्या तथा चुनौती ........ २९
३.४.३ संभावना तथा अवसर ........ २९
३.४.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ........ ३०
३.४.५ अपेक्षित उपलब्धि ........ ३०
३.४.६ जोखिम तथा अनुमान पक्ष ........ ३१
३.५ बैंक तथा वित्तिय क्षेत्र ........ ३१
३.५.१ पृष्ठभूमि ........ ३१
३.५.२ समस्या तथा चुनौती ........ ३१
३.५.३ संभावना तथा अवसर ........ ३१
३.५.४ उप-क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ........ ३२
३.५.५ अपेक्षित उपलब्धि ........ ३३
३.५.६ जोखिम तथा अनुमान पक्ष ........ ३३
३.६ श्रम, रोजगारी तथा गरिबी निवारण ........ ३३
३.६.१ पृष्ठभूमि ........ ३३
३.६.२ समस्या तथा चुनौती ........ ३४
३.६.३ संभावना तथा अवसर ........ ३४
३.६.४ उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ........ ३५
३.६.५ अपेक्षित उपलब्धि ........ ३६
३.६.६ जोखिम तथा अनुमान पक्ष ........ ३६

**अध्याय ४: सामाजिक क्षेत्र ........ ३८**
४.१ स्वास्थ्य तथा पोषण ........ ३८
४.१.१ पृष्ठभूमि ........ ३८

४.१.२ समस्या तथा चुनौती ... ३८
४.१.३ संभावना तथा अवसर ... ३९
४.१.४ उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजना ... ३९
४.१.५ अपेक्षित उपलब्धि ... ४०
४.१.६ जोखिम तथा अनुमान पक्ष ... ४०
४.२ शिक्षा, भाषा तथा नवप्रवर्तन ... ४१
४.२.१ पृष्ठभूमि ... ४१
४.२.२ समस्या तथा चुनौती ... ४१
४.२.३ संभावना तथा अवसर ... ४२
४.२.४ उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ... ४२
४.२.५ अपेक्षित उपलब्धि ... ४३
४.२.६ जोखिम तथा अनुमान पक्ष ... ४३
४.३ खानेपानी तथा सरसफाई ... ४४
४.३.१ पृष्ठभूमि ... ४४
४.३.२ समस्या तथा चुनौती ... ४४
४.३.३ संभावना तथा अवसर ... ४४
४.३.४ उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ... ४५
४.३.५ अपेक्षित उपलब्धि ... ४६
४.३.६ जोखिम तथा अनुमान पक्ष ... ४६
४.४ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण ... ४६
४.४.१ पृष्ठभूमि ... ४६
४.४.२ समस्या तथा चुनौती ... ४७
४.४.३ संभावना तथा अवसर ... ४७
४.४.४ उप-क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजना ... ४७
४.४.५ अपेक्षित उपलब्धि ... ४८
४.४.६ जोखिम तथा अनुमान पक्ष ... ४८
४.५ युवा तथा खेलकुद ... ४९
४.५.१ पृष्ठभूमि ... ४९
४.५.२ समस्या तथा चुनौती ... ४९
४.५.३ संभावना तथा अवसर ... ५०
४.५.४ उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ... ५०

४.५.५ अपेक्षित उपलब्धि ........ ५१
४.५.६ जोखिम तथा अनुमान पक्ष ........ ५१

**अध्याय ५: पूर्वाधार क्षेत्र ........ ५२**
५.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ........ ५२
५.१.१ पृष्ठभूमि ........ ५२
५.१.२ समस्या तथा चुनौती ........ ५२
५.१.३ संभावना तथा अवसर ........ ५३
५.१.४ उप-क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजना ........ ५३
५.१.५ अपेक्षित उपलब्धि ........ ५४
५.१.६ जोखम तथा अनुमान पक्ष ........ ५४
५.२ सडक, पुल तथा यातायात ........ ५४
५.२.१ पृष्ठभूमि ........ ५४
५.२.२ समस्या तथा चुनौती ........ ५५
५.२.३ संभावना तथा अवसर ........ ५५
५.२.४ उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ........ ५५
५.२.५ अपेक्षित उपलब्धि ........ ५७
५.२.६ जोखिम तथा अनुमान पक्ष ........ ५८
५.३ जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा ........ ५८
५.३.१ पृष्ठभूमि ........ ५८
५.३.२ समस्या तथा चुनौती ........ ५८
५.३.३ संभावना तथा चुनौती ........ ५८
५.३.४ उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ........ ५९
५.३.५ अपेक्षित उपलब्धि ........ ६०
५.३.६ जोखिम तथा अनुमान ........ ६०
५.४ सूचना, सञ्चार तथा प्रविधि ........ ६०
५.४.१ पृष्ठभूमि ........ ६०
५.४.२ समस्या तथा चुनौती ........ ६१
५.४.३ संभावना तथा अवसर ........ ६१
५.४.४ उप-क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ........ ६२
५.४.५ अपेक्षित उपलब्धि ........ ६३
५.४.६ जोखिम तथा अनुमानप पक्ष ........ ६३

**अध्याय ६: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र.............................................. ६४**
६.१ वन तथा जैविक विविधता........................................................................ ६४
६.१.१ पृष्ठभूमि ........................................................................ ६४
६.१.२ समस्या तथा चुनौती ........................................................................ ६४
६.१.३ संभावना तथा अवसर ........................................................................६५
६.१.४ उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ..............................६५
६.१.५ अपेक्षित उपलब्धि........................................................................६६
६.१.६ जोखिम तथा अनुमान पक्ष ........................................................................६७
६.२ भू-संरक्षण तथा जलाधार व्यवस्थापन ........................................................................६७
६.२.१ पृष्ठभूमि ........................................................................६७
६.२.२ समस्या तथा चुनौती ........................................................................६७
६.२.३ संभावना तथा अवसर ........................................................................ ६८
६.२.४ उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना .............................. ६८
६.२.५ अपेक्षित उपलब्धि........................................................................६९
६.२.६ जोखिम तथा अनुमान पक्ष ........................................................................ ७०
६.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन........................................................................ ७०
६.३.१ पृष्ठभूमि ........................................................................ ७०
६.३.२ समस्या तथा चुनौती ........................................................................७१
६.३.३ संभावना तथा अवसर ........................................................................७१
६.३.४ उप-क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ..............................७२
६.३.५ अपेक्षित उपलब्धि........................................................................७३
६.३.६ जोखिम तथा अनुमान पक्ष ........................................................................७३
६.४ विपद, जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता ........................................७३
६.४.१ पृष्ठभूमि ........................................................................७३
६.४.२ समस्या तथा चुनौती ........................................................................ ७४
६.४.३ संभावना तथा अवसर ........................................................................ ७४
६.४.४ उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना .............................. ७४
६.४.५ अपेक्षित उपलब्धि........................................................................ ७५
६.४.६ जोखिम तथा अनुमान पक्ष ........................................................................७६

**अध्याय ७: सुशासन तथा संस्थागत क्षेत्र.......................................................७७**

७.१ सुशासन, नीति, कानुन तथा सेवा प्रवाह ..................... ७७
७.१.१ पृष्ठभूमि ..................... ७७
७.१.२ समस्या तथा चुनौती ..................... ७७
७.१.३ संभावना तथा अवसर ..................... ७७
७.१.४ उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ..................... ७८
७.१.५ अपेक्षित उपलब्धि ..................... ७९
७.१.६ जोखिम तथा अनुमान पक्ष ..................... ७९
**अनसूचीहरू ..................... ८०**
अनुसूची १: मध्यमकालीन खर्च संरचना सम्बन्धी अभिमुखीकरण तथा तयारी सम्बन्धी एक दिने कार्यशाला गोष्ठीको माइन्यूट ..................... ८०
अनुसूची २: मध्यकालीन खर्च संरचना सम्बन्धी अभिमुखीकरण तथा तयारी सम्बन्धी एक दिने कार्यशाला गोष्ठीको फोटोहरू ..................... ८१

# तालिका सूची

*तालिका १: समष्टिगत मध्यमकालीन बजेट खाका (रु. हजारमा)..........................................१०*
*तालिका २: मध्यमकालीन समष्टीगत नतिजा सूचक र परिमाणात्मक लक्ष्यहरू.................................. ११*
*तालिका ३: स्रोतको त्रिवर्षीय (मध्यकालीन) अनुमानको ढाँचा (रू ०००)......................................... १६*
*तालिका ४: विषयगत आधारमा त्रिवर्षीय बजेटको प्रक्षेपण.......................................................१७*
*तालिका ५: विषय उप-क्षेत्रगत आधारमा त्रिवर्षीय बजेटको प्रक्षेपण...............................................१७*

# अध्याय १: परिचय

## १.१ पृष्ठभूमि

सङ्घीयता कार्यान्वयनको महत्वपूर्ण भूमिकामा रहेका स्थानीय तहहरूको दीर्घकालीन लक्ष्य राष्ट्रिय लक्ष्य अनुसार समृद्ध गाउँपालिका र सुखी नगरवासी हुनु पर्दछ । राष्ट्रिय सोन्हौ योजना र दिगो विकासका लक्ष्य तथा कोशी प्रदेश सरकारको प्रदेश आवधिक योजना र यसले लिएका लक्ष्य तथा गाउँपालिकाको आवधिक योजनाले लिएका लक्ष्यहरू हासिल गर्न वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । स्थानीय तहहरूको समृद्धि भनेको समग्र प्रदेश हुँदै मुलुककै समृद्धि हो । त्यसकारण स्थानीय तहहरू योजना कार्यान्वयनका पक्षले प्रथम कर्ता समेत हुन् । स्थानीय तहहरूको आवधिक योजना भनेको दीर्घकालीन सोचलाई चरितार्थ गर्ने किसिमबाट कार्यान्वयन गर्न बनाइएको हुन्छ । आवधिक योजनाले निर्दिष्ट गरे अनुसार योजनाबद्ध रूपमा वार्षिक विकासका कार्यक्रमहरू तय गर्नुपर्छ । वार्षिक कार्यक्रमहरूको तर्जुमा र सफल कार्यान्वयन पश्चात निर्दिष्ट लक्ष्यको प्रतिफल मापन गर्नु समेत आवश्यक हुन्छ । आवधिक योजनाले तय गरेका विकास र समृद्धिका कार्यक्रमहरू समयमा नै सम्पन्न गर्नको लागी आर्थिक स्रोत, वित्त परिचालन र वित्तीय अनुशासनको आवश्यकता पर्दछ । यसरी आवधिक योजना र वार्षिक कार्यक्रम बीच तालमेल मिलाउने, प्रतिफल मापन गर्ने र आर्थिक अनुशासन कायम गर्ने सार्वजनिक खर्च व्यवस्थापनको उपयुक्त औजार नै मध्यमकालीन खर्च संरचना हो ।

कुशल वित्त व्यवस्थापनले आम्दानीका स्रोतहरूको उच्चतम उपयोग, प्रभावकारी वितरण र खर्च गर्ने सामर्थ्य वृद्धि गर्नुका साथै वित्तीय जोखिमको पुर्व अनुमान र न्यूनीकरणमा सघाउ पुर्याउँछ । बजेट तर्जुमा प्रक्रियालाई यथार्थपरक र बस्तुनिष्ठ बनाउँदै, दायित्वको पूर्वानुमान र आवश्यक स्रोतहरूको सुनिश्चितता एवं खोजीमा तत्परता प्रदान गर्दछ । सामान्यतया कुशल वित्त व्यवथापनको प्रयोगबाट गत वर्ष र चालू वर्षलाई आधार वर्ष मानी, आम्दानी र खर्चलाई अनुमान योग्य बनाउँदै चक्रिय रूपमा आगामी आर्थिक वर्षको वार्षिक बजेट र त्यसपछिका दुई वर्षको बजेटको प्रक्षेपण नै मध्यमकालीन खर्च संरचना हो ।

नेपालमा आ.व. २०५९/६० देखि अवलम्बन गरिएको मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो । मध्यमकालीन खर्च संरचनाले स्थानीय तहमा विकास योजनाको लक्षित नतिजा हासिल गर्न स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले स्थानीय तहले प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नुपूर्व आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गनुपर्ने र सो संरचना तयार गर्दा आवधिक योजनालाई मार्गदर्शनका रूपमा लिनुपर्ने व्यवस्था अनिवार्य गरेको छ ।

## १.२ विकासक्रम

नेपालमा सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापनमा धेरै समस्याहरू विद्यमान थिए । खासगरी आवधिक योजना र वार्षिक कार्यक्रम बीचमा तादाम्यता नरहने, कुनै आयोजनामा आवश्यक बजेट विनियोजन नगरिनु, कुनै आयोजनामा आवश्यकता भन्दा बढी बजेट विनियोजन हुनु, दिगो नहुने खर्चीलो आयोजनामा पनि निरन्तर रूपमा बजेट विनियोजन हुनु, बजेटको सुनिश्चितता नहुनु र कार्यान्वयन क्षमता भन्दा बढी आयोजनाहरू सञ्चालनमा रहनु यस्ता प्रमुख समस्याहरू हुन् । सार्वजनिक खर्चमा देखिएका यी समस्याहरूलाई सम्बोधन गर्न सार्वजनिक खर्च पुनरावलोकन आयोग २०५७ ले मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयनको सिफारिस गरेको थियो । यसलाई ध्यानमा राखि दशौं योजना (२०५९-६५) सँगसँगै मध्यमकालीन खर्च संरचना योजनासँग तालमेल हुने गरि योजना तर्जुमा तथा कार्यान्वयन गर्न थालिएको थियो । नेपालमा पहिलो पटक आर्थिक वर्ष २०५९/६० देखि यस्तो खर्च संरचनाको सुरुवात भएको थियो । सुरुमा शिक्षा, स्वास्थ्य, कृषि, सिँचाइ, विद्युत्, सडक र जलस्रोत जस्ता मुख्य क्षेत्रमा आयोजना कार्यक्रमहरूलाई प्राथमिकिकरण गर्ने, आवधिक योजनाले लिएको उद्देश्य र लक्ष्यहरू पुरा गर्ने गरी स्रोत साधनको सदुपयोग गर्ने  तथा पहिलो प्राथमिकतामा परेका परियोजनाहरूमा स्रोतको सुनिश्चितता गर्ने उद्देश्य लिइएको थियो र यसबाट वित्त अनुशासन र आर्थिक स्थायित्वको अपेक्षा गरिएको थियो ।

सुरुका ५-६ वर्षसम्म यस खर्च संरचना तर्जुमा कार्यलाई संस्थागत गर्ने प्रयास गरिएको र त्यसको फलस्वरुप यसका उद्देश्य खासगरी वित्त अनुशासन र खर्चको रणनीतिक रूपमा विनियोजन कार्यमा सहयोग पुऱ्याएको थियो । तर यस खर्च संरचना तर्जुमा गर्न कानुनी वाध्यता नरहेको आदि कारणले त्यस पछिका केही वर्षहरूमा यसको तर्जुमा निरन्तरता दिन सकिएन । तर अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले कानुनी रूपमा यसलाई अनिवार्य गरेपछि मध्यमकालीन खर्च संरचनालाई संस्थागत गर्न सहयोग पुगेको छ ।

## १.३ मध्यमकालीन खर्च संरचनाका आधारहरू

सार्वजनिक खर्च संरचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्रावधानहरू एवं स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन र विषयगत रणनीतिक योजनाको पक्षलाई ध्यान दिनु आवश्यक छ । सो बमोजिम यस मध्ममकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित पक्षलाई आधारको रूपमा लिइएको छः

१) नेपालको संविधान, २०७२
२) दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५ - २०३०)
३) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
४) राष्ट्रिय दीर्घकालीन सोच, २१०० तथा सोह्रौ राष्ट्रिय योजना (२०८१/८२–२०८५/८६)
५) कोशी प्रदेशको दोस्रो आवधिक योजना (२०८१/८२ - २०८५/८६)
६) नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०७८/७९)
७) अन्य विषय क्षेत्रगत नीति र योजनाहरू
८) स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)

## १.४ अवधारणा तथा उद्देश्य

### १.४.१ अवधारणा

सार्वजनिक वित्त व्यवस्थापनको एक औजारको रूपमा मध्यमकालीन खर्च संरचनाले सरकारसँग उपलब्ध सीमित स्रोत-साधनको वस्तुनिष्ठ आकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ । यस अन्तर्गत चालू आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी समष्टिगत वित्तीय खाका निर्धारण गरिन्छ । स्थानीय आर्थिक खाका अनुसार समष्टिगत र विषय क्षेत्रगत नतिजा प्राप्त हुने गरी स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गरिन्छ । सङ्घ तथा प्रदेशबाट स्थानीय तहलाई विभिन्न शीर्षकमा प्राप्त हुने स्रोत, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आकलन तथा क्षेत्रगत प्राथमिकता अनुरूप बिषयगत शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनाको रूपमा खर्चको अनुमान सहितको बजेट खाका तयार गरिन्छ ।

यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरी मध्यमकालीन नतिजा खाका तयार गरिन्छ । मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र खर्चको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ । पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ । यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आकलन गर्नुपर्ने हुन्छ । यसरी मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ ।

### १.४.२ उद्देश्य

सिलिचोङ गाउँपालिकाको मध्यमकालिन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गर्नु हो । यसका अतिरिक्त मध्यमकालीन खर्च संरचनाका उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:

- सिलीचोङ गाउँपालिकाको आवधिक योजना र वार्षिक विकास योजनालाई बजेटसँग तादम्यता कायम गरी स्रोत र साधनको विनियोजनलाई उपलब्धिमूलक बनाउनु ।
- आयोजनाहरूको प्राथमिकीकरण गर्न र प्राथमिकता प्राप्त आयोजनालाई स्रोतको सुनिश्चितता गर्नु ।
- सिलीचोङ गाउँपालिकालाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्नु ।
- बजेट अनुमानलाई वास्तविक र यथार्थपरक बनाई सार्वजनिक खर्चलाई अझ प्रभावकारी र कुशलताकासाथ लक्षित प्रतिफल सुनिश्चित गर्नु ।
- सिलीचोङ गाउँपालिकाको आवधिक योजना अनुरूप मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने र मध्यमकालीन खर्च संरचना अनुरूप वार्षिक विकास कार्यक्रम तर्जुमा गरी आवधिक योजनाका लक्ष्य र उद्देश्य हासिल गर्न ।

## १.५ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको (१) "स्थानीय तहको मध्यमकालीन खर्च संरचना दिग्दर्शन २०७८, (परिमार्जित)", (२) "स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतीकरण स्रोत पुस्तिका, २०७९" र (३) "स्थानीय तहको दिगो विकास लक्ष्य मैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी स्रोत पुस्तिका, २०७९" लाई आधार मानी यो मध्यमकालीन खर्च संरचना तयार गरिएको छ । यस मध्यमकालीन खर्च संरचना देहाय बमोजिमको चरण तथा प्रक्रिया अवलम्बन गरी तर्जुमा गरिएको छः

**प्राविधिक सहयोगका लागि परामर्शदाता परिचालन**

गाउँपालिकाको आगामी तीन आर्थिक वर्षको लागि मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना तयारीको समय सीमा, सम्पन्न गर्नुपर्ने कार्यहरूको स्पष्ट खाका सहित परामर्शदातालाई परिचालन गरियो ।

**नीतिगत, कानूनी दस्तावेज, दिग्दर्शन एवं अन्य उपयोगी सन्दर्भ सामग्री सङ्कलन तथा समीक्षा**

प्राविधिक समूहबाट स्थानीय तहको योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानुन, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज सङ्कलन एवम् अध्ययन गरियो । दस्तावेजहरूको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक व्यवस्था पहिचान तथा विश्लेषण गरियो । मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा अध्ययन एवम् समीक्षा गरिएका प्रमुख सन्दर्भ सामग्रीहरू देहायबमोजिम रहेका छन्ः

१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४
२) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
३) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७
४) अन्तर-सरकारी वित्तीय हस्तान्तरण कार्यविधि
५) नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणको अभ्यास
६) नेपाल सरकार, प्रदेश सरकार एवं सम्बन्धित स्थानीय सरकारको विनियोजन ऐनहरू
७) नेपाल सरकारको क्षेत्रगत नीति, कानुन, मार्गदर्शन र मापदण्ड
८) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
९) स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
१०) स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७७
११)नेपाल सरकारको दीर्घकालीन सोच, सोऱ्हौ राष्ट्रिय योजना
१२) कोशी प्रदेशको दोस्रो आवधिक योजना
१३) गाउँपालिकाको आवधिक योजना
१४) सङ्घ तथा प्रदेशको सान्दर्भिक नीति, कानुन तथा प्रतिवेदन
१५) सिलीचोङ गाउँपालिकाको सान्दर्भिक नीति, ऐन, कार्यविधि तथा प्रतिवेदनहरू ।

**अभिमुखीकरण तथा प्रारम्भिक बैठकको आयोजना**

मध्यमकालीन खर्च संरचनाको अवधारणा, ढाँचा, प्रक्रिया, औजार र संस्थागत व्यवस्थाको सम्बन्धमा सरोकारवालासँग छलफल गरी साझा बुझाइ तयार गर्ने उद्देश्यले गाउँपालिकाका निर्वाचित पदाधिकारी, कार्यपालिका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरू लगायत कर्मचारीहरूलाई अभिमुखीकरण तथा तयारी सम्बन्धी एक दिने कार्यशाला गोष्ठी २०८२/०१/१६ गते गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको कार्य कक्षमा सम्पन्न गरियो (कार्यशाला गोष्ठीको माइन्यूट र फोटो अनुसूची १ र २ मा राखिएको छ)।

उक्त कार्यशाला गोष्ठीमा मध्यमकालीन खर्च संरचनाको अवधारणा, विधि तथा प्रक्रिया, औजार, संस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाइमा एकरुपता कायम गरियो। यसै क्रममा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन तथा कार्ययोजनाको स्वीकृति र यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेबारी तथा भूमिका समेत स्पष्ट गरियो।

**विषयगत समिति तथा शाखासँग परामर्शको आयोजना**

यस अन्तर्गत गाउँपालिकाको चालू आवधिक योजना र वार्षिक योजनाको उपलब्धि समीक्षाका लागि विषयगत समिति/शाखा बीच परामर्श तथा छलफल गरियो। यस परामर्शबाट प्रमुख उपलब्धि, चालू आयोजना, सालबसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना, सम्भाव्यता अध्ययन र लागत अनुमान तयार भएका आयोजना तथा कार्यक्रमको विवरण तयार गरियो। सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयारी र बाँकी उप-क्षेत्रगत रूपमा श्रोत आवश्यकता निर्धारण गरियो।

**श्रोत तथा खर्चको अनुमान र त्रिवर्षीय प्रक्षेपण**

राजस्व बाँडफाँट, अन्तर–सरकारी वित्तीय हस्तान्तरण लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरूको श्रोतको उपलब्धताका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोतको अनुमान तथा प्रक्षेपण गरियो भने आन्तरिक श्रोतलाई विगतको यथार्थ आम्दानी र सम्भावनाका आधारमा अनुमान तथा प्रक्षेपण गरियो। विगत आर्थिक वर्षहरूको खर्च सहित गाउँपालिकाका चालू तथा बहुवर्षीय आयोजना र आवधिक योजना, विषय क्षेत्रगत रणनीति अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरिएको छ। श्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षको बजेट सीमा निर्धारण गरिएको छ।

**क्षेत्रगत योजना तर्जुमा**

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखाको छलफलबाट प्रत्येक उप–क्षेत्रका आगामी तीन वर्षमा सञ्चालन गरिने आयोजना तथा कार्यक्रमको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्ने र आवधिक योजनाको प्राथमिकताक्रमका आधारमा कार्यक्रम तथा आयोजनाहरूको यकिन गरियो।

**मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी**

मध्यमकालीन खर्च संरचना तर्जुमाका लागि आवधिक योजना, विषयगत लक्ष्यहरू तथा विगत वर्षहरू र चालू आर्थिक वर्षको वार्षिक विकास कार्यक्रमको समीक्षा र उपलब्ध स्रोत साधन र संभावनाहरूका आधारमा समष्टीगत मध्यमकालीन वित्तीय खाका तर्जुमा गरिएको थियो । त्यसैगरी विषयगत समितिहरूबाट प्राप्त विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको आधारमा मध्यमकालीन बजेट खाका र मध्यमकालीन नतिजा खाका सहित मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गर्ने कार्य सम्पन्न गरिएको थियो । यी सबै काम गर्दा स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) लाई आधारको रूपमा लिइएको थियो ।

**मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला**

उल्लिखित प्रक्रियाबाट तयार गरिएको मध्यमकालीन खर्च संरचनाको मस्यौदाका मुख्य पक्षहरू उपर गाउँपालिकामा प्रस्तुतीकरण गरिने छ । प्रस्तुतीकरणबाट प्राप्त राय सुझावका आधारमा आवश्यक थप सूचना तथा तथ्याङ्क सङ्कलनका साथै विषयगत क्षेत्र तथा उप-क्षेत्रगत मुख्य कार्यक्रम तथा आयोजनाहरूको सूची र विस्तृत विवरण तयार गरिने छ । त्यसैगरी विषय उप-क्षेत्रगत कार्यक्रम तथा आयोजनाहरूको प्राथमिकिकरण तथा साङ्केतिकरण लगायतलाई पनि आवश्यकता अनुसार परिमार्जन गरिने छ ।

# अध्याय २: मध्यमकालीन खर्च संरचना (२०८२/८३-२०८४/८५)

## २.१ पृष्ठभूमि

नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको सुरुवात गरिएको थियो । स्थानीय तहको सामाजिक आर्थिक लगायत समग्र विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि साधनको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्ष उत्तिकै प्रभावकारी हुनु पर्दछ । यी तीनवटा पक्षहरूमा सुधार गर्ने उपाय तथा औजारको रूपमा मध्यमकालीन खर्च संरचनालाई लीन सकिन्छ । स्थानीय तहको हकमा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ६ (सार्वजनिक खर्च व्यवस्था), दफा १७ अनुसार तयार गर्नु पर्दछ । स्थानीय तहले दफा १६ वमोजिमको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी ३ आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचना तयार गर्नु पर्दछ । यसैलाई आधार मानी यस मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ ।

नेपालको संविधान कार्यान्वयनका क्रममा तीनै तहमा सम्पन्न भएका निर्वाचनहरू पश्चात सङ्घ, प्रदेश र स्थानीय तहका सरकारहरू गठन भई क्रियाशील भएका छन् । संविधानले परिकल्पना गरे बमोजिमको अर्थ व्यवस्था कायम गर्ने सोचलाई मनन् गर्दै सिलीचोङ गाउँपालिकाको आवधिक योजनासँग सामञ्जस्य हुनेगरी आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना (२०८२/८३ - २०८४/८५) तर्जुमा गरिएको छ । यस दस्तावेज तयार गर्दा आवधिक योजना (२०८२/८३ - २०८६/८७) मा उल्लिखित सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता एवम् नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्य, २०३० को मार्गचित्रलाई मुख्य आधार लिइएको छ । साथै, सिलीचोङ गाउँकार्यपालिकाबाट स्वीकृत आर्थिक वर्ष २०८१/८२ को “नीति, कार्यक्रम तथा बजेट” ले निर्दिष्ट गरेको आगामी आर्थिक वर्षको स्रोतको आकलन तथा विकास कार्यक्रमको बाँडफाँटमा आधारित भएर प्रदेश सरकार तथा केन्द्रीय सरकारबाट प्राप्त हुने कार्यक्रमहरू तथा बजेटलाई समेत यस दस्तावेजमा समेटिएको छ ।

## २.२ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

प्रस्तुत मध्यमकालिन खर्च संरचना तर्जुमा गर्दा गाउँपालिकाको नीति तथा कार्यक्रमलाई मुख्य आधारका रूपमा लिइएको छ । नीतिमा उल्लिखित विषय क्षेत्रगत सोच, उद्देश्य, तथा रणनीतिलाई यस खर्च संरचनाको विषय क्षेत्रगत सोच, उद्देश्य तथा रणनीतिका रूपमा उल्लेख गरिएको छ । नीतिमा समावेश नभएका क्षेत्रका सोच, उद्देश्य तथा रणनीतिलाई सोन्हौ योजनासँग सामजस्यता हुने गरी तयार गरिएको छ । मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोच, उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेका छन् ।

**<u>सिलीचोङ गाउँपालिकाको दीर्घकालीन सोच</u>**

### “कृषि, पर्यटन र पूर्वाधार: समृद्ध सिलीचोङको आधार”

**लक्ष्य**

यस आवधिक योजनाका निम्न लक्ष्य रहेका छन्:

- गाउँपालिकालाई कृषिको उपयुक्त क्षेत्रको रूपमा विकास गर्ने ।
- गाउँपालिकाको पर्यटकीय क्षेत्रहरूको विकास गर्ने ।
- गाउँपालिकामा भौतिक लगायत सामाजिक र आर्थिक पूर्वाधारको विकास गर्ने ।
- गाउँपालिकाको विद्यमान जलस्रोत लगायत अन्य स्रोत साधनको अधिकतम प्रयोग गरी आर्थिक वृद्धि गर्ने ।

**उद्देश्य**

गाउँपालिकाको सबै क्षेत्र र पक्षको यथार्थ वस्तुस्थिति विश्लेषण गरी दिर्घकालीन रूपमा गाउँपालिकालाई कस्तो रूपमा विकास गर्ने र आगामी पाँच वर्षमा गाउँपालिकाको विकास योजना तयारी गर्ने मूल उद्देश्य रहेको छ । अन्य विशिष्ट उद्देश्यहरू निम्न प्रकार रहेका छन्:

- व्यावसायिक कृषि तथा पशुपालन र स्थानीय उद्योग व्यवसाय माध्यमद्वारा रोजगारी र आयमा वृद्धि गर्नु।
- गाउँपालिकालाई तरकारी, खाद्य, माछा, मासु, दूधमा आत्मनिर्भर बनाउनु ।
- लगानी मैत्री वातावरणको सृजनाद्वारा कृषि, उद्योग तथा व्यापार/व्यवसायको प्रवर्द्धन गर्ने ।
- पर्यटन व्यवसायलाई स्थानीयको आर्थिक विकाससँग जोडेर होम स्टे र पर्यटकीय गन्तव्य स्थानहरूमा पर्यटकीय पूर्वाधारको विकास गरी पर्यटनको प्रवर्द्धन गर्नु ।
- जलस्रोतको अधिकतम उपयोग गरी चलविद्युत् उत्पादन गर्ने ।
- गाउँपालिकामा शिक्षा, स्वास्थ्य, रोजगार शान्ति-सुरक्षा जस्ता आधारभूत अधिकारको विकासको लागी उपयुक्त वातावरण निर्माण गर्दै उत्पीडित, असहाय, गरिब, बालबालिका, अशक्त, वृद्धवृद्धाहरूको हक अधिकार र सहभागिता सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गर्ने ।
- वातावरण मैत्री आधारभूत पूर्वाधारले सम्पन्न बनाउनु ।
- प्राकृतिक स्रोत र साधनहरूको दिगो उपयोग गर्नु ।
- संस्थागत सुशासन कायम भई प्रभावकारी सेवा प्रवाह गर्नु ।
- गाउँपालिका र वडा कार्यालयबाट सम्पादन र प्रवाह हुने सेवा सुविधाहरूलाई प्रविधियुक्त बनाई सुशासनलाई अझ सशक्त र प्रभावकारी बनाउनु
- दीर्घकालीन सोचले निर्दिष्ट गरेका योजना तथा कार्यक्रमहरूलाई प्राथमिकीकरण गरी गाउँपालिकालाई सोही अनुसार डोऱ्याउने ।
- सङ्घीय तथा प्रादेशिक योजनालाई सहयोग पुऱ्याउने ।

## २.३ निर्देशक सिद्धान्त

गाउँपालिकाको दीर्घकालीन सोचको आधारमा गाउँपालिकाको विकासको प्रतिबद्धता, विशेषता र चाहना स्पष्ट दर्शाउने गरी र दीर्घकालीन सोच प्राप्ति तर्फ विकास प्रयासलाई डोऱ्याउने गरी विकासका सिद्वान्तहरू तय गरिएको छ । यस आवधिक योजनाले परिलक्षित गरेका लक्ष, उद्देश्यहरू प्राप्ती गर्नको लागि सिलीचोङ गाउँपालिका विकासको निर्देशक सिद्धान्त निम्नानुसार रहनेछन् ।

क) जनसहभागितामा आधारित विकास अभियान

- समानुपातिक बजेटको बाँडफाँट
- समानुपातिक बजेट बाँडफाँट
- उपभोक्ता समूहहरूको सुदृढीकरण र विकास
- स्थानीय समुदायमा आधारित सङ्गठनहरूको विकास तथा परिचालन
- स्थानीय गैरसरकारी संस्थाहरूको परिचालन र सुदृढीकरण
- निजी-सार्वजनिक साझेदारीमा आधारित विकास अभियान
- सरकारी तथा निजी साझेदारीमा विशेष जोड

ख) जनसवलीकरण, समावेशी विकास र लक्षित समूहलाई विशेष जोड

- सेवा र सुविधामा सबै वर्ग समुदायको समान पहुँच
- दलित, उपेक्षित तथा जनजाती उत्थान र विकास
- महिला शसक्तिकरण, सहभागिता र परिचालन
- मानवीय विकास

ग) प्राकृतिक श्रोत-साधनको दिगो उपयोग

- यो पालिका भएर बग्ने नदी तथा खोलालाई अधिकतम उपयोग गर्ने
- वन तथा वन पैदावार जस्ता वस्तुलाई उत्पादन सँग प्रत्यक्ष जोड्ने
- बैज्ञानिक वन व्यवस्थापनमा गर्ने

घ) वातावरण मैत्री विकास

ङ) आर्थिक गतिविधिमा अभिवृद्धि

- कृषि, पर्यटन र ऊर्जालाई आर्थिक रुपान्तरणमा जोड्ने
- स्थानीय श्रोत, साधन र सीपको समुचित उपयोग
- रोजगारीको अवसरमा अभिवृद्धि तथा लक्षित वर्गलाई रोजगारीमा पहुँच
- गरिबी न्यूनीकरण

## २.४ विकास रणनीतिहरू

- व्यावसायिक कृषि तथा पशुपालनको माध्यमबाट आर्थिक रूपमा समृद्ध गाउँपालिका बनाउने ।
- व्यावसायिक कृषि तथा पशुपालनको माध्यामबाट आर्थिक रूपमा समृद्ध गाउँपालिका विकास गर्ने ।
- प्राकृतिक श्रोतमा आधारित आर्थिक उत्पादनका अवसरहरूको अत्यधिक उपयोग गर्ने ।
- पर्यटकिय क्षेत्रहरूको प्रवर्द्धनका साथै उद्यम, व्यापार तथा व्यवसायको विकास गर्ने ।
- गरिबी न्यूनीकरण कार्यक्रममा लगानी वृद्धि गरी नियमित अनुगमन र मूल्याङ्कन गर्ने ।
- सामाजिक विकासका सूचकहरूमा सुधार गर्दै सामाजिक सुरक्षा तथा समावेशी समाजको सुनिश्चित गर्ने ।
- बस्तीलाई एकीकृत गरी भौतिक पूर्वाधार, यायाताय, सञ्चार तथा व्यवस्थित आवास विकास गर्ने ।
- वन, वातावरण संरक्षण तथा जैविक विविधता कायम गर्दै विपद जोखिम न्यूनीकरणबाट विकास र वातावरण बीच सन्तुलन कायम गर्ने ।
- मानवपूँजी निर्माण र सशक्तिकरण गर्न गाउँपालिकाका शिक्षित युवाहरूलाई सामाजिक परिचालनमा संलग्न गराउने ।
- गरिब र सिमान्तकृत वर्गका बालबालिकालाई निःशुल्क पठनपाठन गराउन सामुदायिक विद्यालयहरूसँग सहकार्य गर्ने ।
- लक्षित समूहलाई लक्षित गरेका कार्यक्रमहरूमा गाउँपालिकाले अनुदान बढाउदै जाने ।

- गाउँपालिकाको भौतिक विकासमा उपभोक्ता समितिको लागत, सहभागिता र संलग्नता बढाउँदै जाने ।
- विशेष लगानीका क्षेत्रहरूको पहिचान गर्दै गाउँपालिकाको दीर्घकालीन योजनामा समावेश गर्ने ।
- निजी क्षेत्रको लगानीलाई आकर्षित गरी सार्वजनिक निजी साझेदारी (3p) को सिद्धान्त अनुरूप विकास कार्य सञ्चालन गर्ने ।
- वातावरण संरक्षण सम्बन्धी प्रष्ट नीति ल्याउने ।
- सेवा प्रवाह सदृढ गरी सुशासन अभिवृद्धि गर्ने ।

## २.५ प्राथमिकताका क्षेत्रहरू

गाउँपालिका विकासको लागि देहाय बमोजिमका प्राथमिकताका क्षेत्रहरू निर्धारण गरिएको छ;

गाउँपालिकाको आवधिक विकास योजना तर्जुमाका क्रममा पहिचान भएका समस्या तथा सम्भावना र उपलब्ध अवसरहरू कै आधारमा सहभागितामूलक छलफलबाट तल उल्लेख गरीए अनुसारका विषय क्षेत्रहरूको प्राथमिकताक्रम निर्धारण गरिएको छ । यी प्राथमिकताका आधारमा गाउँपालिकाले आयोजना छनौट, लगानी वृद्धि तथा उचित कार्यान्वयन गर्दा सन्तुलित, समावेशी तथा दिगो विकास हुने देखिन्छ ।

क) सडक तथा यातायात
ख) खानेपानी
ग) कृषि तथा पशुपालन
घ) पर्यटन
ङ) सिँचाइ
च) ऊर्जा
छ) स्वास्थ्य तथा शिक्षा (प्राविधिक)
ज) वन तथा वन पैदावार, जडीबुटी सङ्कलन, उत्पादन तथा प्रशोधन
झ) उत्पादित बस्तुको बजार व्यवस्थापन
ञ) धार्मिक, सांस्कृतिक विकास
ट) खेलकुद
ठ) संस्थागत विकास (गाउँपालिकाको कार्यालय तथा वडा कार्यालय)

## २.३ मध्यकालीन आर्थिक खाका

तालिका १: समष्टिगत मध्यमकालीन बजेट खाका (रु. हजारमा)

| क्र. स. | शीर्षक | आ. व. २०८०/८१ को यथार्थ | आ. व. २०८१/८२ को विनियोजित | आ. व. २०८२/८३ को अनुमानित | आ. व. २०८३/८४ को प्रक्षेपण | आ. व. २०८४/८५ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| १ | बजेट | ४२९७३३ | १ | १ | १ | १ |
| | चालू खर्च | २९११५२ | २१४७९० | २२५५३० | २३६८०६ | २४८६४६ |
| | पुँजीगत खर्च | १३८५८१ | १ | १ | १ | १ |
| २ | आयअनुमान | ३७५६५२ | ३९१६६९ | ४४३८१० | ४६५७४० | ४८८८७४ |
| २.१ | आन्तरिक आय | ० | २००० | २२०० | २४२० | २६६२ |
| २.२ | राजस्व | ८४२५१ | ९०८०१ | ९५३४१ | १००१०८ | १०५११४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बाँडफाँटबाट प्राप्त रकम | | | | | |
| | सङ्घीय सरकार | ८०१९१ | ८५१०० | ८९३५५ | ९३८२३ | ९८५१४ |
| | प्रदेश सरकार | ४०६० | ५७०१ | ५९८६ | ६२८५ | ६६०० |
| २.३ | रोयल्टी बाँडफाँट | ० | ० | ० | ० | ० |
| | क. वन रोयल्टी | ० | ० | ० | ० | ० |
| | ख. राष्ट्रिय निकुञ्ज वापत | ० | ० | ० | ० | ० |
| २.४ | नेपाल सरकार वित्तीय हस्तान्तरण | २७४२२१ | २७३००८ | २८६६५८ | ३००९९१ | ३१६०४१ |
| | क. वित्तीय समानीकरण अनुदान | ९५१०० | ९४५०० | ९९२२५ | १०४१८६ | १०९३९६ |
| | ख. सशर्त अनुदान | १७०६२१ | १६८५०८ | १७६९३३ | १८५७८० | १९५०६९ |
| | ग. समपूरक अनुदान | ८५०० | १०००० | १०५०० | ११०२५ | ११५७६ |
| | घ. विशेष अनुदान | ० | ० | ० | ० | ० |
| २.५ | प्रदेश सरकार वित्तीय हस्तान्तरण | १७१८० | २७८६० | २९२५३ | ३०७१६ | ३२२५१ |
| | क. वित्तीय समानीकरण अनुदान | ५७९४ | ५७७७ | ६०६६ | ६३६९ | ६६८८ |
| | ख. सशर्त अनुदान | १३८६ | १२०८३ | १२६८७ | १३३२२ | १३९८८ |
| | ग. समपूरक अनुदान | १०००० | १०००० | १०५०० | ११०२५ | ११५७६ |
| | घ. विशेष अनुदान | ० | ० | ० | ० | ० |
| २.६ | आन्तरिक ऋण | ० | ० | १२१०० | १३३१० | १४६४१ |
| २.७ | अन्य अनुदान | ० | ० | १०००० | १०००० | १०००० |
| २.८ | जनसहभागिता | ० | ० | १०४५८ | १०६१५ | १०८२७ |

*स्रोतः सिलीचोङ गाउँपालिकाको आवधिक योजना, २०८२*

## २.४ मध्यकालीन नतिजा खाका

समृद्ध सिलीचोङ गाउँपालिका निर्माण गर्ने आधारको अभियानलाई सफल बनाउन आगामी तीन वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । सो अनुसार समष्टिगत लक्ष्यहरूको विद्यमान स्थिति तथा आगामी ३ वर्षको अपेक्षित उपलब्धि तालिका २ मा प्रस्तुत गरिएको छ । आर्थिक वृद्धिदर आकलन गर्दा स्थिर सरकार, सङ्घीय संरचना अनुसार तीन तहका सरकारबाट प्रभावकारी रूपमा हुने कार्यक्रम तथा बजेटको कार्यान्वयन, ऊर्जा उपलब्धतामा हुने उल्लेख्य वृद्धि जस्ता सकारात्मक परिवर्तन हुने अनुमान गरिएको छ । यसबाट नेपाल सरकारको नीति कार्यक्रमले तय गरेको आगामी ५ वर्षभित्र दोहोरो अङ्कको आर्थिक वृद्धि गर्ने लक्ष्य प्राप्तिमा समेत सहयोग हुनेछ ।

तालिका २: मध्यमकालीन समष्टीगत नतिजा सूचक र परिमाणात्मक लक्ष्यहरू

| क्र. स. | सूचक/लक्ष्य | एकाइ | आधार | परिमाणात्मक लक्ष्य |
|---|---|---|---|---|

| | | | २०८१/८२ | आ. व. (२०८२/८३) | आ. व. (२०८३/८४) | आ. व. (२०८४/८५) |
|---|---|---|---|---|---|---|
| १ | आर्थिक वृद्धिदर (औसत कोशी प्रदेश)[१] | प्रतिश | २.३८ | ३ | ३.५ | ४ |
| २ | कूल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान[१] | प्रतिशत | ३६.७५ | ३७.५ | ३८ | ३९ |
| ३ | प्रति व्यक्ति राष्ट्रिय आय (कोशी प्रदेश)[१] | अ. डलर | १२९९ | १३५० | १४०० | १४५० |
| ४ | गरिबीको रेखामुनी रहेको जनसंख्या[१] | प्रतिशत | ३३ | ३१ | २८ | २५ |
| ५ | बजेटमा आन्तरिक आयको हिस्सा | % | - | ३ | ५ | ७ |
| ६ | कृषि भूमिको उत्पादकत्व | मे.टन.प्रति हे | - | ३.१ | ३.२ | ३.३ |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रममा आवद्ध जनसङ्ख्याले पाएको सुविधा | % | - | ९५ | १०० | १०० |
| ८ | दैनिक १.२५ अमेरिकी डलर आम्दानी गर्ने परिवार सङ्ख्या (घटाउने) | % | ५०.२१ | ४० | ३० | २० |
| ९ | मानव विकास सूचाङ्क (नेपालको) | सूचाङ्क | ०.६ | ०.६१ | ०.६२ | ०.६३ |
| १० | आलु उत्पादन | मे.ट. | ३० | ५० | १०० | २५० |
| ११ | मूला | मे.ट. | २ | ५ | १० | १५ |
| १२ | काउली | मे.ट. | १.५ | ३ | ६ | १० |
| १३ | बन्दा | मे.ट. | ०.५ | ३ | ६ | १० |
| १४ | मकै उत्पादन | मे.ट. | २०० | २२० | २५० | २७५ |
| १५ | गहुँ उत्पादन | मे. ट. | २ | ५ | १० | १३ |
| १६ | कोदो | मे.ट. | ३० | ४५ | ६० | ७५ |
| १७ | धान | मे.ट. | १५० | १५५ | १६० | १६५ |
| १८ | फापर | मे. ट. | १.५ | ५ | ८ | १२ |
| १९ | प्याज | मे. ट. | - | ५ | ८ | ११ |
| २० | मौरी घार | सङ्ख्या | - | १०० | २०० | ३०० |
| २१ | पकेट क्षेत्र विकास | सङ्ख्या | - | ५ | ७ | १० |
| २२ | सक्रिय व्यावसायिक कृषक समूह | सङ्ख्या | २५ | ३० | ३५ | ४० |
| २३ | कृषि सहकारी संस्था | सङ्ख्या | २७ | ३२ | ३७ | - |
| २४ | कृषक तालिम | सङ्ख्या | - | १५० | २०० | २५० |
| २५ | कृषि उपज सङ्कलन केन्द्र | सङ्ख्या | - | - | ५ | ५ |
| २६ | सुँगुर/बङ्गुर पालन | | २९१५ | ३००० | ३५०० | ४००० |
| २७ | चौंरी/याक/नाक/जोक्पो पालन | सङ्ख्या | ४१४ अनुमानित | ५०० | ५५० | ६०० |
| २८ | गाई/गोरू पालन | सङ्ख्या | ६४६४ | ६५०० | उन्नत जातका गाईलाई प्राथमिकता दिने | |
| २९ | बाख्रा पालन | सङ्ख्या | ९०४४ | १०००० | ११००० | १२००० |
| ३० | भेडा पालन | सङ्ख्या | १२४४ | २००० | ४००० | ६००० |
| ३१ | भैंसी पालन | सङ्ख्या | ५९७ | ७०० | ८०० | १००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३२ | व्यवसायकी पशु फार्म | सङ्ख्या | - | १० | १५ | २० |
| ३३ | पर्यटक आगमन (विदेशी) | सङ्ख्या | १२५२ | १५०० | २००० | २५०० |
| ३४ | पर्यटक आगमन (स्वदेशी) | सङ्ख्या | २००० | २५०० | ३००० | ६००० |
| ३५ | रोजगारी सृजना ( ९ पर्यटक बराबर १ रोजगारी) | सङ्ख्या | - | ४४४ | ५५५ | ९४४ |
| ३६ | स्थानीय स्तरका पर्यटकीय होटल | सङ्ख्या | - | २० | ५ | ५ |
| ३७ | होमस्टे वडामा (प्रत्येक पर्यटकीय पद मार्गमा न्यूनतम ३ वटा हुनेछ) | सङ्ख्या | - | ५ | ५ | ३ |
| ३८ | प्रमुख पर्यटन गन्तव्य स्थलमा पूर्वाधार विकास | सङ्ख्या | - | २ | ४ | ६ |
| ३९ | पर्यटन सूचना केन्द्र | सङ्ख्या | - | १ | १ | - |
| ४० | कोसेली घर (प्रत्येक होम स्टेमा १/१ वटा र सूचना केन्द्रमा १/१ वटा) | सङ्ख्या | - | ३ | ६ | ५ |
| ४१ | पर्यटन सम्बन्धित जनशक्ति विकास तालिम | जना | - | ५० | १०० | १५० |
| ४२ | गुम्बा, मन्दिर मर्मत संभार र जीर्णोद्धार | सङ्ख्या | - | २ | ५ | ८ |
| ४३ | पर्यटन पूर्वाधार विकास (पार्क र पिकनिक स्पट) | सङ्ख्या | - | १ | २ | २ |
| ४४ | ट्रेकिङ ट्रेलको पूर्वाधार विकास (सिलीचोङ चुचुरो जाने लगायतका अन्य ४ पर्यटकीय पदमार्ग) | सङ्ख्या | - | १ | १ | १ |
| ४५ | बैंक खाता भएका घरपरिवार | % | - | ७० | ८० | ९० |
| ४६ | सहकारीको उत्पादन क्षेत्रमा लगानी | % | - | १० | १५ | २० |
| ४७ | सहकारी तालिम | जना | | २०० | २५० | २७० |
| ४८ | रोजगारी | % | - | ५ | १० | १४ |
| ४९ | साक्षरता (५ वर्ष माथि) | % | ८७.१० (पुरुष) | ८८ | ९० | ९२ |
| ५० | | % | ७४.६०(महिला) | ७६ | ७८ | ८० |
| ५१ | | % | ८०.९०(कुल) | ८२ | ८४ | ८६ |
| ५२ | आधारभूत तहको खुद भर्ना दर | % | ९८.०६ | ८० | ८५ | ९० |
| ५३ | विद्यार्थीको कक्षा उन्नोती दर | % | ८९.५९ | ९० | ९२ | ९४ |
| ५४ | विद्यालय छोड्नेदर | % | ३.७ | ३ | २.५ | २ |
| ५५ | शिक्षक तालिम | सङ्ख्या | १० | १५ | १८ | २२ |
| ५६ | प्राविधिक शिक्षालय | सङ्ख्या | १ | - | १ | - |
| ५७ | कक्षा ८ उत्रीर्णा दर | % | ८८.५२ | ९० | ९२ | ९४ |
| ५८ | पूर्ण खोल युक्त गाउँपालिका | % | १०० | १०० | १०० | १०० |
| ५९ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७२ | ७३ | ७४ | ७५ |
| ६० | नवजात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | - | शून्यमा झार्ने | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६१ | शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | - | शून्यमा झार्ने | | |
| ६२ | पेङ्टा ३ (भ्यागुते लहरेखोकी फ्लु) | % | १०० | कायम राख्ने | कायम राख्ने | कायम राख्ने |
| ६३ | जापानीज इन्सेफ्लाइटिस | % | १०० | कायम राख्ने | कायम राख्ने | कायम राख्ने |
| ६४ | दादुरा/रुवेला | % | १०० | कायम राख्ने | कायम राख्ने | कायम राख्ने |
| ६५ | पोलियो | % | १०० | कायम राख्ने | कायम राख्ने | कायम राख्ने |
| ६६ | बिसिजी | % | १०० | कायम राख्ने | कायम राख्ने | कायम राख्ने |
| ६७ | % of 0-23 months new registration for growth monitoring | ०.३७ | ०.४५ | ०.५५ | ०.६५ | ०.७५ |
| ६८ | % of women who received 180 IFA during pregnancy | % | ७५.३ | ८० | ८२ | ८४ |
| ६९ | % of women who received 45 IFA during postpartum | % | ७३.५ | ७५ | ७८ | ८० |
| ७० | % of women who received vitamin A during postpartum | % | ७९.६ | ८१ | ८३ | ८३ |
| ७१ | १५ शैय्याको अस्पताल | सङ्ख्या | १ | - | - | - |
| ७२ | प्रसूति सेवा र वर्थिङ सेन्टर | सङ्ख्या | ५ | - | १ | १ |
| ७३ | बहिरङ्ग सेवा प्रयोग गर्ने जनसङ्ख्या | प्रतिशत | १९९.९ | सम्वर्द्धन गर्ने | सम्वर्द्धन गर्ने | सम्वर्द्धन गर्ने |
| ७४ | खानेपानी तथा सरसफाइ सुविधा पुगेको घर परिवार | % | ९८.५१ | १०० | शुद्ध पानी उपलब्ध | शुद्ध पानी उपलब्ध |
| ७५ | घर परिसर भित्र पाइप मार्फत खानेपानी पुगेको घर परिवार | % | २३.२५(घर परिसर भित्र) | ३० | ४० | ६० |
| ७६ | | % | ७५.२६ (घर परिसर बाहिर) | ६८ | ५८ | ३८ |
| ७७ | शौचालय नभएको घर परिवार | सङ्ख्या | २६ | ० | व्यवस्थित गर्ने | व्यवस्थित गर्ने |
| ७८ | मुख्य बजार क्षेत्रमा सार्वजनिक शौचालय | सङ्ख्या | - | - | ५ | ५ |
| ७९ | गाउँपालिकामा व्यवस्थित खोल मैदान | सङ्ख्या | - | २ | १ | ३ |
| ८० | युवालाई उद्यमशीलता तालिम सञ्चालन गर्ने | सङ्ख्या | - | २५ | २५ | २५ |
| ८१ | प्रत्येक वडामा खेल मैदान बनाउने | सङ्ख्या | - | १ | १ | २ |
| ८२ | प्रत्येक वडामा कवर्ड हल निर्माण | सङ्ख्या | - | १ | २ | १ |
| ८३ | पक्की सडक | कि. मी. | ० | २.५ | ५ | १० |
| ८४ | ग्राभेल सडक | कि. मी. | - | ५ | १० | २० |
| ८५ | कच्ची सडक | कि. मी. | १३२ | १२५ | १०५ | ७५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८६ | ट्र्याक खोल्ने | कि. मी. | - | ५ | १० | १५ |
| ८७ | पक्की पुल | सङ्ख्या | १ निर्माण सम्पन्न अबस्थामा | १ | २ | ३ |
| ८८ | बेलिबृज | सङ्ख्या | २ निर्माणाधिन | २ | १ | |
| ८९ | झो. पु. | सङ्ख्या | ३७ | ३८ | ३९ | ४१ |
| ९० | वत्तीको लागी विद्युत् प्रयोग गर्ने घर धुरी | % | ८५.६२ | ९० | सतप्रतिशत | गुणस्तरमा वृद्धि |
| ९१ | भूकम्प प्रतिरोधी मापदण्ड अनुसार निर्मित घर | सङ्ख्या | ५१ | ६५ | ८० | १०० |
| ९२ | रेडियो सुविधा | % | ५०.५६ | ८० | सबै घर धुरीमा | सबै घर धुरीमा |
| ९३ | टेलिभिजन | % | १२.२५ | २५ | ५० | ७० |
| ९४ | ल्याण्डलाइन टेलिफोन (सवै पालिका कार्यालय र सरकारी कार्यालयमा जडान गर्ने) | % | ६४ | १०० | १५० | २०० |
| ९५ | मोबाइल फोन (साधारण) | % | ७८.९२ | ८० | ८५ | ९० |
| ९६ | इन्टरनेट सुविधा | % | २२.८१ | २५ | ३० | ३५ |
| ९७ | भूकम्प प्रतिरोधी भवन निर्माण तालिम जनशक्ति | जना | - | २० | ४० | ६० |
| ९८ | बस पार्क | सङ्ख्या | १ | - | - | १ |
| ९९ | बस्ती विकास कार्यक्रम (एक वडा एक वस्ति विकास) | सङ्ख्या | - | - | १ | २ |
| १०० | पहिरो र भू-क्षय संरक्षण | सङ्ख्या | - | १ | २ | ५ |
| १०१ | सामुदायिक/मध्यवर्ती वन तथा वनस्पति क्षेत्र व्यवस्थापन | सङ्ख्या | - | १० | २० | ११ |
| १०२ | ए. पि. ग्याँस प्रयोग गर्ने घर घुरी | % | २.४५ | ३ | ५ | ७ |
| १०३ | गाउँपालिका र वडा कार्यालयमा डिजिटल नागरिक वडापत्रको कार्यान्वियन | % | ५० | ६० | ७० | ८० |
| १०४ | गाउँपालिकाको आफ्नै प्रशासनिक भवन | अवस्था | निर्माणाधिन | - | तयार भएको हुनेछ। | |
| १०५ | आफ्नै वडा कार्यालय भवन | अवस्था | ४ | ५ | - | - |
| १०६ | जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता अभिवृद्धि कार्यक्रम | पटक | २ | २ | ४ | ४ |
| १०७ | ठूला आयोजनाहरूको सार्वजनिक सुनाई र सामाजिक लेखापरीक्षण वार्षिक | पटक | २ | ३ | ४ | ४ |
| १०८ | गाउँपालिका र स्थानीय प्रहरी प्रशासनको क्षमता अभिवृद्धि कार्यक्रम | पटक | २ | २ | ४ | ४ |
| १०९ | आन्तरिक आय वृद्धि | % | ०.५१ | २ | ३ | ४ |
| ११० | न्याय समितिका पदाधिकारीहरूको क्षमता अभिवृद्धि कार्यक्रम | पटक | २ | २ | ३ | ३ |
| १११ | विद्युतिय भुक्तानी प्रणालीबाट राजस्व सङ्कलन | % | - | ५ | १० | २० |
| ११२ | प्रगति समीक्षा | पटक | २ | २ | २ | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११३ | कानुन, नीति, कार्यविधि तर्जुमा | % | - | ५० | ६० | ७० |
| ११४ | बेरुजू नियन्त्रण | अवस्था | - | शून्यमा झरेको हुनेछ | | |

*नोटः कोशी प्रदेशको दोस्रो आवधिक योजना (आ.व. २०८१/८२-२०८५/८६), राष्ट्रिय कृषि गणना-२०७८, राष्ट्रिय जनगणना-२०७८; शिक्षा तथा मानव विकास श्रोत केन्द्र-२०८१, र सिलिचोङ गाउँपालिकाको आवधिक योजना-२०८२ र नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण-२०२२*

## २.५ मध्यकालीन खर्च संरचनाको बजेट खाका

गाउँपालिकाको खर्च अनुमान तथा स्रोत आकलन गर्दा देहायका आधार अपनाइएको छ।

क) विगत ३ आर्थिक वर्षको बजेट विनियोजनका आधारमा खर्च संरचनाको पहिलो वर्षको राजस्व तथा खर्च आकलन गरिएको छ । दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा गाउँपालिकाले नीति तथा कार्यक्रममा उल्लेख गरेको आवधिक लक्ष्य, घोषित कार्यक्रम र सो अनुसार सञ्चालन हुने कार्यक्रम तथा हासिल गर्न नतिजालाई प्रमुख आधार मानिएको छ । उपलब्ध हुने स्रोत, मुद्रा स्फ्रिति तथा आवश्यकता समेतका आधारमा अन्य कार्यक्रम तथा साधारण प्रशासनका खर्च अनुमान गरिएको छ ।

ख) सङ्घीय सरकारबाट राजस्व बाँडफाँट स्वरूप प्राप्त हुने रकम र प्रदेश वित्त व्यवस्थापन ऐन २०७५ अनुसार एकल कर प्रशासनका माध्यमबाट हुने आन्तरिक राजस्व समेतका आधारमा गाउँपालिकालाई प्राप्त हुने राजस्वको प्रक्षेपण गरिएको छ।

ग) सङ्घीय सरकार र प्रदेश सरकारबाट गाउँपालिकालाई हस्तान्तरण भएको वित्तिय समानीकरण तथा सशर्त अनुदान रकम समेत आगामी आर्थिक वर्षका लागि सङ्घ तथा प्रदेशबाट प्राप्त रकम तथा पहिलो दुई वर्षका लागि सङ्घीय तथा प्रदेश सरकारको मध्यमकालीन खर्च संरचनामा उल्लिखित रकम तथा सोको प्रक्षेपणको आधारमा आकलन तथा अनुमान गरिएको छ।

घ) गाउँपालिकाले लिन सक्ने आन्तरिक ऋण गाउँपालिकाले परिचालन गर्न कुल राजस्वको १०% को सीमामा रही आकलन गरिएको छ।

तालिका ३: स्रोतको त्रिवर्षीय (मध्यकालीन) अनुमानको ढाँचा (रू ०००)

| विवरण/आर्थिक वर्ष | | २०८१/८२(आधार वर्ष) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
|---|---|---|---|---|---|
| बजेट अनुमान (रु हजारमा) | चालू | ० | ० | ० | ० |
| | पुँजीगत | ० | ० | ० | ० |
| | **जम्मा बजेट अनुमान** | ० | ० | ० | ० |
| बजेटको स्रोत (रु हजारमा) | आन्तरिक स्रोत | २००० | २२०० | २४२० | २६६२ |
| | राजस्व बाँडफाँट | ९०८०१ | ९९८८१ | १०९८६९ | १२०८५६ |
| | सङ्घीय सरकार | २७३००८ | ३००३०९ | ३३०३४० | ३६३३७४ |
| | प्रदेश सरकार | २७८६० | ३०६४६ | ३३७११ | ३७०८२ |
| | बैक मौज्दात | ३५१२४.९ | ० | ० | ० |
| | **कुल बजेटको स्रोत** | **४२८७९३.९** | **४३३०३५.९** | **४७६३३९.५** | **५२३९७३.४** |

*स्रोतः आवधिक योजना, २०८२ र सिलीचोङ गाउँपालिका, २०८२*

## २.६ विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

तालिका ४: विषयगत आधारमा त्रिवर्षीय बजेटको प्रक्षेपण

| **विषयगत क्षेत्र** | **मध्यमकालीन बजेट प्रक्षेपण (रु. हजारमा)** | | |
|---|---|---|---|
| | **आ. व. २०८२/८३** | **आ. व. २०८३/८४** | **आ. व. २०८४/८५** |
| १. आर्थिक विकास | **१०४०३४** | **१४६८८०** | **१४६८६२** |
| २. सामाजिक विकास | **९६९२०** | **१३१३२०** | **१२१९७०** |
| ३. पूर्वाधार विकास | **४२७०००** | **४६७६००** | **४२५४५०** |
| ४. वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र | **१८१०५** | **२५४००** | **१४९२५** |
| ५. सुशासन तथा संस्थागत विकास | **२२९७०** | **११५७०** | **११३४५** |
| **कुल जम्मा (१+२+३+४+५)** | **६६९०२९** | **७८२७७०** | **७२०५५२** |

तालिका ५: विषय उप-क्षेत्रगत आधारमा त्रिवर्षीय बजेटको प्रक्षेपण

| **मुख्य क्षेत्र** | **उपक्षेत्र** | मध्यमकालीन बजेट प्रक्षेपण (रु. हजारमा) | | |
|---|---|---|---|---|
| | | **आ. व. २०८२/८३** | **आ. व. २०८३/८४** | **आ. व. २०८४/८५** |
| **१. आर्थिक विकास** | क) कृषि | ३४२३१ | १७६९२ | ३५४४२ |
| | ख) पशु | ६६८० | ११२८० | ७२३० |
| | ग) सिँचाइ | ३३००० | ३२००० | ३२००० |
| | घ) पर्यटन तथा संस्कृति | ५२०० | १२७५० | ३९००० |
| | ङ) उद्योग , व्यापार तथा व्यवसाय | २२००० | ७०००० | ३०००० |
| | च) बैक तथा वित्तीय संस्था | ७८० | ७८० | ७८० |
| | छ) श्रम, रोजगारी तथा गरिबी निवारण | २१४३ | २३७८ | २४१० |
| | **जम्मा** | **१०४०३४** | **१४६८८०** | **१४६८६२** |
| **२. सामाजिक विकास** | क) स्वास्थ्य | ३५००० | ३९३०० | ३१८५० |
| | ख) शिक्षा | ३६०६० | ३७९६० | ३८५६० |
| | ग) खानेपानी तथा सरसफाइ | १५५०० | १३४०० | १३४०० |
| | घ) महिला, बालबालिका तथा सामाजिक समावेशीकरण | ७०६० | ७३६० | ४८६० |
| | ङ) युवा तथा खेलकुद | ३३०० | ३३३०० | ३३३०० |
| | **जम्मा** | **९६९२०** | **१३१३२०** | **१२१९७०** |
| **३. पूर्वाधार विकास** | क) वस्ति, आवास, भवन तथा सार्वजनिक निर्माण | ११११५० | ११११५० | ११११५० |
| | ख) सडक, पुल तथा यातायात | ४०७००० | ४४७५०० | ४०८००० |
| | ग) जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | ४८०० | ५८०० | ४८०० |
| | घ) सूचना, सञ्चार तथा प्रविधि | ४०५० | ३१५० | १५०० |

| | | | | |
|---|---|---|---|---|
| | **जम्मा** | **४२७०००** | **४६७६००** | **४२५४५०** |
| **४. वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र** | क) वन तथा जैविक विविधता | ११६०५ | ११५२५ | ११५४५ |
| | ख) भू-संरक्षण तथा जलाधार व्यवस्थापन | १८५० | २६७५ | ४३० |
| | ग) वातावरण तथा फोहोर मैला व्यवस्थापन | ४०० | ५४०० | ४०० |
| | घ) विपद्, जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता | ४२५० | ५८०० | २५५० |
| | **जम्मा** | **१८१०५** | **२५४००** | **१४९२५** |
| **५. सुशासन तथा संस्थागत विकास** | क) संस्थागत विकास तथा सुशासन | २२९७० | ११५७० | ११३४५ |
| | **जम्मा** | **२२९७०** | **११५७०** | **११३४५** |
| **कुल जम्मा (१+२+३+४+५)** | | **६६९०२९** | **७८२७७०** | **७२०५५२** |

# अध्याय ३: आर्थिक क्षेत्र

## ३.१ कृषि

### ३.१.१ पृष्ठभूमि

गाउँपालिकामा ९८.६०% घर धुरीको आफ्नै जग्गा रहेको छ भने १.४०% को आफ्नो जग्गा छैन । गाउँपालिकामा जम्मा कृषक परिवार सङ्ख्या २३४२ रहेको छ । गाउँपालिकामा कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल १६३७.३ हे. रहेको छ जसमा सिंचित जग्गाको क्षेत्रफल २२६.२ हे. रहेको छ । अस्थायी वालि लगाए को जग्गा ९२९ हे., स्थायी बाली लागेको जग्गा २३३ हे., अन्य खेती योग्य जग्गा १३७ हे. रहेको छ (कृषि जनगणना, २०७८)।

गाउँपालिकाका परिवारको आम्दानीको अर्को महत्वपूर्ण स्रोत भनेको पशु तथा पन्छी पालन हो । गाउँपालिकाको प्रायजसो घर धुरीले पशु तथा पन्छी पालन गरेका छन् । यो गाउँपालिकाको सबै वडामा कोदो, मकै, गहुँ, धान, फापर जस्ता अन्नवाली उत्पादन हुन्छ । गाउँपालिकाको वडा ३ र ४, तरकारी तथा दलहन बाली बढी उत्पादन हुने भएपनि सबै वडामा उत्पादन हुन्छ । यहाँका कृषकहरूले आधुनिक तथा व्यावसायिक हिसाबले कृषि कार्य गरेको पाइँदैन । कृषि उत्पादनबाट भएको आम्दानीले मात्र वर्षभरि परिवारलाई खान नपुग्ने कृषक परिवार सङ्ख्या १८७२ रहेको छ । गाउँपालिकामा तरकारीको उत्पादन ३६ मे. ट., गेडागुडी करिब १.५ मे. ट., फलफूलमा; सुन्तला १५० मे.ट. र अम्बा ०.३ मे. ट. उत्पादन गर्छ तर यी सबै उत्पादनले गाउँपालिकालाई नपुग्ने गाउँपालिकाको तथ्याङ्कले देखाएको छ । गाउँपालिकामा उत्पादित गेडागुडी जन्य वालिले यहाँको माग पूर्ति गर्न सक्दैन त्यसकारण यहाँ करिब १५ मे. गेडागुडी आयात गर्नु पर्ने हुन्छ । गाउँपालिकामा वार्षिक २५०० लि. विशुद्ध मह उत्पादन हुन्छ । यो पनि यहाँको प्रमुख आय आर्जनको माध्यम हो (स्रोतः कृषि शाखा, सिलिचोङ गाउँपालिका, २०८१)। यो गाउँपालिकाबाट निर्यात हुने पशुहरूमा खसी, बोका, सुँगुर, बुंगुर, गाइ/गोरू हुन् भने अन्य कृषि उत्पादनमा अलैँची, रुद्राक्ष, हिमाली जडीबुटीहरू, मह पर्छन् (स्रोतः कृषि शाखा, सिलीचोङ गाउँपालिका, २०८१) ।

यो गाउँपालिकामा उचाइगत भिन्नता (Alti-potentiality) भएको कारण एउटै मौसममा पनि धेरै प्रकारका कृषि उत्पादन गर्न सकिन्छ । त्यस कारण उचाइगत भिन्नताको तुलनात्मक लाभ लीन सके सिलीचोङ गाउँपालिका आर्थिक समृद्धिमा अगाडी बढ्नेछ ।

### ३.१.२ समस्या तथा चुनौती

- अप्ठ्यारो भू-अवस्था र कमजोर ग्रामीण पूर्वाधार ।
- जीवन निर्वाह तथा परम्परागत खेतीबाट माथि उठ्न नसक्नु ।
- कृषिको व्यावसायीकरण नहुनु ।
- कृषिमा प्रविधि र आधुनिकिकरण, विऊ बिजन, कीटनाशक विषादीको उपयोगमा सही उपयोग नभएको ।
- सिँचाइ सुविधा पर्याप्त नभएको ।

- कृषि पूर्वाधारमा सरकारी क्षेत्रको लगानी न्यून हुनु ।
- उच्च उत्पादकत्व भएका पशु पालन नहुनु ।
- उच्च नश्लका पशुहरूको अभाव ।
- स्थानीय स्तरमा कृषि मल, उपकरण र अन्य सामाग्रीहरू समयमा उपलब्ध  नहुनु ।
- खाद्य सुरक्षाको कमी ।
- कृषि र पशुपालनलाई आकर्षक र सम्मानित पेसाको रूपमा विकास गर्नु ।
- कृषि योग्य जमिनमा सिँचाइको व्यवस्था गर्नु ।
- व्यावसायिक पशु तथा पन्छी पालन गर्नु ।
- कृषि भूमिको सही व्यवस्थापन गरी तुलनात्मक लाभ लिनु ।
- कृषि तथा पशु पकेट क्षेत्र विकास गरी कृषि विकास गर्नु।
- उन्नत मल बीउ र प्रविधि कृषक सम्म सहज रूपमा पुऱ्याइ व्यावसायिक खेती गर्नु ।
- पशु खाद्य व्यवहारमा सुधार गरी स्थानीय उत्पादनको उपभोग प्रवृत्ति बढाउनु ।
- उन्नत नश्लको पशु र प्रविधिद्वारा व्यावसायिक पशुपालनको विकास गर्नु ।

### ३.१.३ संभावना तथा अवसर

- तरकारी; आलु, फलफूल; अलैँची, रुद्राक्ष, लगायतका स्थानीय उत्पादनलाई वृद्धि गरी मूल्य शृङ्खलामा आबद्ध गर्न सकिने ।
- अल्लोको उत्पादन र उत्पादित बस्तु तथा सामाग्रीको वृद्धि गरी मूल्य शृङ्खलामा आबद्ध गर्न सकिने ।
- चरण र घाँसे मैदान भएकोले व्यावसायिक चौँरी तथा भेडा पालनको अनुकूलता ।
- सञ्चालनमा रहेका चौँरी खर्कको र चौँरी पालनको व्यावसायिकरण ।
- उच्च मूल्यको लेकाली जडीबुटी सङ्कलन तथा खेतीको सम्भावना ।
- कृषि क्षेत्र स्थानीय व्यवसायी, नागरिक  र स्थानीय सरकारको चासोको विषय रहनु ।
- सिँचाइका श्रोतहरूको उपलब्धता भएकोले यसको अधिकतम उपयोग गर्न सकिने ।
- कृषि पकेट क्षेत्रको विकास गर्न सकिने: फलफूल, हिमाली जडीबुटी, अल्लो, रुद्राक्षको ।
- कृषि तथा पशु पन्छीको विकास र विस्तार गरी निर्यात गर्न सकिने ।
- पशुपालन, कुखुरा पालन, मौरी पालन गरी आय आर्जन बढाउन सकिने ।
- कृषिजन्य कच्चा पदार्थमा आधारित उद्योगहरू भित्र्याउन सकिने ।
- उन्नत जातका पशुपालन गरी वरिपरिका बस्तीहरूमा समेत विस्तार गर्न सकिने ।
- फलफूल, तरकारी खेतीको विकास र विस्तार गरी कृषकको आय-आर्जन बढाउन सकिने ।
- बेमौसमी तरकारी खेती गरी कृषकहरू लाभान्वित हुन सक्ने ।
- कृषि उत्पादन हाल रष्ट्रिय, प्रदेश तथा स्थानीय सरकारको प्रमुख मुद्दा रहनु ।

### ३.१.४ उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजना

**सोच**

उच्च प्रतिफल युक्त निर्यातमुखी कृषि र पशु

**लक्ष्य**

खाद्य तथा पोषणको सुरक्षा, व्यावसायिक कृषि, पशु पन्छी पाल गरी रोजगारीको माध्यमद्वारा समृद्ध गाउँपालिका निर्माण गर्न योगदान पुऱ्याउने ।

### उद्देश्य

- कृषि र पशुपालनमा आधुनिकीकरण गरी कृषकको जीवन स्तरमा सुधार गर्नु ।
- खाद्य बस्तु र खाद्यान्नमा आत्म निर्भरको वातावरण तयार गर्नु ।

### रणनीति तथा कार्यनीति

- व्यावसायिक कृषि र पशुपालनको प्रवर्द्धन गर्ने ।
- कृषि, पशु तथा पन्छी जन्य उत्पादनलाई मूल्य श्रृंखलामा आबद्ध गर्ने ।
- स्थानीय उत्पादनको ब्रान्डिङ र बजारीकरण गर्ने ।

### कार्यक्रम तथा आयोजना

| अ. आर्थिक विकास | | | | | |
|---|---|---|---|---|---|
| **क) कृषि** | | | | | |
| **क्र. सं.** | **योजना तथा कार्यक्रम** | **आ. व. २०८२/८३** | **आ. व. २०८३/८४** | **आ. व. २०८४/८५** | **प्राथमिकीकरण** |
| १ | गाउँपालिकाको आर्थिक सर्वेक्षण | १५०० | ० | ० | १ |
| २ | कृषि रणनीतिक गुरुयोजना निर्माण | १५०० | ० | ० | १ |
| ३ | भू-उपयोग योजना अनुसार कृषि क्षेत्रको संरक्षण | ५०० | ५०० | ५०० | २ |
| ४ | माटो परीक्षण तालिम, शिविर र मिनी ल्याब स्थापना | ४००० | ० | ० | २ |
| ५ | उन्नत जातका बीउ बिजन वितरण | ५०० | ५०० | ५०० | २ |
| ६ | फलफुल नर्सरी स्थापना तथा सञ्चालन (१ वडामा १वटा) | २००० | २००० | १००० | १ |
| ७ | कृषि पकेट क्षेत्र सहायता कार्यक्रम | १९२३१ | ७६९२ | ७६९२ | १ |
| ८ | पालिका स्तरीय कृषि अगुवा तथा व्यवसायिक तालिम | १५० | १५० | १५० | २ |
| ९ | अगुवा कृषि हाईटेक प्लाष्टिक टनेल खेती (साझेदारी ५०% अनुदान) | ४५० | ४५० | ४५० | २ |
| १० | कृषि प्राविधिकहरुको तालिम | ३५० | ३५० | ३५० | |
| ११ | कृषक भ्रमण आयोजना | २५० | २५० | २५० | |
| १२ | प्रत्येक वडामा २/२ वटा कृषि सङ्कलन केन्द्र स्थापना | १००० | ३००० | ३००० | |
| १३ | शीत भण्डार निर्माण | ० | ० | १७५०० | |
| १४ | कृषि एम्बुलेन्सको व्यवस्था | ० | ० | १२५० | |
| १५ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १००० | १००० | १००० | |
| १६ | कृषकहरुलाई उत्पादनमा आधारित अनुदानको व्यवस्था | १००० | १००० | १००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | कृषि बाली बीमा कार्यक्रम (साझेदारी ५०% अनुदान) | ३०० | ३०० | ३०० | |
| १८ | अल्लो खेती सम्वर्द्धन कार्यक्रम | ५०० | ५०० | ५०० | |
| | **कुल बजेट (कृषि)** | ३४२३१ | १७६९२ | ३५४४२ | |
| | **ख) पशु सेवा** | | | | |
| १ | गोठ सुधार (अगुवा कृषकलाई) | १४०० | १४०० | १४०० | १ |
| २ | पशु गर्भधारण केन्द्र स्थापना | ० | ५००० | ० | २ |
| ३ | कृत्रिम गर्भाधान प्राविधिकहरुलाई तालिम | ३०० | ३०० | ३०० | २ |
| ४ | अगुवा पशुपालक कृषक लक्षित तालिम (प्रत्येक वडा बाट १५ जना) | २०० | २०० | २०० | १ |
| ५ | विभिन्न प्रजातिको घाँस (जै), नेपियर, टियोसेन्टी, डालेधाँस आदिको व्यवस्था | १२०० | ८०० | ० | १ |
| ६ | उन्नत जातको बोका, साँड, वीर, आदि अनुदानको व्यवस्था | ४०० | ४०० | ४०० | १ |
| ७ | चौँरी पालनको व्यवस्थापन | १००० | १००० | १००० | २ |
| ८ | भेडी गोठको व्यवस्थापन | ५०० | ५०० | ५०० | २ |
| ९ | पशु स्वास्थ्य परीक्षण तथा खोप शिविर | ४८० | ४८० | ४८० | |
| १० | पशु स्वास्थ्य औषधी खरीद | ५०० | ५०० | ५०० | |
| ११ | पशु पन्छी ल्याब स्थापना | ० | ० | १७५० | |
| १२ | मौरी घार खरिद तथा वितरण (अनुदान ५०%) | १०० | १०० | १०० | |
| १३ | पशु विमा कार्य | ४०० | ४०० | ४०० | |
| १४ | स्थानीय असला जातका माछाको भुरा खरिद तथा वितरण | २०० | २०० | २०० | |
| | **कुल** | **६६८०** | **११२८०** | **७२३०** | |

### ३.१.५ अपेक्षित उपलब्धि

- गाउँपालिकाको आर्थिक सर्वेक्षण
- कृषि रणनीतिक गुरुयोजना निर्माण
- उचाइगत भिन्नता (Alti-potentiality) अनुसार जमिनको उपयोग भएको हुनेछ ।
- कृषि पकेट क्षेत्रको विकास भएको हुनेछ ।
- स्थानीय कृषि जन्य उत्पादन र उत्पादकत्वमा वृद्धि भएको हुनेछ ।
- स्थानीय उत्पादनहरुको ब्राण्डिङ भएको हुनेछ ।
- कृषि उत्पादन सङ्कलन केन्द्रहरुको निर्माण भएको हुनेछ ।
- कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादनमा वृद्धि भएको हुनेछ ।
- कृषकहरुको वित्तीय र कृषि सामाग्रीमा सहज पहुँच स्थापित भएको हुनेछ ।
- सम्पूर्ण खेतीयोग्य जमिनको पूर्ण सदुपयोग भएको हुनेछ ।
- कृषि क्षेत्र व्यावसायिक र वैज्ञानिक भएको हुनेछ ।
- कृषिमा युवा कृषकहरूको आकर्षण बढेको हुनेछ ।

- व्यवसायीक जडीबुटी उत्पादनका सुरुवात भएको हुनेछ ।
- माटो परीक्षण तालिम, शिविर र मिनी ल्याब स्थापना भएको हुनेछ ।

### ३.१.६ जोखिम तथा अनुमान पक्ष

- आयोजनाहरूको कार्यान्वयनमा केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय निकायको समन्वयात्मक र सक्रिय सहभागिता हुनेछ ।
- ठूला आयोजनाहरूको कार्यान्वयनमा दातृ निकायबाट सहयोग प्राप्त हुनेछ ।
- सार्वजनिक, निजी साझेदारीमा योजनाहरूको कार्यान्वयन हुनेछ ।
- गाउँपालिकाको आन्तरिक स्रोत परिचालन हुनेछ ।
- पूर्ण राजनीतिक स्थिरता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठूलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।

## ३.२ सिँचाइ

### ३.२.१ पृष्ठभूमि

कृषि योग्य भूमिमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याइ कृषिको उत्पादकत्व बढाउन सिँचाइको दिगो व्यवस्था गर्न आवश्यक छ । गाउँपालिकामा १६३७.३ हेक्टर खेती योग्य जमिन मध्ये २२६.२ हे. जमिनमा सिँचाइ सुविधा पुगेको छ । गाउँपालिकामा रहेको बाँझो जमिन १४११.१ हे. रहेको छ । हाल सञ्चालनमा रहेका सिँचाइ कुलो तथा नहरहरू पनि व्यवस्थित गरी नयाँ सिँचाइ योजनाहरू सञ्चालनमा गर्नु पर्ने हुन्छ । जसले बाह्रै महिना सिँचाइ नपुगेका खेती योग्य जमिनमा खेती गर्न सहज हुनेछ भने कृषि उत्पादन बढाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ । गाउँपालिकाले आ. ब. २०८२/८३ मा **कृषिमा लगानी खेत खेतीमा पानी** भन्ने नारालाई व्यवहारमा रुपान्तरण गर्ने उद्देश्यका साथ सिँचाइका लागि विद्युतिकरण गर्ने, पानीको मुहान संरक्षण (Water Recharge) का लागि पोखरी निर्माण गर्ने, कुलो निर्माण र मर्मतमा जोड दिने लगायतका कार्यक्रमहरू रहेका छन् ।

### ३.२.२ समस्या तथा चुनौती

- खेती योग्य जमिनमा सिँचाइ सेवा पुऱ्याउन नसक्नु ।
- परम्परागत रूपमा स्थानीय कुलोको आवश्यक मर्मत सम्भार हुन नसक्नु
- गाउँपालिकासँग न्यून बजेटका कारण सिँचाइ पूर्वाधारको लागी आवश्यक बजेट विनियोजन नहुनु ।
- सिँचाइ सुविधा पुगेको वा पुग्न सक्ने भूमिमा बाँझो हुँदै जानु ।
- नयाँ प्रविधिमा आधारित सिँचाइ आयोजनाको विस्तार हुन नसक्नु ।
- सिँचाइ सुविधा विस्तार गर्न नसक्नु
- सिँचाइ पूर्वाधार विस्तार गर्न कठिन भूगोलका कारण सिँचाइ आयोजना महँगो हुनु ।
- नयाँ प्रविधिमा आधारित सिँचाइ आयोजनाको विस्तार गरी सिँचाइ सुविधा पुऱ्याउनु ।

- बाढी पहिरो जस्ता प्रकोप नियन्त्रण गर्नु ।
- सिँचाइ पूर्वाधार विस्तार गर्न स्रोतको व्यवस्था गर्नु ।
- उपलब्ध जलस्रोतको संरक्षण गर्दै सिँचाइ सहितको बहु-आयामिक योजना उपयोग गर्नु ।
- निर्माण सम्पन्न भइसकेको सिँचाइ प्रणालीको आवश्यक मर्मत सम्भार हुन नसक्नु ।

### ३.२.३ संभावना तथा अवसर

- परम्परागत रूपमा रहेका स्थानीय कुलोहरूको आवश्यक मर्मत संभार गरी सिँचाइ सुविधा बढाउन सकिने ।
- सिँचाइ सुविधा नभएको जमिनमा सिँचाइ मार्फत कृषि उत्पादन बढाउन सकिने ।
- जलस्रोतको बहु-उपयोगको सम्भावना रहनु ।
- सिँचाइ सम्बन्धी नयाँ प्रविधिको प्रयोग तथा विस्तार हुनु ।
- सिँचाइ विकास र व्यवस्थापनमा कृषक उपभोक्ताको पहुँच र सहभागिता बढ्दै जानु ।
- सिँचाइ प्रणाली विस्तारका लागी कृषकहरूको माग बढ्दै जानु ।

### ३.२.४ उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**सोच**

कृषिमा लगानी खेत खेतीमा पानी

**लक्ष्य**

कृषियोग्य भूमिमा सिँचाइ सुविधा उपलब्ध गराउने ।

**उद्देश्य**

- सिँचाइ नपुगेको कृषियोग्य भूमिमा सिँचाइ सेवा विस्तार गर्ने ।
- सिँचाइ प्रणालीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु ।
- सञ्चालनमा रहेका कुलोको मर्मत सम्भार एवम् व्यवस्थापनलाई सुदृढ गरी दिगो बनाउनु ।

**रणनीति तथा कार्यनीति**

- परम्परागत सिँचाइलाई व्यवस्थापन गर्दै नयाँ सिँचाइ प्रणालीको विकास गरी कृषि योग्य भूमिमा सिँचाइ सुविधा विस्तार गरिनेछ ।

**कार्यक्रम तथा आयोजना**

| **सिँचाइ** | | | | | |
|---|---|---|---|---|---|
| **क्र. सं.** | **योजना तथा कार्यक्रम** | **आ. व. २०८२/८३** | **आ. व. २०८३/८४** | **आ. व. २०८४/८५** | **प्राथमिकीकरण** |
| १ | सिँचाइ गुरुयोजना निर्माण | १००० | ० | ० | १ |
| २ | एक वडा एक बृहत् सिँचाइ प्रणाली | ३०००० | ३०००० | ३०००० | २ |
| ३ | सिँचाइ पोखरी निर्माण | २००० | २००० | २००० | १ |
| | **कुल** | **३३०००** | **३२०००** | **३२०००** | |

### ३.२.५ अपक्षेपित उपलब्धि

- सिँचाइ गुरुयोजना निर्माण हुनेछ ।

- **कृषिमा लगानी खेत खेतीमा पानी**को नारा विस्तारै पुरा हुँदै जानेछ ।
- थप १४११ हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको हुनेछ ।
- प्रत्येक आर्थिक वर्षमा न्यूनतम एउटा सिँचाइ संरचना निर्माण भएको हुनेछ ।
- नयाँ प्रविधिमा आधारित सिँचाइ आयोजना निर्माण भएको हुनेछ ।
- सिँचाइ प्रणालीमा संलग्न जनशक्ति तथा किसानहरूको क्षमता अभिवृद्धि हुनेछ ।
- सिँचाइ कुलो सिँचाइ उपभोक्ता समिति निर्माण गरी हस्तान्तरण भएको हुनेछ ।
- जलाधार क्षेत्र संरक्षण भएको हुनेछ ।

### ३.२.६ जोखिम तथा अनुमान पक्ष

- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- गाउँपालिकाको आन्तरिक स्रोत परिचालन हुनेछ ।
- आयोजनाहरूको कार्यान्वयनमा केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय निकायको समन्वयात्मक र सक्रिय सहभागिता हुनेछ ।
- सार्वजनिक, निजी साझेदारीमा योजनाहरूको कार्यान्वयन हुनेछ ।
- ठूला आयोजनाहरूको कार्यान्वयनमा दातृ निकायबाट सहयोग प्राप्त हुनेछ ।

## ३.३ पर्यटन तथा संस्कृति

### ३.३.१ पृष्ठभूमि

पर्यटन नेपालको आर्थिक विकासको लागी उच्च सम्भावना बोकेको क्षेत्र हो । यसले नेपालको अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेलेको छ । पर्यटनले देशको कुल ग्रार्हस्थ उत्पादनमा करिब ३% योगदान पुगेको र २ लाख भन्दा बढी मानिसले प्रत्यक्ष रोजगारी प्राप्त गरेको देखिन्छ । सन २०२३ मा ५४.८१ करोड अमेरिकी डलर बराबरको विदेशी मुन्द्रा आम्दानी भएको छ । यही सम्भावनालाई मध्यनजर गर्दै सङ्घीय, प्रदेश र स्थानीय सरकारले पनि पर्यटन उद्योगलाई प्रवर्द्धन गर्दै नीति योजना, आयोजना र कार्यक्रम अवलम्बन गर्ने हो भने पर्यटनलाई आकर्षण गरी सङ्घीय, प्रदेश र स्थानीय ३ वटै सरकारको आर्थिक समृद्धि बढ्ने सम्भावना रहेको देखिन्छ ।

यहाँ रहेको प्राकृतिक सुन्दरतामा मध्ये सप्तकोशी नदीको एक सहायक अरूण नदी, सङ्खुवा खोला, सिसुवा खोला,  खोला, नेवाखोला, दाङ्गुवा खोला, तिवा खोला, काली खोला, काइकोक खोला, मकुवा खोला, भाल्टेनी खोला गाउँपालिकाको मुख्य पर्यटकीय क्षेत्र हुन् जहाँ विभिन्न छाँगा तथा झरनाहरू देख्न सकिन्छ । काल पोखरी, जगत पोखरी, लाम पोखरी, तिन पोखरी, बौले पोखरी, झाले पोखरी, न्युरिनी पोखरी, सिंह पोखरी, कुरिहोम पोखरी, मेतालुङ पोखरी पनि यहाँको प्रमुख प्राकृतिक सौन्दर्य र पर्यटकीय गन्तव्ये हुन् । सिलीचोङ गाउँपालिका प्राकृतिक, पर्यटकीय, सांस्कृतिक तथा धार्मिक हिसाबले महत्वपूर्ण मानिन्छ । यहाँ

रहेको ऐतिहासिक खेम्पालुङ गुफा, राई जातिको मौलिक सांस्कृतिक तथा किराँत सभ्यता पनि पर्यटन आकर्षण गर्ने महत्वपूर्ण पाटो हो ।

मकालु हिमाल बेसक्याम्प जानको लागि यो गाउँपालिका प्रवेश मार्ग हो । यो बाहेक यहाँ पाँच भन्दा बढी पर्यटकहरूको लागि धेरै पर्यटकीय पदमार्ग रहेको छ । मकालु वरुण राष्ट्रिय निकुञ्ज र यहाँ रहेका ४० भन्दा बढी मध्यवर्ती वन/सामुदायिक वन, हिमाली घाँसे क्षेत्रमा हाल सञ्चालनमा रहेको चौँरी पालन, लगायत अन्य धेरै पर्यटकको आकर्षकको केन्द्रबिन्दु हो ।

### ३.३.२ ससम्या तथा चुनौती

- पर्यटन गुरुयोजना निर्माण नहुनु ।
- पर्यटन पूर्वाधारको कमी तथा प्रचार प्रसार कमी हुनु ।
- सडक यातायातको पहुँच नभएको ।
- पर्यटन क्षेत्रको विकासमा सीपलाई जोड्न नसकिनु ।
- पर्यटन क्षेत्रमा लगानीको कमी ।
- स्थापित पर्यटकीय पदमार्गहरूमा पनि पूर्ण रूपमा पर्यटकीय पूर्वाधारको विकास हुन नसक्नु ।
- पर्यटकीय स्तरका होटल र होमस्टेको कमी ।
- पर्यटकीय पूर्वाधारका कार्यक्रमलाई विशेष प्राथमिकता नदिनु
- पर्यटनमा निजी क्षेत्रको लगानी आकर्षित गर्नु ।
- स्थानीय संस्कृतिलाई पर्यटन विकाससँग आवद्ध गर्नु ।
- पर्यटकीय उपजहरूको विविधिकरण गर्नु र गन्तव्यहरूको विकास गर्नु ।
- पर्यटन पूर्वाधारहरूको विकास गर्नु ।

### ३.३.३ संभावना तथा अवसर

- प्राकृतिक सौन्दर्यता
- नदीनाला, झरना, वन, घाँसे मैदान
- पर्यटकीय पदमार्ग
- सांस्कृतिक तथा धार्मिक विविधता
- Homestay, village tourism, ट्रेकिङ, हाइकिङ, फोटोग्राफी
- पर्यटकीय महत्व बोकेका धार्मिक क्षेत्र
- पर्यटन गुरुयोजना तयार गरी पर्यटन पूर्वाधारहरू विकास गर्ने सकिने ।
- पर्यटकीय गन्तव्य सिलीचोङ शिखर, चौँरी खर्क, अरूण खोला, सङ्खुवा खोला र झरनालाई समावेश गरेर गाउँपालिकाको पर्यटकीय गतिविधिमा प्रवर्द्धन गर्ने ।
- कृषि पर्यटन सम्भावना भएका क्षेत्रमा कृषि पर्यटनको डिजाइन र सम्भाव्य अध्ययन गर्न सकिने ।
- पर्यटन विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्न प्रोत्साहन मूलक कार्यक्रम सञ्चालन गर्न सकिने ।
- धार्मिक सांस्कृतिक विविधता ।

### ३.३.४ उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**सोच**

पर्यटनमा वृद्धि: सिलीचोङको समृद्धि

### लक्ष्य

पर्यटकीय क्षेत्रमा पर्यटकीय पूर्वाधारको विकास गरी पर्यटनको माध्यामबाट स्थानीयको आर्थिक गतिविधि बढाउने ।

### उद्देश्य

- पर्यटनलाई रोजगारीसँग जोडेर आर्थिक वृद्धि गर्ने ।
- स्थानीय कला, संस्कृति र प्राकृतिक विविधताको संरक्षण गर्दै पर्यटनसँग आवद्ध गर्ने ।

### रणनीति तथा कार्यनीति

- पर्यटन पूर्वाधार निर्माण गर्ने
- मौलिक कला तथा सांस्कृतिक पहिचानलाई संरक्षण गर्दै पर्यटनसँग आवद्ध गर्ने ।
- पर्यटक सङ्ख्या, बसाइको अवधि र खर्च गराइमा आयआर्जनमा वृद्धि गराइनेछ ।

### कार्यक्रम तथा आयोजना

| ङ. पर्यटन | | | | | |
|---|---|---|---|---|---|
| **क्र. स.** | **योजना तथा कार्यक्रम** | **आ. व. २०८२/८३** | **आ. व. २०८३/८४** | **आ. व. २०८४/८५** | **प्राथामिकिकरण** |
| १ | गाउँपालिकाको पर्यटन गुरुयोजना निर्माण | १२०० | ० | ० | |
| २ | खुईसी थान - बुकुरचोङ देखि सिलिचोङसम्म पर्यटकिय पदमार्ग डिपिआर गर्ने र  निर्माण गर्ने | ० | २५०० | २५०० | |
| ३ | सिसुवा खोला बाट तिवाटार-होवेङला हुदै सिलीचोङ हिमाल जाने पर्यटकिय पदमार्ग डिपिआर गर्ने र  निर्माण गर्ने | ० | ० | २५०० | |
| ४ | चित्रे - न्युरेनी थान - गुरासे - वकान - केम्पा डाँडा हुदै बुकुचोङ र सिलीचोङ हिमाल जाने पर्यटकिय पदमार्ग डिपिआर गर्ने र  निर्माण गर्ने | ० | ० | ० | |
| ५ | चित्रे - न्युरेनी थान - बकाङ - मकेरे हुदै कालपोखरी गौभित्ता धाम सम्म पर्यटकीय पदमार्ग डिपिआर गर्ने र  निर्माण गर्ने | ० | ० | ० | |
| ६ | सोह्लसय साल्पाधाम व्यवस्थापन | ५०० | ० | ० | |
| ७ | सातकन्या सिंहदेवी मन्दिर व्यवस्थापन | ० | ५०० | ० | |
| ८ | फिन्चोक नोलिङ गुम्बा चित्रेको डिपिआर गर्ने र निर्माण तथा व्यवस्थापन | ० | ० | १५००० | |
| ९ | वडा नं. २ मा रहेको बौद्ध गुम्बा धर्मिकस्थल संरक्षण तथा व्यवस्थापन | १००० | १००० | १००० | |
| १० | न्युरेनी थामरपोखरी, खुइसी थामरपोखरी, लाम पोखरीको पर्यटकीय गुरुयोजना डिपिआर गर्ने र संरक्षण तथा व्यवस्थापन गर्ने | ० | १००० | ० | |
| ११ | छोबासा लमशा चावारचारी, तमवा चावारचारी, चीमावा चावारचारी, तोमोवा चावारचारी, चेसोङवा चावारचारी/पुजा व्यवस्थापन | १००० | १००० | १००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | सांस्कृतीक तथा मनोरञ्जन पार्कको डिपिआर र निर्माण | ० | ३००० | ३००० | |
| १३ | योङखोलुङ पुजा व्यवस्थापन | ५०० | ५०० | ५०० | |
| १४ | ऐतिहासिक खेम्पालुङ गुफा संरक्षण तथा प्रवर्द्धन | ० | ० | १२५० | |
| १५ | काइकोक झरना व्यवस्थापन तथा प्रवर्धन | ० | १२५० | १२५० | |
| १६ | मेवाहाङ र कुलुङमा सांस्कृतिक सङ्ग्रहालय निर्माण | ० | ० | १०००० | |
| १७ | स्थानीय भाषा तथा संस्कृति संरक्षण तथा प्रवर्धन | १००० | १००० | १००० | |
| १८ | होम स्टे प्रवर्द्धन | **नीतिगत** | **नीतिगत** | **नीतिगत** | |
| १९ | पर्यटन सूचना केन्द्र स्थापना गर्ने | ० | १००० | ० | |
| | **कुल** | **५२००** | **१२७५०** | **३९०००** | |

### ३.३.५ अपेक्षित उपलब्धी

- आधारभूत पर्यटन पूर्वाधारको विकास हुने छ ।
- पर्यटन गुरु योजनाको तयार हुनेछ ।
- पर्यटकीय पूर्वाधार निर्माण भएको हुनेछ ।
- पालिकामा पर्यटन सूचना केन्द्रको स्थापना भएको हुनेछ ।
- होटेल र होम स्टेको सङ्ख्या बढेको हुनेछ ।
- ऐतिहासिक तथा पुरातात्त्विक महत्वका क्षेत्रको संरक्षण हुनेछ ।
- ऐतिहासिक तथा धार्मिक पर्यटनको विकास हुने छ ।
- आन्तरिक तथा बाह्य पर्यटन आवागमनमा वृद्धि भएको हुनेछ ।
- करिब २५० जनाले पर्यटन क्षेत्रमा रोजगारी प्राप्त गरेका हुनेछन् ।
- स्थानीयहरूले आतिथ्य व्यवस्थापन, होटल व्यवस्थापन, सुरक्षा जस्ता विषयमा तालिम प्राप्त गरेका हुने छन् ।
- पर्यटन क्षेत्रमा लगानीहरू आकर्षित भएको हुनेछ ।
- पर्यटकीय क्षेत्रहरूको प्रचार प्रसार र अन्तर स्थानीय तहहरूमा समन्वय भएको हुनेछ ।

### ३.३.६ जोखिम तथा अनुमान पक्ष

- पर्यटन गुरुयोजना बनेको हुनेछ ।
- पूर्ण राजनीतिक स्थिरता हुनेछ ।
- कुनै प्रकारको ठूलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- आयोजनाहरूको कार्यान्वयनमा केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय निकायको समन्वयात्मक र सक्रिय सहभागिता हुनेछ ।
- पर्यटन विकासमा निजी क्षेत्रहरू परिचालित हुनेछ र लगानी सुनिश्चितताको वातावरण भएको हुनेछ ।
- गाउँपालिकाले पर्यटन विकासमा आन्तरिक स्रोत परिचालन गर्नेछ ।
- पर्यटन बोर्डको सहयोग भएको हुनेछ ।

- पर्यटन क्षेत्रमा वित्तीय संस्थाको ऋण लगानी भएको हुनेछ ।
- आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या बढेको हुनेछ ।

## ३.४ उद्योग, व्यापार तथा व्यवसाय

### ३.४.१ पृष्ठभूमि

सिलिचोङ गाउँपालिकामा मुख्यतया कृषि पेशामा संलग्न घर परिवारको संख्या बढी भएकोले विशेषगरी कृषिमा आधारित साना तथा मध्यम किसिमका उद्योग र अन्य घरेलु उद्योगहरू यहाँ सञ्चालनमा रहेका छन्

उद्योग, व्यापार, व्यवसाय र आपूर्ति आर्थिक विकासको प्रमुख आधार स्तम्भ हो । यसले कुनै पनि ठाउँको अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । यो रोजगारीसँग प्रत्यक्ष जोडिएको हुन्छ । सिलिचोङ गाउँपालिकामा हाल सम्म कुनै पनि प्रकारका ठूला, मझौला तथा साना उद्योगहरू स्थापना भएका छैनन् । तर गाउँपालिकामा अल्लो/खाडीको कच्चा पदार्थ पाउने मुख्य ठाउँ मानिन्छ । यस कारण यहाँका प्राय घर धुरीहरूमा घरेलु तान रहेको छ । अल्लोको धागो र धागोबाट बनेका विभिन्न सामाग्रीको विक्री बाट यहाँका मानिसहरूले राम्रो आम्दानी गरेको पाइन्छ । हिमाली जडीबुटी प्रचुर मात्रामा पउने हुँदा यहाँ हिमाली जडीबुटी प्रशोधन गर्ने उद्योगको प्रशस्त सम्भावना रहेको छ । यसका साथै यहाँ प्रशस्त कृषि उत्पादन हुने हुँदा कृषिमा आधारित उद्योगहरूको राम्रो सम्भावना देखिन्छ ।

### ३.४.२ समस्या तथा चुनौती

- स्तरीय सडक यातायात, औद्योगिक पूर्वाधार तथा बजारको व्यवस्था नहुनु
- उद्यमशील सोचको विकास हुन नसक्नु
- औद्योगिक ग्राम स्थापना नहुनु ।
- ठूला उद्योगहरू स्थापनाका लागी बाहिरी लगानी आउन नसक्नु
- वाह्य बजारसँग पहुँचको अभाव ।
- वित्तीय पहुँचको कमी ।
- लगानी मैत्री वातावरण सिर्जना गरी तुलनात्मक लाभ र प्रतिष्पर्धि क्षमताका उद्योग क्षेत्रमा लगानी आकर्षित गर्न
- स्थानीय उत्पादन खाडी/अल्लोको लेभलिङ र ब्रान्डिङ गरी निर्यात गर्न
- दुर्लभ र महत्वपूर्ण जजडीबुटीहरूको अव्यवस्थित सङ्कलन र प्रशोधन बिना निकासी गर्न ।
- सडक, विद्युत् आदि भौतिक पूर्वाधारको पहुँच वृद्धि गर्न ।
- युवा जनशक्तिलाई उद्यमशीलता तर्फ आकर्षित गराउन ।

### ३.४.३ संभावना  तथा अवसर

- कृषिजन्य उद्योगहरूको विकासको सम्भावना
- पर्यटकीय उद्योगहरूको विकासको सम्भावना
- मझौला तथा साना उद्योगहरूको विकासको सम्भावना

- हिमाली जडीबुटीहरूको सङ्कलन र प्रशोधन गरी निकासी गर्न
- ठूलो उद्योग स्थापना गरी खाडी/अल्लोबाट बन्ने बस्तुको ब्राण्डीङ र बजारीकरण गर्न ।
- स्थानीय उत्पादन आलु लाई चिप्स बनाउन ।
- स्थानीय कच्चा पदार्थको उपयोग गरी औद्योगिक लगानीको लागी वाह्य क्षेत्रलाई आकर्षित गराउन सकिने
- गाउँपालिकाको आर्थिक समृद्धिको विषय साझा मुद्दाको रूपमा रहनु
- जडीबुटीहरूको सङ्कलन र प्रशोधन गरी विश्व बजारमा निकासी गर्न
- रुद्राक्षलाई विश्व बजारमा प्रचार प्रसार गरी विक्री वितरण गर्ने ।

### ३.४.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**सोच**

प्रतिफल युक्त प्रविधि औधोगिक उत्पादन बुद्धि ।

**लक्ष्य**

उद्योग, व्यवसाय र व्यापारको विकास र विस्तारद्वारा गाउँपालिकाको समृद्धिलाई बढाउने ।

**उद्देश्य**

- उद्योग, व्यापार र व्यवसायको विकास गरी आय आर्जन र रोजगारी वृद्धि गर्नु ।

**रणनीति तथा कार्यनीति**

- उद्यमशीलताको प्रवर्द्धन गरी लघु तथा घरेलु उद्योगको विकास तथा विस्तार गर्ने ।
- व्यापार व्यवसायको विकास र विस्तार गर्ने ।

**कार्यक्रम तथा आयोजना**

| **घ) उद्योग व्यवसाय** | | | | | |
|---|---|---|---|---|---|
| **क्र. स.** | **योजना तथा कार्यक्रम** | **आ. व. २०८२/८३** | **आ. व. २०८३/८४** | **आ. व. २०८४/८५** | **प्राथामिकिकरण** |
| १ | औद्योगिक ग्राम स्थापना सम्भाव्यता अध्यायन | १००० | ० | ० | |
| २ | औद्योगिक ग्राम स्थापना | १०००० | नियमित अगाडी वढ्ने | | |
| ३ | औद्योगिक पूर्वाधारको विकास गर्ने । | १००० | १०००० | १०००० | |
| ४ | अल्लोको कपडा उद्योग स्थापना | ० | ५०००० | ० | |
| ५ | हिमाली जडीबुटी प्रशोधन केन्द्र स्थापना | ० | ० | १०००० | |
| ६ | चौँरी तथा भेडाको उनबाट सामाग्री बनाउने उद्योग स्थापना | ० | ० | ० | |
| ७ | बाँस तथा काष्ट कला व्यवसाय प्रवर्धन | १०००० | १०००० | १०००० | |
| | **कुल** | २२००० | ७०००० | ३०००० | |

### ३.४.५ अपेक्षित उपलब्धि

- औद्योगिक ग्राम स्थापना भएको हुनेछ ।

- बाह्य तथा आन्तरिक लगानीको वातावरण सृजना भएको हुनेछ ।
- सडक पूर्वाधारहरूको विकास भइ बजारसम्मको सहज पहुँच स्थापित भएको हुनेछ ।
- सबै उद्योग व्यवसाय दर्ता भएको हुनेछ ।
- उद्योगका लागि न्यूनतम आधारभूत पूर्वाधार जस्तै सडक, ऊर्जा, जमिन, श्रमशक्ति, सुरक्षा तथा लगानी आदिको प्रबन्ध भएको हुनेछ ।
- स्थानीय कच्चा पदार्थ विशेषगरी कृषिमा आधारित उद्योगहरूको संख्या वृद्धि भएको हुनेछ ।
- उद्योग क्षेत्रको कुल ग्राहस्थ उत्पादनमा १०% भन्दा माथि योगदान हुनेछ ।
- स्थानीय बजार तथा आपूर्ति प्रणाली सुदृढ भएको हुनेछ ।

### ३.४.६ जोखिम तथा अनुमान पक्ष

- पूर्ण राजनीतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- निजी क्षेत्रको सहयोग भएको हुनेछ ।
- अन्तर सरकार समन्वय भएको हुनेछ ।
- उद्योगहरूको स्थापनाको लागी स्थानीय व्यवसायीहरू आकर्षित भएको हुनेछन् ।
- स्थानीय निकायले लगानीमैत्री वातावरण तयार गर्नुपर्ने ।
- लगानी सुरक्षाको प्रत्याभूत हुनुपर्ने ।

## ३.५ बैंक तथा वित्तिय क्षेत्र

### ३.५.१ पृष्ठभूमि

स्थानीय स्तरमा व्यापक रूपमा पूँजीप्रवाह भैरहने वातावरणका लागि बैङ्किङ तथा वित्तीय संस्थाहरूको महत्वपूर्ण भूमिका रहन्छ। कुनैपनि स्थानको अर्थतन्त्र सबल हुन कृषि, पर्यटन र उद्योग क्षेत्र चलायमान हुनुपर्ने भएकोले ती क्षेत्रको क्रमिक विकाससंगै बैङ्क तथा वित्तीय संस्थाको विकास स्वतः हुन जान्छ । यस गाउँपालिकाको ११ ओटा बैंकका शाखा कार्यालय बाट बैंकिङ सेवा प्रवाह भइ रहेको छ। यसै गरि ८० भन्दा बढी सहकारी संस्थाहरूबाट यस गाउँपालिका भित्र वित्तीय कारोवार सञ्चालन भइरहेको पाउन सकिन्छ।

### ३.५.२ समस्या तथा चुनौती

- वित्तीय संस्थाहरूमा सहज पहुँच नहुँदा तथा अर्थतन्त्र चलायमान नहुँदा स्थानीय पूँजीको विकास कमजोर रहेको ।
- सहकारीको सङ्गठनात्मक विकास नभएका कारण लगानीको क्षेत्र र दायरा ठूलो हुन नसकेको ।
- औद्योगिक पूर्वाधार, उद्योग, व्यापारिक केन्द्र र स्थानीय पूँजीको विकास गर्नुपर्ने ।

### ३.५.३ संभावना तथा अवसर

- गाउँपालिकामा चाहिने बैक तथा वित्तिय संस्थाहरू सञ्चालनमा रहेको ।
- अति विपन्न वर्गमा नियमित बचत गर्ने बानीको विकास गर्न प्रोत्साहन गर्न सकिने ।
- गाउँपालिकाभित्र रहेका सहकारीहरूको सञ्चालन, व्यवस्थापन र नियमन कार्यलाई प्रभावकारी गर्ने नीति लिइएको ।

- गाउँपालिकामा ऋण तथा कर्जा सेवा प्रदान गर्न विभिन्न कृषि तथा महिला समुहहरू सक्रिय रहेका।
- उद्योग, कलकारखाना, बजार केन्द्र, व्यापारिक कारोबारको विस्तार गर्दै बैङ्क तथा वित्तीय संस्थाहरूको विकास गर्न सकिने।
- अन्य बैक तथा वित्तीय संस्थाहरूलाई आर्कषण गर्न सकिने।
- स्थानीय जनताको अग्रसरतामा माइक्रो फाइनान्स तथा सहकारीहरूको विकास र बिस्तार गर्न सकिने।

### ३.५.४ उप-क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**सोच**
वित्तीय पहुँच वृद्धिमार्फत आर्थिक क्षेत्रको गतिशिलता।

**लक्ष्य**
प्रत्येक घर धुरीमा बैङ्क तथा वित्तीय संस्थाहरूको सहज पहुँच स्थापित गर्ने।

**उद्देश्य**
- बैङ्क तथा वित्तीय संस्था तर्फ आम सर्वसाधारणलाई आर्कषण गर्नु।
- सहजकर्जा प्रवाह र वचत परिचालनमार्फत उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक वृद्धि हासिल गर्नु।

**रणनीति तथा कार्यनीति**
- वित्तीय पहुँच नपुगेका घर परिवारमा बैङ्क तथा वित्तीय संस्थाको पहुँच पुर्‍याउने
- व्यावसायिक, उत्पादनमूलक साना तथा मझौला उद्योगमा ऋण प्रवाह अभिवृद्धि गर्ने
- आफ्नो नाममा बैङ्क खाता नभएका घर धुरीको पूर्ण विवरण सङ्कलन गरिने छ।
- निजी क्षेत्रमा बैङ्कहरूसँग सहकार्य गरी इच्छुक घरधनीको घरमा घुम्ती बैङ्क खाता खोल्ने अभियान संचालन गरिने छ।
- बैङ्क खाता खोल्दा हुने फाइदाका विषयमा तथा महिलालाई बैङ्क खाता खोल्न प्रोत्साहन गर्न बैंकसंगको सहकार्यमा स्थानीय संचार माध्यमबाट जनचेतनामूलक कार्यक्रम प्रशारण गरिने छ।
- नगरका सबै वडामा बैंकिङ्ग सुविधा (बैंकबाट भौगोलिक दुरी टाढा भएका नगरबासीहरुको लागि (भर्चुअल बैंककिङ) पुर्‍याइनेछ।

**कार्यक्रम तथा आयोजना**

| च. बैक तथा वित्तीय संस्था | | | | | |
|---|---|---|---|---|---|
| क्र. स. | योजना तथा कार्यक्रम | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ | आ. व. २०८४/८५ | प्राथामिकिकरण |
| १ | एक व्यक्ति एक बैंक खाता अभियान | ३० | ३० | ३० | |
| २ | सहकारी प्रविधि सहयोग तथा अनुदान (कृषि सहकारी) | ५०० | ५०० | ५०० | |
| ३ | सहकारी साक्षरता कार्यक्रम | २०० | २०० | २०० | |
| ४ | सहकारी तथा लघुवित्त संस्थाहरुको अनुगमन तथा नियमन | ५० | ५० | ५० | |
| ५ | अरू कमर्सियल बैक लाई अनुमति पत्र | नीतिगत | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | कुल | ७८० | ७८० | ७८० | |

### ३.५.५ अपेक्षित उपलब्धि

- आगामी ५ वर्षमा गाउँपालिकाका ९०% भन्दा बढी घरपरिवारका सदस्यहरूको आफ्नो नाममा बैङ्क खाता हुने छ ।
- व्यक्तिगत ऋण लिने प्रवृत्तिमा उल्लेख्य कमी आएको हुने छ ।
- उत्पादनशील क्षेत्रमा बैङ्क तथा वित्तीय संस्थाहरूको ऋण प्रवाह वृद्धि भएको हुने छ ।

### ३.५.६ जोखिम तथा अनुमान पक्ष

- गाउँपालिकाबाट सहकारीहरुको नियमन र अनुगमनको लागि नीति तथा कार्यक्रमले प्राथमिकता पाएको हुनुपर्ने ।
- सहकारीहरुको नियमन र अनुगमनको लागि गाउँपालिकामा पर्याप्त जनशक्तिको विकास भएको हुनेछ ।
- सहकारीको प्रवर्द्धन र विकासमा स्थानीयहरूको सक्रिय सहभागिता भएको हुनुपर्ने ।
- वित्तिय संस्थाहरुको लगानी कृषि, उद्यम र उत्पादनमूलक क्षेत्रमा केन्द्रित भएको हुनुपर्ने ।
- स्थानीय बैंकहरुको व्याजदर न्यून भै स्थानीय कृषक, गरिब घर परिवार र पिछडिएका वर्गको वित्तिय पहुँच सहज भएको हुनुपर्ने ।

## ३.६ श्रम, रोजगारी तथा गरिबी निवारण

### ३.६.१ पृष्ठभूमि

नेपालको संविधानले सम्मान पूर्वक बाँच्न पाउने गरी सामाजिक संरक्षण तथा श्रम र रोजगारीको हकको व्यवस्था गरेको छ । श्रमको उत्पादकत्व अभिवृद्धि र प्रभावकारी व्यवस्थापनबाट उत्पादनशील रोजगारी, मर्यादीता काम र दिगो सामाजिक सुरक्षा सुनिश्चित गरी मानव जीवन चक्रका जोखिमको न्यूनीकरण, तिब्र आर्थिक वृद्धि र सामाजिक न्याय सहितको समावेशी विकासबाट गरिबी घटाउने लगायतका अन्यराष्ट्रिय लक्ष्यहरू हासिल गर्न सकिन्छ । संविधानले देशको विकासको लागि दक्ष र व्यवसायीक श्रमशक्ति उपलब्ध गराउने, श्रमिक र उद्यमीबीच सुमधुर सम्बन्ध कायम गर्ने, सामाजिक सुरक्षाको दायरा बिस्तार गर्ने, वैदेशिक रोजगारीबाट आर्जित पुँजी, सीप, प्रविधि र अनुभवको स्वदेशमा उपयोग गर्ने र सबैका लागि मर्यादित कामको अवसर सुनिश्चित गर्ने नीति लिएको छ । यसका बाबजुद नेपाल सरकारले विभिन्न समयमा ऐन तथा नीति ल्याएको छ । आन्तरिक र बाह्य रोजगारीको व्यवस्थापनका लागि बोनस ऐन-२०३०, ट्रेड यूनियन ऐन-२०४९, वैदेशिक रोजगार ऐन-२०६४, रोजगारीको हक सम्बन्धी ऐन-२०७५, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन-२०७४, श्रम ऐन-२०७४, राष्ट्रिय रोजगार नीति-२०७१ र वैदेशिक रोजगार नीत-२०६८ कार्यान्वयन गरिएको छ (सोह्रौ योजना- आ. ब. २०८१/८२-२०८५/८६) ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार गाउँपालिकामा उत्पादनशील उमेर (१५-५९) समूहको जनसङ्ख्या ६२६८ (६०.८८%) रहेको छ । यो जनसङ्ख्याको पनि आर्थिक हिसाबले सक्रिय रहेको जनसङ्ख्या करिब ९५% रहेको छ भने बाँकी ५% जनसङ्ख्या आर्थिक हिसाबले निस्क्रिय रहेको देखिन्छ (राष्ट्रिय जनगणना,

२०७८) । पेसागत रोजगारीको कुरा गर्ने हो भने गाउँपालिकामा ९०% (पुरुष ८८% र महिला ९२%) मानिसहरू कृषि र कृषिसँग सम्बन्धित क्रियाकलापमा, २.७% पेसा विद्हरू, २.२% सामान्य वा प्राथमिक पेसाका कामदारहरू, शिल्पकला तथा कारिगरी र यस सम्बन्धी व्यापार गर्ने कामदारहरू १.८%, सेवा तथा वस्तु बिक्री गर्ने १.२%, व्यवस्थापक १% र अन्य बाँकी विभिन्न पेसामा संलग्न रहेका छन् (राष्ट्रिय जनगणना, २०७८) । यसबाट के देखिन्छ भने गाउँपालिकामा सबै भन्दा धेरै श्रम शक्ति कृषिमा आश्रित रहेको छ ।

आर्थिक कामको संस्थागत क्षेत्र अनुसारको काम गर्ने जनसङ्ख्यालाई हेर्ने हो भने सबै भन्दा धेरै घरायसी क्षेत्रमा काम गर्ने मानिस करिब ९३% रहेका छन् भने गैर वित्तीय क्षेत्रमा ३.६% र सरकारी क्षेत्रमा ३.४% मानिस काम गर्छन् (राष्ट्रिय जनगणना, २०७८) ।

### ३.६.२ समस्या तथा चुनौती

- आन्तरिक रोजगारीका अवसर सिर्जना गर्न नसक्नु ।
- जनसाङ्ख्यिक लाभको अधिकतम उपयोग गर्न नसक्नु
- ठूला तथा मझौला उद्योगहरू नहुँदा रोजगारीको कमी ।
- अल्पसंङ्ख्य तथा पिछडिएका समुदायको सामाजिक सुरक्षामा कम पहुँच ।
- बाहिरी लगानी आकर्षित हुन नसक्दा न्यून आर्थिक गतिविधि ।
- स्थानीय मानिसहरू श्रमको लागी अन्य शहर तथा वैदेशिक रोजगारीमा गएका ।
- उच्च दक्ष श्रम शक्ति न्यून हुनु ।
- सरकारी, सहकारी, निजी तथा सामुदायिक क्षेत्रबीच समन्वय नहुनु ।
- व्यावसायिक तथा सीप मूलक तालीमलाई श्रम बजार अनुकुल हुने गरी व्यवस्थापन गर्न ।
- विदेशबाट फर्केका श्रमिकको ज्ञान, सीप, अनुभव र पुँजीलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न नसक्नु ।
- आन्तरिक रोजगारीका अवसर सिर्जना ।
- जनसाङ्ख्यिक लाभको अधिकतम उपयोग गर्न ।
- आर्थिक रूपमा सक्रिय जनसङ्ख्यालाई स्थानीय स्तरमा नै रोजगारीका अवसरहरू सिर्जना गर्नु ।
- विदेशबाट फर्केका श्रमिकको ज्ञान, सीप, अनुभव र पुँजीलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न ।
- स्थानीय उत्पादनमा आधारित उद्योगहरूको स्थापना गरी रोजगारी सृजना हुन सक्ने ।
- बाह्य स्रोतलाई आकर्षित गरी आर्थिक गतिविधि बढाउनु ।
- श्रम शक्तिको माग र आपूर्ति बीचको सन्तुलन मिलाउनु ।
- गन्तव्य मुलुकहरूसँग द्विपक्षीय श्रम सम्झौता र त्यसको कार्यान्वय गर्नु ।
- तालिम प्राप्त जनशक्तिको निम्ति सही कामको उपलव्धता गराउनु ।
- श्रम व्यवस्थापनमा सुधार गर्न ।
- योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा स्थानीयको पहुँच स्थापित गराउनु ।

### ३.६.३ संभावना तथा अवसर

- आन्तरिक रोजगारीका पर्याप्त अवसर सिर्जना गर्ने ।
- जनसाङ्ख्यिकी लाभको अधिकतम उपयोग गर्न सक्ने ।
- आर्थिक रूपमा सक्रिय जनसङ्ख्यालाई स्थानीय श्रममा सहभागिता गराउन सक्ने ।
- स्थानीय उत्पादनलाई बाह्य बजारकेन्द्रसँग जोड्ने र आर्थिक समृद्धिमा रूपान्तरण गर्ने।

- आन्तरिक तथा बाह्य श्रम बजारको पहिचान गर्नु ।
- श्रम व्यवस्थापनमा सुधार गर्ने ।
- स्थानीय उत्पादनले बजार प्राप्त गरी कृषकहरूले उत्पादनको उचित मूल्य पाउन सक्ने ।
- विप्रेषणको उत्पादनमूलक क्षेत्रमा लगानी गरी आयआर्जन बढाउन सकिने ।
- जनसाङ्ख्यिकी लाभको अधिकतम उपयोग गर्ने ।
- स्थानीय उत्पादनमा आधारित उद्योगहरूको स्थापना गरी रोजगारी सृजना हुन सक्ने ।
- स्थानीय उत्पादनले बजार प्राप्त गरी कृषकहरूले उत्पादनको उचित मूल्य पाउन सक्ने ।
- सीपयुक्त जनशक्तिको परिचालनद्वारा समृद्धि हासिल गर्न सकिने ।
- विदेशबाट फर्किएका मानिसहरूलाई परिचालित गरी नविनतम उत्पादन प्रकियाको थालनी गर्न सकिने ।
- स्थानीय सरकारको राजस्व अभिवृद्धि हुने ।
- स्थानीय उत्पादनलाई ब्रान्डिङ् गरी बढी मूल्य प्राप्त गर्न सकिने ।
- वैदेशिक रोजगारीका सबै चरणलाई व्यवस्थित गर्ने ।

**३.६.४ उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना**

**सोच**

स्थानीय श्रमशक्तिलाई रोजगारी; सिलीचोङ गाउँपालिकाको समृद्धि ।

**लक्ष्य**

स्थानीय स्तरमै दक्ष तथा सीपयुक्त मानव संसाधनको विकास गर्नु ।

**उद्देश्य**

- आन्तरिक रोजगारीका पर्याप्त अवसर सिर्जना गर्ने ।
- बेरोजगार तथा अर्धबेरोजगारलाई रोजगारीका अवसरहरू विस्तार गर्नु ।
- सामाजिक सुरक्षा संरक्षण मार्फत नागरिकको आर्थिक, सामाजिक, पर्यावरणीय र अन्य जोखिम कम गर्नु।

**रणनीति तथा कार्यनीति**

- श्रमिकको हक र अधिकारको कानुनी तथा आर्थिक आधार तयार गरिनेछ ।
- लगानीमैत्री वातावरण सिर्जना गरी निजी तथा सामुदायिक/सहकारीको माध्यमद्वारा रोजगारीका अवसर निर्माण गरिनेछ ।
- प्राविधिक शिक्षा, व्यावसायिक तालिम तथा सीपको माध्यमबाट दक्ष जनशक्तिको उत्पादन गरिनेछ।
- योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई औपचारिक क्षेत्रका साथसाथै अनौपचारिक क्षेत्रमा समेत बिस्तार गरी सर्वव्यापी बनाउने ।
- वैदेशिक रोजगारीलाई कम खर्चिलो, शुरक्षित र मर्यादित बनाउने र विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गरिनेछ ।

**कार्यक्रम तथा आयोजना**

| छ. श्रम, रोजगार तथा गरीबी निवारण | | | | | |
|---|---|---|---|---|---|
| **क्र. सं.** | **योजना तथा कार्यक्रम** | **आ. व. २०८२/८३** | **आ. व. २०८३/८४** | **आ. व. २०८४/८५** | प्राथमिकिकरण |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री रोजगार कार्यक्रम प्रवर्द्धन | ४०० | ४०० | ४०० | |
| २ | बेरोजगार सूचीकृत भएकालाई रोजगारको व्यवस्था | ४८० | ४८० | ४८० | |
| ३ | उद्यमशिलता विकास तालिम | १३३.० | २६८.० | १९९.५ | |
| ४ | ड्राइभिङ, सिकर्मी, डकर्मी, प्लम्बर, ईलेक्ट्रिकल, ईलेक्ट्रोनिक्स आदि तालिम | २५० | २५० | २५० | |
| ५ | वैदेशिक रोजगार सीप सम्बन्धी अभिमुखीकरण | १०० | १०० | १०० | |
| ६ | व्यवसाय सुरुवात गर्न बीउ पूँजीको व्यवस्था | ३०० | ४०० | ५०० | |
| ७ | गरिब परिवारका घर पहिचान गरी रोजगारको व्यवस्था | ४८० | ४८० | ४८० | |
| | Job Bnak को स्थापना गर्न अध्ययन | १०० | | | २ |
| | Job information software निर्माण | | ५०० | | २ |
| | **कुल** | **२१४३** | **२३७८** | **२४१०** | |

### ३.६.५ अपेक्षित उपलब्धि

- सीप युक्त जनशक्तिको सङ्ख्यामा बढेको हुनेछ ।
- रोजगारदाताहरूको अभिलेख अद्यावधिक हुनेछ ।
- आर्थिक रूपमा सक्रिय जनसङ्ख्यालाई रोजगारीको सिर्जना हुनेछ ।
- श्रमिकहरूको श्रम सम्मान, मर्यादा र जीवनस्तर बढेको हुनेछ ।
- श्रम र कामदार प्रति असल सम्बन्ध स्थापना हुनेछ ।
- वैदेशिक रोजगारी व्यवस्थित र मर्यादित भएको हुनेछ ।
- न्यूनतम पारिश्रमिक पालना हुनेछ ।
- श्रम अडिट हुनेछ ।
- सामाजिक सुरक्षा प्रभावकारी भएको हुनेछ ।
- विप्रेषण उत्पादन क्षेत्रमा लगानी भई श्रमिकको जीवनस्तरमा स्तरोन्नति भएको हुने छ ।
- सिपयुक्त अर्धदक्ष र दक्ष मानव संसाधनको विकास हुनेछ ।
- बेरोजगार युवाको जनसङ्ख्यामा उल्लेख्य कमी आएको हुनेछ ।

### ३.६.६ जोखिम तथा अनुमान पक्ष

- आवश्यक दक्ष जनशक्ति र प्राविधिकहरूको सहज आपूर्ति हुनुपर्ने ।
- गाउँपालिका भित्रै रोजगारीको अवसरहरू हुनुपर्ने
- शुरक्षित र सहज लगानीको वातावरण हुनुपर्ने ।
- स्थानीय सङ्घसंस्था र दातृनिकायहरूको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- गाउँपालिका, प्रदेश र सङ्घीय सरकारबीच श्रम, रोजगारी सृजना र नागरिकको सामाजिक सुरक्षामा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

# अध्याय ४: सामाजिक क्षेत्र

## ४.१ स्वास्थ्य तथा पोषण

### ४.१.१ पृष्ठभूमि

प्रत्येक नेपाली नागरिकलाई नेपालको संविधान, २०७२ ले आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ । स्वास्थ्यले मानव जीवनभर उत्पादकत्व र श्रम शक्ति सहभागितालाई प्रभाव पार्छ । जनसङ्ख्याको स्वास्थ्य स्थितिले दीर्घकालीन आर्थिक समृद्धि र सामाजिक आर्थिक रूपान्तरणमा महत्वपूर्ण योगदान दिन्छ । यस सन्दर्भमा सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा सहितको प्रणाली सुनिश्चित गर्नु आवश्यक छ । नेपालको स्वास्थ्य क्षेत्रमा क्रमिक सुधारको अवस्था आएको छ । आर्थिक वर्ष २०७९/८० को अन्त्य सम्ममा प्रोटोकल अनुसार कम्तीमा चार पटक गर्भवती जाँच गराउने महिला ८०%, दक्ष स्वास्थ्य कर्मीको उपस्थितमा जन्मिएका शिशु ७९%, पूर्ण खोप पाउने बालबालिका ८०%, मातृ मृत्यु अनुपात१५१ प्रति लाख जीवित जन्ममा पुगेको छ (सोह्रौ योजना २०८१/८२-२०८५/८६)।

गाउँपालिकामा १ वटा प्राथमिक स्वास्थ्य केन्द्र, ३ वटा स्वास्थ्य चौकी र १ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र  रहेका छन् । भौगोलिक विकटता र भौतिक पूर्वाधारको अभावका कारण स्वास्थ्य सेवामा स्थानीयहरूको पहुँच न्यून रहेको छ। यो गाउँपालिका पूर्ण खोप युक्त गाउँपालिका हो। गर्भवती अवस्थामा जँचाउनको सङ्ख्या र भिटामिन लिनेको सङ्ख्या पनि औसतमा ९०% रहेको देखिन्छ। स्वास्थ्य परीक्षण गर्ने गर्भवती महिलाहरू९२% (राष्ट्रिय जनगणना, २०७८) ।

भोकमरी, कुपोषण र लुकेको भोक (Hidden Hunger) बाट स्थानीयहरूलाई माथि उठाउन पालिकामा रहेका सबै प्रकारको गरिबी हटाई दिगो विकासको लक्ष्य प्राप्त गर्न विशेष योजना तथा कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ। गाउँपालिकाको यो वस्तुगत अवस्था आर्थिक वर्ष २०७८  को जनगणनाको हो। यो ४ वर्षको बीचमा स्थानीयहरूको जीवन स्तर परिवर्तन भएको छ र पहिलेको जस्तो अभाव नभएको कुरा गाउँपालिकाको विभिन्न छलफलबाट निर्क्यौल गर्न सकिन्छ (स्रोतः गाउँपालिकाको कार्यपालिकाको छलफल, वडा भेला तथा छलफल र स्थानीय जानिफकारहरूसँगको छलफल, २०८२)।

### ४.१.२ समस्या तथा चुनौती

- अस्पतालको अभावले गम्भिर प्रकारको रोग निदानमा समस्या।
- सरकारी स्वास्थ्य संस्थामा आवश्यकता अनुसारको उपकरण र विशेषज्ञ चिकित्सकको अभाव।
- कुपोषण, श्वास प्रश्वास जन्य स्वास्थ्य समस्या रहनु।
- स्वास्थ्य र पोषण सम्बन्धी चेतनाको कमी।
- सबै घरपरिवरमा पोषण र खाद्य सुरक्षाको पहुँच नहुनु।
- अपाङ्गता भएका व्यक्ति तथा महिलाहरूको स्वास्थ्य चौकीको कमजोर पहुँच।
- स्वास्थ्य र पोषण सम्बन्धी चेतनाको कमी।
- गरीबी र बेरोजगारीको कारण पोषणमा कमी
- स्वास्थ्य बिमालाई सबैको दायरामा पुऱ्याउन नसक्नु।
- आधारभूत स्वास्थ्य सेवालाई सबैको पहुँच भित्र ल्याउनु।

- सबै सुत्केरी सेवालाई संस्थागत दायरामा ल्याउनु ।
- निशुल्क, स्वास्थ्य संस्थामा आधारभूत तथा अत्यावश्यक औषधी सर्वसुलभ उपलब्ध गराउनु।
- स्वास्थ्य संस्थाहरूमा आधारभूत सुविधा युक्त (औजार/उपकरण, दक्ष जनशक्ति र पूर्वाधार) पुऱ्याउनु।
- स्वास्थ्य बिमालाई सबै नागरिकको दायरामा पुऱ्याउनु ।
- खाद्य सचेतना तथा खाद्य व्यवहार सुधारलाई स्वास्थ्य प्रणालीको अङ्गको रूपमा विकास गर्नु ।
- बालबालिका मृत्युदर कम गर्नु ।
- पूर्ण खोपयुक्त पालिकाको दर्जालाई निरन्तरता दिन ।

### ४.१.३ संभावना तथा अवसर

- पूर्वाधारहरूको विकास गरी स्वास्थ्य सेवामा स्थानीय नागरिकहरूको सहज पहुँच स्थापना गर्न सकिने ।
- नयाँ स्वास्थ्य संस्थाहरूको विकास हुँदै गरेको हुँदा जनतामा स्वास्थ्य पहुँच बढाउन सकिने ।
- नागरीकहरूलाई स्वास्थ्य तथा सरसफाइमा परिचालित गर्न सकिने ।
- आधारभूत स्वास्थ्य सेवा भरपर्दो र प्रभावकारी बनाउन सकिने ।
- स्वास्थ्य सचेतनामा क्रमिक वृद्धि हुँदै गएकोले स्वास्थ्य चेतना वृद्धि गर्ने सकिने।
- स्थानीय उत्पादनमा वृद्धि गरी खाद्य सुरक्षाको स्थितिमा सुधार ल्याउन सकिने।
- गाउँपालिकामा रहेका स्वास्थ्य केन्द्रहरूको स्तरोन्नती गरी स्वास्थ्य सेवालाई सहज बनाउन सकिने ।
- राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रम सञ्चालनमा रहनु ।
- स्वास्थ्य क्षेत्रमा सुशासन तथा सामाजिक न्याय कायम गर्ने ।

### ४.१.४ उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजना

**सोच**

स्वास्थ्य नागरिक, खाद्य सुरक्षा सहितको गुणस्तरीय जीवनयापन ।

**लक्ष्य**

सबैको पहुँचमा गुणस्तरीय स्वास्थ्य सेवा र पोषण सहितको खाद्य सुरक्षा उपलब्ध भएको हुनेछ ।

**उद्देश्य**

- आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्नु ।
- पोषण र खाद्य सुरक्षालाई सबैको पहुँचमा पुऱ्याउनु ।

**रणनीति तथा कार्यनीति**

- आधारभूत स्वास्थ्यमा समता मूलक पहुँच सुनिश्चित गर्ने ।
- वैकल्पिक स्वास्थ्य सेवाको प्रवर्द्धन गर्ने ।
- स्वास्थ्य, पोषण तथा खाद्य सुरक्षाबारे चेतना अभिवृद्धि गर्ने ।

**कार्यक्रम तथा आयोजना**

| क. स्वास्थ्य तथा पोषण | | | | | |
|---|---|---|---|---|---|
| क्र. स. | योजना तथा कार्यक्रम | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ | आ. व. २०८४/८५ | प्राथमिकीकरण |
| १ | वडा नं. २ मा कङथुला सामुदायीक स्वास्थ्य इकाई भवन निर्माण | १०००० | १०००० | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | वडा नं. ५ मा गौचला सामुदायीक स्वास्थ्य इकाई भवन निर्माण | १०००० | १०००० | ० | |
| ३ | प्रत्येक स्वास्थ्य केन्द्रमा आबश्यकता अनुसारको स्वास्थ्य सामग्री उपलब्ध गराउने | २००० | २००० | २००० | |
| ४ | स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन | १५० | १५० | १५० | |
| ५ | पाठेघर सम्बन्धी वडा स्तरीय शिविर जनचेतना (पोष्टर, ब्रोसर) | २०० | २०० | २०० | |
| ६ | स्वयंसेविका प्रोत्साहन पुरस्कार | १०० | १०० | १०० | |
| ७ | नि:शुल्क आयुर्वेद तथा योग स्वास्थ्य शिविर | १५० | १५० | १५० | |
| ८ | स्वास्थ्यकर्मीको लागि क्षमता अभिवृद्धि तालिम | २०० | २०० | २०० | |
| ९ | स्वास्थ्य तथा पोषण सम्बन्धी जनचेतना अभिवृद्धि | १०० | १०० | १०० | |
| १० | दीर्घ रोगीहरुको पूर्ण औषधी उपचारको व्यवस्था | ५०० | ५०० | ५०० | |
| ११ | स्वास्थ्य कार्यक्रम अनुगमन | १०० | १०० | १०० | |
| | **कुल** | **३५०००** | **३९३००** | **३१८५०** | |

### ४.१.५ अपेक्षित उपलब्धि

- पूर्ण खोपयुक्त गाउँपालिकाको पहिचान निरन्तर हुनेछ ।
- सतप्रतिशत परिवारमा खाद्य सुरक्षा उपलब्ध भएको हुनेछ ।
- सतप्रतिशत बिरामीहरूको आधारभूत उपचार स्वास्थ्यकेन्द्रमा गराइनेछ ।
- ९५% भन्दा बढी महिलाले संस्थागत सुत्केरी सेवा प्राप्त गरेका हुनेछन् ।
- बालबालिकाको बिरामी दर र मृत्युदर घट्नेछ ।
- विद्यमान स्वास्थ्य चौकीहरूको स्तरोन्नति सहित आधारभूत सुविधा तथा प्रसूति सेवा उपलब्ध भएको हुनेछ ।
- रिफरल अस्पतालसँग सहकार्य सम्झौता भएको हुनेछ ।
- स्वास्थ्य बिमाको पहुँच ७०% जनसङ्ख्यामा स्थापित भएको हुनेछ ।
- सबै विद्यालयमा पोषण स्वास्थ्य कार्यक्रम पुगेको हुनेछ ।

### ४.१.६ जोखिम तथा अनुमान पक्ष

- गाउँपालिकाले स्वास्थ्य तथा पोषण कार्यक्रमलाई प्राथमिकताका साथ सम्वर्द्धन तथा प्रवर्द्धन गर्नेछ ।
- सामुदायिक सङ्घ संस्था र नागरिक समाजको सहयोग भएको हुनेछ ।
- सङ्घीय र प्रदेश र स्थानीय सरकारसँग समन्वय भएको हुनेछ ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

## ४.२ शिक्षा, भाषा तथा नवप्रवर्तन

### ४.२.१ पृष्ठभूमि

सभ्य र सुसंस्कृत समाजको निर्माणमा शिक्षाको सर्वोपरी भूमिका रहेको हुन्छ । विज्ञान तथा प्रविधिमैत्रि शिक्षा प्रदान गर्न सकेमात्र सक्षम मानव संशाधन तयार हुन्छ । आधुनिक समाज निर्माण गर्न शिक्षामा बृहतर लगानी गर्नुपर्ने हुन्छ । विश्वभर विकसित मुलुकहरूको समग्र विकासको कारण भनेकै ती मुलुकहरूको शिक्षामा गरेको विशाल लगानीको प्रतिफल हो । नेपालको संविधान २०७२ ले शिक्षालाई नागरिकको मौलिक हकको रूपमा स्थापित गरेको छ । विशेषगरी आधारभूत तह सम्मको शिक्षा निःशुल्क र अनिवार्य साथै माध्यमिक तह सम्मको शिक्षा निःशुल्क गरेको छ । उक्त परिप्रेक्ष्यमा राज्य विशेषगरी स्थानीय सरकारको भूमिका र जिम्मेवारी महत्वपूर्ण हुन गएको छ ।

गाउँपालिकामा ३७ वटा सामुदायिक विद्यालयहरू सञ्चालनमा रहेका छन् । कुल विद्यालयमा २८ वटा आधारभूत, ७ वटा माध्यामिक विद्यालय रहेका छन् भने हाल २ वटा विद्यालय विद्यार्थी सङ्ख्या शून्य देखिन्छ । सगरमाथा मा. वि. ताम्कुमा हाल सिटिइभिटीबाट सञ्चालित कृषि विषयको अध्यापन गराइन्छ । सिलीचोङ गाउँपालिकाको विद्यालयमा अध्ययन गर्ने कुल विद्यार्थीहरूको सङ्ख्या १९०० रहेको छ । जसमध्ये छात्राको सङ्ख्या ९२३ (४८.६%) र छात्रको सङ्ख्या ९७७ (५१.४%) रहेको छ । गाउँपालिकाका ३० वटा विद्यालयमा बाल विकास कक्षाहरू सञ्चालित छन् । शिक्षक सङ्ख्या कुल १५४ रहेको छ भने विद्यार्थी शिक्षक अनुपात १२:१ (१२ विद्यार्थी बराबर १ शिक्षक) रहेको देखिन्छ । विद्यार्थी भर्ना दर ९८.०६%, कक्षाउन्नती दर ८९.५९% र विद्यालय छाड्ने दर २.०४% रहेको छ । गाउँपालिकामा ८०.९% जनसङ्ख्या साक्षर रहेको देखिन्छ । यो भनेको कुल राष्ट्रिय स्तर (७६.२%) को भन्दा करिब ४.७% ले बढी हुन आउँछ । पुरुष साक्षरता दर ८७.०१ र महिला साक्षरता दर ७४.६% रहेको छ ।

### ४.२.२ समस्या तथा चुनौती

- विद्यार्थीको स्तर वृद्धि सँगै विद्यार्थीको भर्ना दर १००% नहुन ।
- गुणस्तरीय शिक्षामा पहुँचमा कमी ।
- कमजोर शैक्षिक पूर्वाधार तथा पहुँच ।
- दरबन्दी अनुसार शिक्षक पदपूर्ति नभएको ।
- विद्यालयमा छात्रा मैत्री, बाल मैत्री र अपाङ्ग मैत्री भौतिक पूर्वाधार नहुनु ।
- शिक्षकहरूमा पेसागत दक्षतामा कमी हुनु ।
- भौगोलिक विकटता र सडक पूर्वाधारको अभावले विद्यालय पुग्ने औसत समय धेरै हुनु ।
- विद्यालयको भौतिक तथा अन्य शैक्षिक पूर्वाधारको व्यवस्था कमी रहेको ।
- गुणस्तरीय शिक्षाको पहुँचको सुनिश्चितता गर्न
- विद्यार्थीको भर्ना दर, कक्षा छाड्ने दर र दोहोर्‍याउने दर घटाउनु ।
- शिक्षण र सिकाइ दरमा सुधार गर्नु ।
- भौगोलिक विकटता र सडक पूर्वाधारको अभावले विद्यालय पुग्ने औसत समय धेरै हुनु।
- शैक्षिक पूर्वाधारको विकास ।
- गुणस्तरीय र प्रतिस्पर्धात्मक शिक्षामा जोड दिनु
- दरबन्दी अनुसार शिक्षक पदपूर्ति गर्नु ।

- स्थानीय स्तरमा नै गुणस्तरीय शिक्षाको अवसर बढाउनु ।
- भौगोलिक विकटता र सडक पूर्वाधारको अभावले विद्यालय पुग्ने औसत समय धेरै हुनु ।
- अन्वेषणात्मक तथा नयाँ विषयवस्तुमा आधारित भइ सिपयुक्त शिक्षाको विकास गर्न ।

**४.२.३ संभावना तथा अवसर**

- सीपयुक्त जनशक्तिलाई परिचालित गरी स्वरोजगार बनाउन सकिने ।
- विदेशबाट फर्किएका जनशक्तिको ज्ञान सिपलाई स्थानीय विकासमा लगाउन सकिने।
- स्थानीय सरकारले नियमित अनुगमनबाट विद्यालय शिक्षालाई समय सापेक्ष बनाउन सकिने ।
- परम्परा देखि प्रयोग हुँदै आएको स्थानीय सीप तथा ज्ञानलाई उपयोग गर्न सकिने (जस्तै. काठको उत्पादन,
- बाँस तथा निगालो, अल्लोको कपडा र तान, भेडा तथा चौँरीको रौँबाट बन्ने वस्तु) .
- शिक्षा र सीपलाई उत्पादन र बजारसँगै जोड्ने ।
- आधारभूत शिक्षा मौलिक हकको रूपमा स्थापित हुनु
- शैक्षिक वातावरण, पूर्वाधार र सामाग्रीहरूको व्यवस्था गरी साक्षरता वृद्धि गर्न सकिने ।
- शैक्षिक जनशक्ति उत्पादन गरी स्थानीय जनशक्तिको मागलाई पूर्ति गर्न सकिने ।
- वैदेशिक रोजगारबाट फर्किएका युवाहरू उद्यम विकासमा लाग्न थालेका हुँदा नयाँ नयाँ क्षेत्रहरूमा अवसर बढ्दै गएको ।
- अन्वेषणात्मक तथा नयाँ विषयवस्तुमा आधारित भई सिपयुक्त शिक्षाको विकास गर्नु ।
- शैक्षिक सुशासन सुनिश्चित गर्न ।

**४.२.४ उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना**

**सोच**

दक्ष जनशक्तिको लागि गुणस्तरीय शिक्षा ।

**लक्ष्य**

दक्ष मानव संसाधनको निर्माण गरी गाउँपालिकाको समृद्धिको आधार तयार गर्ने ।

**उद्देश्य**

- गुणस्तरीय शिक्षामा सबै वर्ग एवम् समुदायको समता मूलक पहुँच पुऱ्याउनु ।
- प्राविधिक, व्यावसायिक, सीपयुक्त एवम् व्यवहारिक शिक्षाको विकास एवम् विस्तार गर्नु ।

**रणनीति तथा कार्यनीति**

- आधारभूत सुविधा सहितको शैक्षिक पूर्वाधारको विकास गरिनेछ ।
- शिक्षामा समतामूलक पहुँच स्थापित हुनेछ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास र विस्तार गरिनेछ ।

**कार्यक्रम तथा आयोजना**

| **ख. शिक्षा** | | | | | |
|---|---|---|---|---|---|
| **क्र. स.** | **योजना तथा कार्यक्रम** | **आ. व. २०८२/८३** | **आ. व. २०८३/८४** | **आ. व. २०८४/८५** | **प्राथमिकीकरण** |
| १ | स्थानीय भाषा, कला तथा साहित्य प्रवर्धन तथा संरक्षण गर्ने । | २०० | २०० | २०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | रैथाने वस्तु तथा प्रविधि, संस्कृति, सुशासन, भ्रष्टाचार सम्बन्धी जीवन उपयोगी शिक्षा सञ्चालन | ४०० | ४०० | ४०० | |
| ३ | माध्यामिक विद्यालयहरूमा लाईब्रेरी, ईन्टरनेट र कमप्युटर ल्याव स्थापना | १०००० | १०००० | १०००० | |
| ४ | आधारभूत आर्टिफिसियल इन्टलिजेन्स विषयात्मक तालिमको व्यवस्था | ४०० | ४०० | ४०० | |
| ५ | स्मार्ट बोर्डको माध्यमबाट पठनपाठन व्यवस्था | १००० | १००० | १००० | |
| ६ | विद्यालयमा सि. सि. टिभी जडान | ८०० | ८०० | ८०० | |
| ७ | छात्रावास भवन निर्माण | १५००० | १५००० | १५००० | |
| ८ | खेल मैदान निर्माण तथा स्तरोन्नति | २००० | ५००० | ५००० | |
| ९ | विद्यालय घेराबार | १२०० | १२०० | १२०० | |
| १० | अपाङ्ग, छात्रा तथा वाल मैत्री शौचालय निर्माण | १५०० | १५०० | २००० | |
| ११ | खानेपानीको व्यवस्था | १००० | १००० | १००० | |
| १२ | खेलकुद सामाग्रीको व्यवस्था | २०० | २०० | २०० | |
| १३ | फर्निचरको व्यवस्था | ३०० | ३०० | ३०० | |
| १४ | प्राथमिक उपचारको साधन उपलब्ध गर्ने | ३०० | ३०० | ३०० | |
| १५ | प्र. अ. तालिम (संस्थागत समेत) | १०० | ० | १०० | |
| १६ | खेल प्रशिक्षक व्यवस्था | ५०० | ५०० | ५०० | |
| १७ | उत्कृष्ट शिक्षक पुरस्कार (वार्षिक १ महिला र १ पुरुष) | ६० | ६० | ६० | |
| १८ | विद्यालय शिक्षा पुरस्कार | १०० | १०० | १०० | |
| १९ | स्थानीय पाठ्यक्रम निर्माण/अद्यावधिक | १००० | ० | ० | |
| | **कुल** | **३६०६०** | **३७९६०** | **३८५६०** | |

### ४.२.५ अपेक्षित उपलब्धि

- साक्षरता दर ८७% प्रतिशत पुगेको हुनेछ ।
- आधारभूत तहको खुद भर्ना दर १००% प्रतिशत पुगेको हुनेछ ।
- माध्यमिक तहको खुद भर्ना दर ८०% पुगेको हुनेछ ।
- विद्यालय छाड्ने दरमा उल्लेख्य कमी आएको हुनेछ ।
- स्थानीय पाठ्यक्रम निर्माण भई लागू भएको हुनेछ ।
- हरेक माध्यामिक तहको विद्यालयमा कम्प्यूटर ल्याव र विज्ञान प्रयोगशाला स्थापना भएको हुनेछ ।
- सबै शिक्षकहरूले तालिम प्राप्त गरेका हुनेछन् ।
- दरबन्दी अनुसार शिक्षकहरूको पदपूर्ति भएको हुनेछ ।
- अनौपचारिक शिक्षा मार्फत साक्षरता दर बढेको हुनेछ ।
- प्राविधिक विद्यालय स्थापना भएको हुनेछ ।

### ४.२.६ जोखिम तथा अनुमान पक्ष

- सामुदायिक सङ्घ/संस्था र नागरिक समाजको सहयोग भएको हुनेछ ।
- सङ्घीय र प्रदेश सरकारको सहयोग भएको हुनेछ ।

- शिक्षा र विज्ञानको लागी केन्द्र र प्रदेश सरकारको सहयोग निरन्तर हुनेछ ।

## ४.३ खानेपानी तथा सरसफाई

### ४.३.१ पृष्ठभूमि

गाउँपालिकामा खानेपानीको मुख्य स्रोत मूल र खोला  हो । राष्ट्रिय जनगणना, २०७८ का अनुसार गाउँपालिकाका कुल घर धुरी मध्ये सबैभन्दा बढी ७५.२६०% घर धुरीले धारा/पाइप(घर परिसर बाहिर) को पानी प्रयोग गरेको देखिन्छ भने २३.२५% घर धारा/पाइप (घर परिसर भित्र) को पानी र बाँकी ३७ घर धुरीले मूल धारा, खुला कुवा तथा अन्य पानीको स्रोत प्रयोग गरेको पाइन्छ ।

राष्ट्रिय जनगणना, २०७८ का अनुसार गाउँपालिकाको ९८.०६% घर धुरीमा शौचालय व्यवस्था छ । जस मध्य २७% घर धुरीमा फ्लस शौचालय सेफ्टी टैंक सहितको र ७७.८८ मा साधारण शौचालय रहेको छ । गाउँपालिकाको कुल १४९ (२.८५%) घर धुरीमा शौचालय छैन । सबै भन्दा बढी शौचालय नहुने घर धुरी वडा ३ मा ७७ रहेका छन् । पालिकामा वडागत रूपमा मुख्य बस्तीमा बजार केन्द्र, प्रशासनिक केन्द्र, सेवा केन्द्रको विकास भइरहेको छ । यी वजारकेन्द्रहरूमा फोहोर मैलाको व्यवस्थापन गर्दै जानु पर्ने देखिन्छ ।

खानेपानी तथा सरसफाइ सेवाले मानव स्वास्थ्यमा बहुआयामिक प्रभाव पर्दछ । त्यसकारण गाउँपालिकाले नागरिकको स्वस्थ्य लाई ध्यान दिई **"स्वच्छ पानी रोग मुक्त जिन्दगानी कार्यक्रम"** भन्ने नीति लिई अगाडी बढ्नु पर्दछ । यो वास्तविकतालाई ध्यान केन्द्रित गर्दै गाउँपालिकाले आगामी आ. व. को वार्षिक कार्यक्रममा एक घर एक धारा र एक घर एक व्यवस्थित शौचालयको निर्माणमा जनस्तरमा चेतना फैलाइनुका साथै सेवा पुऱ्याउन पनि सहयोग गर्नु पर्दछ ।

### ४.३.२ समस्या तथा चुनौती

- प्रत्येक घर धुरीमा खानेपानीको सुविधा नहुनु ।
- प्रत्येक घर धुरीमा शौचालयको सुविधा नहुनु ।
- वातावरणीय सरसफाइमा त्यति धेरै चासोको विषय नहुनु ।
- जनचेतनाको स्तर न्यून हुनु ।
- स्वच्छ खानेपानीको व्यवस्था नहुँदा पानी जन्य रोगहरू वढ्नु ।
- व्यक्तिगत तथा सामुदायिक सरसफाइको अभ्यास कमजोर हुनु ।
- सार्वजनिक शौचालय नभएको ।
- स्वच्छ पानीको वितरण गर्नु ।
- खानेपानीका मुहानहरूको संरक्षण गर्नु ।
- खानेपानी प्रणालीको दिगो व्यवस्थापन गर्नु ।
- "एक घर एक धारा र एक चर्पी" नीतिको प्रभावकारी कार्यान्वयन गर्नु ।
- सरसफाइको अभ्यास बढाउनु ।
- शुद्ध खानेपानी र वातावरण सरसफाइमा जन चेतनाको स्तर उठाउन ।

### ४.३.३ संभावना तथा अवसर

- "एक घर एक धारा" नीति अनुसार प्रत्येक घर धुरीमा खानेपानीको धारा जोड्न ।

- "एक घर एक शौचालय" नीति अनुसार प्रत्येक घर धुरीमा शौचालय निर्माणमा सहयोग गर्न ।
- स्वच्छ पानीको वितरण गर्न सकिने ।
- खानेपानीका मुहानहरूको संरक्षण गर्न सकिने।
- खानेपानी प्रणालीको दिगो व्यवस्थापन बनाउने ।
- प्रत्येक व्यक्तिमा शुद्ध खानेपानी र सरसफाइ सम्बन्धी सकारात्मक बुझाइ र व्यवहारमा परिवर्तन ल्याउन ।
- घर, भान्छाघर, आँगन, करेसाबारी, गल्ली तथा सडक सफा बनाउन ।
- खानेपानी तथा सरसफाइ सेवालाई नेपालको संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेको ।
- स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय स्तरको खानेपानीलाई स्थानीय तहको अधिकारमा राख्नु ।
- पानीको स्रोहरूको संरक्षण गरी प्राकृतिक स्रोतको सदुपयोग गर्न मद्दत पुग्ने । खानेपानी तथा सरसफाइलाई पालिकाले आफ्नो जिम्मेवारीको रूपमा ग्रहण गर्नु ।
- खानेपानीमा विभिन्न सरकारी, निजी तथा गैसस विच सहकार्य हुनु ।
- स्वच्छ खानेपानी तथा सरसफाइको कारण जनस्वास्थ्यमा सुधारमा सहयोग पुग्ने ।
- स्वच्छ, सफा, हराभरा गाउँपालिका स्थापित हुने ।

### ४.३.४ उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**सोच**

स्वच्छ पानी रोग मुक्त जिन्दगानी कार्यक्रम

**लक्ष्य**

खानेपानी शुद्धीकरण र वातावरण सरसफाइका माध्यमबाट रोगको न्यूनीकरण हुने ।

**उद्देश्य**

- प्रत्येक घरधुरीमा शुद्ध खानेपानीको सुविधा पुऱ्याउने ।
- घरायसी वातावरण सरसफाइमा राख्नु ।

**रणनीति तथा कार्यनीति**

- एक घर एक धाराको अवधारणा अनुसार स्वच्छ खानेपानी उपलब्ध गराउने ।
- प्रत्येक घरमा शौचालय निर्माण गर्नुका साथै वातावरणीय सरसफाइमा जोड दिने ।

**कार्यक्रम तथा आयोजना**

| ग. खानेपानी तथा सरसफाइ | | | | | |
|---|---|---|---|---|---|
| क्र. स. | योजना तथा कार्यक्रम | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ | आ. व. २०८४/८५ | प्राथमिकीकरण |
| १ | खानेपानी तथा सरसफाइ गुरुयोजना निर्माण | १५०० | ० | ० | |
| २ | १ घर १ धारा खानेपानी निर्माण | ५००० | ५००० | ५००० | |
| ३ | खानेपानी मुहान संरक्षण | ३०० | ३०० | ३०० | |
| ४ | खानेपानी योजना मर्मत सम्भार | ५००० | ५००० | ५००० | |
| ५ | सरसफाइ प्रवर्द्धन कार्यक्रम | १०० | १०० | १०० | |
| ६ | १ घर १ शौचालय (निर्माण सामाग्री उपलब्ध गराउने) | ६०० | ० | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | मुख्य बजार केन्द्रहरूमा सार्वजनिक शौचालयहरूको निर्माण गर्ने । | ३००० | ३००० | ३००० | |
| | **कुल** | **१५५००** | **१३४००** | **१३४००** | |

### ४.३.५ अपेक्षित उपलब्धि

- एक घर एक धाराको जडान भएको हुनेछ ।
- एक घर एक एक शौचालयको निर्माण भएको हुनेछ ।
- मुख्य बजार केन्द्रहरूमा सार्वजनिक शौचालयको निर्माण भएको हुनेछ ।
- खानेपानीको श्रोतहरूको संरक्षण भएको हुनेछ ।
- सरसफाइको अवस्थामा उल्लेख्य सुधार भएको हुनेछ ।
- खानेपानी र सरसफाइ सम्बन्धी जनचेतनाको विकास भएको हुनेछ ।

### ४.३.६ जोखिम तथा अनुमान पक्ष

- खानेपानी र सरसफाइमा स्थानीय जनसमुदाय र उपभोक्ता समितिको सहयोग र सहभागिता हुनेछ ।
- नागरिकहरूमा खानेपानी र सरसफाइ प्रति सचेतना वृद्धि हुँदै जानेछ ।
- सङ्घीय र प्रदेश सरकारको सहयोग भएको हुनेछ ।
- खानेपानी र सरसफाइको लागी सङ्घीय तथा प्रदेश सरकारको सहयोग निरन्तर हुनेछ ।

## ४.४ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण

### ४.४.१ पृष्ठभूमि

नेपालको संविधानले समानुपातिक, समावेशी र सहभागिता मुलक सिद्धान्तका आधारमा विभेद रहित् आर्थिक समानतायुक्त, समाजीका,  न्यायसहित समतामुलक समृद्ध समाजको निर्माण गर्ने सङ्कल्प लिएको छ । आर्थिक, सामाजिक, सांस्कृतिक, भौगोलिक, प्रशासनिक, राजनैतिक, दृष्टिले पछाडी परेका विभिन्न लक्षित वर्ग, समुदाय एवम् लिङ्ग (महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम समुदाय, उत्पिडित तथा पिछडावर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, बालबालिका, अपाङ्ग भएका व्यक्ति, ज्येष्ठ नागरिक, आर्थिक रूपले विपन्न खस आर्य) तथा विशेष संरक्षणको आवश्यकता भएका नागरिकको संरक्षण, सशक्तीकरण र विकासका लागि संविधानले मौलिक हकको रूपमा व्यवस्था र नीतिगत तथा कानुनी संरक्षण समेत प्रदान गरेको छ । संविधानले प्रत्याभूत गरेका मौलिक हक तथा अधिकारको कार्यान्वयनका लागि गरिएका नीतिगत कानुनी तथा कार्यक्रमका प्रयास स्वरूप लक्षित वर्गको सशक्तीकरण, समावेशीकरण तथा सामाजिक परिचालनका क्षेत्रमा केही महत्वपूर्ण उपलब्धि हासिल भएका छन् (सोह्रौं योजना २०८१/८२-२०८५/८६) । सिलीचोङ गाउँपालिकामा समस्या तथा सम्भावनालाई सम्बोधन गर्न निम्न उल्लिखित कार्यक्रम तथा योजना सञ्चालनमा ल्याउनु पर्ने देखिन्छ ।

### ४.४.२ समस्या तथा चुनौती

- शिक्षा, स्वास्थ्य लगायत सेवामा महिलाको न्यून पहुँच ।
- महिला, अपाङ्गता तथा वाल मैत्री पूर्वाधारको कमी ।
- अशक्त तथा जेष्ठ नागरिकलाई असमान व्यवहार गर्ने प्रवृत्ति बढ्दो ।
- लक्षित वर्गमा सचेतनाको अभाव ।
- लक्षित बर्गहरू आर्थिक रूपमा अत्यन्तै पछाडि पर्नु ।
- लक्षित वर्गका लागी कार्यक्रमहरू हुनु ।
- स्थानीय तहमा समानता र सामाजिक समावेशीकरणको दृष्टिकोणलाई मूलप्रवाहमा ल्याउन ज्ञान, दक्षता र क्षमता भएका जनशक्तिको उचित व्यवस्थापन गर्नु ।
- अन्तर निकाय र समन्वय र सहकार्यलाइ प्रभावकारी बनाउनु ।
- लक्षित वर्गको शिक्षा र स्वास्थ्य जस्ता क्षेत्रमा पहुँच स्थापित गर्नु ।

### ४.४.३ संभावना तथा अवसर

- महिला, बालबालिकाहरू समेत गाउँपालिकाको प्राथमिकतामा रहँदै आएको ।
- विकासमा लक्षित वर्ग र समुदायलाई परिचालित गर्ने सम्भावना रहेको ।
- स्थानीय सरकारमा लक्षित वर्गको सम्मानजनक उपस्थित भएको हुँदा उनीहरूको सहभागिता रहेको ।
- समावेशी र समानतामूलक समाज निर्माण गर्न सकिने ।
- लक्षित वर्गको सामाजिक र आर्थिक उत्थान गर्न सकिने ।
- स्थानीय विकास निर्माणमा लक्षित वर्गहरूको समावेशी सहभागिता सुनिश्चित गर्ने सकिने ।

### ४.४.४ उप-क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजना

**सोच**

सिलीचोङको सभ्यता, न्यायपूर्ण समाज र सामाजिक सौहार्दता

**लक्ष्य**

समावेशी र समतामूलक समाज निर्माण गर्ने ।

**उद्देश्य**

- विकास निर्माणमा महिला, बालबालिका तथा लक्षित वर्गको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्नु ।
- बिभेद/भेदभाव, हिंसा तथा दुर्व्यवहारमा परेका समूहहरूलाई भेदभाव, हिंसा र दुर्व्यवहारबाट मुक्त गर्नु ।
- वञ्चित तथा सामाजिक सुरक्षा नपाएका समुदायहरूलाई सामाजिक सुरक्षा प्रदान गर्नु ।

**रणनीति तथा कार्यनीति**

- समानता र सामाजिक समावेशीकरणलाई संस्थागत गर्ने ।
- महिलाहरूको सशक्तीकरण र समावेशीकरणमा जोड दिने
- बालबालिका मैत्री वातावरण निर्माण गर्ने
- जेष्ठ नागरिकको, सम्मान र संरक्षण गर्ने
- लक्षित वर्ग, र सीमान्ततल समुदायको सशक्तीकरण र विकास गर्दै सामाजिक गतिविधिमा सहभागी गराइनेछ ।

**कार्यक्रम तथा आयोजना**

| घ. महिला, बालबालिका, सामाजिक समावेशीकरण | | | | | |
|---|---|---|---|---|---|
| क्र. सं. | **योजना तथा कार्यक्रम** | **आ. व. २०८२/८३** | **आ. व. २०८३/८४** | **आ. व. २०८४/८५** | **प्राथमिकीकरण** |
| १ | महिला शसक्तिकरण तथा लैंगिक समानता सम्बन्धी सचेतनामुलक कार्यक्रम | १००० | १००० | १००० | |
| २ | बालमैत्री स्थानीय तह घोषणा तथा बाल प्रोफाइल निर्माण | १००० | १००० | १५०० | |
| ३ | अपाङ्गता भएकाहरुलाई सीपमूलक तालिम | ३०० | ३०० | ३०० | |
| ४ | अपाङ्ग सहायक सामाग्री वितरण | ७०० | ७०० | ७०० | |
| ५ | महिलाहरुका लागि व्यवसायिक तथा सीपमूलक तालिम | १००० | १००० | १००० | |
| ६ | बाल सञ्जाल गठन र सञ्चालन | १०० | ० | ० | |
| ७ | जेष्ठ नागरीक सञ्जाल गठन र सञ्चालन | १०० | ० | ० | |
| ८ | जेष्ठ नागरिक मिलन केन्द्र निर्माण | ० | ३००० | ० | |
| ९ | बाल विवाह, बहु विवाह न्यूनिकरण अभियान | ३०० | ३०० | ३०० | |
| १० | दलित बालबालिका विद्यालय पोशाक वितरण | ६० | ६० | ६० | |
| ११ | एकल महिला स्वाबलम्बन कार्यक्रम कोष | २५०० | ० | ० | |
| | **कुल** | **७०६०** | **७३६०** | **४८६०** | |

## ४.४.५ अपेक्षित उपलब्धि

- महिला सचेतनामा वृद्धि हुने छ ।
- सरकारी सेवा तथा उद्यम व्यवसायमा महिला विपन्न र सीमान्तकृतको उपस्थिति बढ्ने छ ।
- अपाङ्गता भएका व्यक्तिहरूका कठिनाइहरू न्यूनिकरण हुने छ ।
- सामाजिक, भेदभाव तथा थिचोमिचोमा कमी आउने छ ।
- जेष्ठ नागरिकको उचित सुरक्षा र सम्मानको प्रबन्ध हुने छ ।
- बालमैत्री समाजको निर्माण हुने छ ।
- समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति, रणनीति तथा योजना तथा कार्यक्रम तयार भई कार्यान्वयनमा आउनेछ ।
- सामाजिक विभेद र लैङ्गिक हिंसा अन्त्य सम्बन्धी कानुन निर्माण भइ कार्यान्वयनमा आएको हुनेछ।
- जोखिम अवस्थाका बालबालिका, अपाङ्गता तथा जेष्ठ नागरिकहरूको उचित संरक्षण हुनेछ ।
- सामाजिक सुरक्षाका सेवाग्राहीहरूको एकीकृत अभिलेख स्थापित भएको हुनेछ ।

## ४.४.६ जोखिम तथा अनुमान पक्ष

- स्थानीय सङ्घ संस्था र दातृ निकायहरूको महिला, बालाबलिका तथा लक्षित वर्गलाई नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।

- गाउँपालिकाले महिला, बालबालिका र लक्षित समूहको सहभागितालाई प्राथमिकता दिनेछ ।
- राजनीति, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा लक्षित समूहको सहभागिता बढ्दै जाने छ ।
- सरकार, दातृ निकाय र निजी क्षेत्रले आ-आफ्ना कार्य योजनामा लक्षित वर्गलाई प्राथमिकतामा राख्ने छ ।
- गाउँपालिका, प्रदेश र सङ्घीय सरकारबिच महिला, वालवालिका तथा लक्षित वर्गको लागी आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।

## ४.५ युवा तथा खेलकुद

### ४.५.१ पृष्ठभूमि

राष्ट्रिय देखि स्थानीय तहसम्म खेलकुद क्षेत्रमा चासो र क्रियाशिलता बढ्दै गएको छ । नयाँ नयाँ खेलकुदका विधाहरूमा सहभागिता वृद्धि कीर्तिमान कायम र स्थानीय तहसम्म खेलकुदाका पूर्वाधारहरू निर्माण भइरहेका छन् । तथापि न्यून लगानी, सीमित पूर्वाधार, प्रशिक्षणको कमी, खेलकुदमा जीविकोपार्जन गर्न कठिन जस्ता कारणले अपेक्षित रूपमा प्रतिष्पर्धी हुन सकेको छैन । युवाहरू श्रम र स्वयंसेवी भावना विकास गरी राष्ट्र निर्माणमा परिचालन गर्न सकिएको छैन (सोह्रौं योजना, २०८०/२०८१-२०८५/२०८६) ।

यो गाउँपालिकामा १५-३० वर्ष उमेर समूहका युवाहरूको सङ्ख्या ३०१९ (२९.३२%) रहेको छ । पालिकामा कुल युवाहरूको सङ्ख्यालाई हेर्ने हो भने १५-४५ वर्ष समूहको जनसङ्ख्या ४८३३ (४६.९३%) रहेको छ , तर गाउँपालिकाको कुल जनसङ्ख्या मध्ये आर्थिक रूपबाट सक्रिय (१५ -६५ वर्ष उमेर समूहको) जनसङ्ख्या ६२६८ (६०.८७%) रहेको छ । यो जनशक्तिलाई गाउँपालिकाले पूर्ण रूपमा प्रयोग गर्न सकेको अवस्था छैन । यदि यो जनशक्तिको श्रम शक्तिलाई व्यवस्थापन गर्न सक्ने हो भने गाउँपालिकाले आर्थिक क्षेत्रमा महत्वपूर्ण लाभ लीन सक्छ ।

गाउँपालिकामा हालसम्म गाउँपालिका स्तरीय सुविधा सम्पन्न खेल मैदान छैन । गाउँपालिकामा पालिका स्तरीय पूर्वाधार र कबर्ड हल र वडामा वडा स्तरीय कवर्ड हल र खेल मैदान आवश्यक छ । खेलमा गाउँपालिका स्तरिय टिम तयार गर्ने, गाउँपालिका स्तरीय खेलकुदको आयोजना गर्ने, खेलकुद पूर्वाधार विकास गर्ने लगायतका कार्यक्रमहरू सञ्चालन गर्ने नीति अगाडी सारेको छ ।

### ४.५.२ समस्या तथा चुनौती

- स्रोत र साधनको अभाव ।
- खेलकुदको विकास र प्रवर्द्धन  हुन नसक्नु।
- युवा परिषद् गठन हुन नसक्नु ।
- खेलकुदको विकासका लागी पूर्वाधारको अभाव।
- युवा शक्तिलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न नसक्नु ।
- युवाहरूको निरन्तर पलायन ।
- व्यावसायिक खेलकु प्रशिक्षणको कमी ।
- युवामा दक्षता र क्षमताको कमीका साथै उनीहरूलाई उद्यमशील, रोजगारीमूलक र स्वरोजगार बनाउन नसक्नु ।

- युवा क्षमताको विकास गर्नु ।
- युवा प्रतिभा पलायन रोक्नु ।
- युवामा सकारात्मक सोचको निर्माण गर्नु ।
- स्थानीय स्तरमा सृजना गर्न सकिने रोजगारीका सम्भावनाहरूमा युवाहरूको आकर्षण गराउनु ।
- खेलकुद पूर्वाधारको निर्माण गर्नु ।
- नियमित खेलकुद प्रतियोगिताहरू आयोजना गरी  व्यावसायिक खेलकुदको विकास गर्नु ।

### ४.५.३ संभावना तथा अवसर

- खेलकुदको विकास गरी युवा क्षमताको विकास गर्न सकिने ।
- स्थानीय स्तरमा खेलकुदको नियमित कार्यक्रम गरी स्थानीय खेल प्रतिभाहरूको पहिचान र विकास गर्न सकिने ।
- लक्षित आय-आर्जनका कार्यक्रम सञ्चालन गरी युवाहरूलाई रोजगारीमा आवद्ध गराउन सकिने ।
- खेलकुद पूर्वाधार विकास गर्न स्थानहरू उपलब्ध हुन सक्ने ।
- स्थानीय खेल प्रतिभाहरूको माध्यमबाट गाउँपालिकाको पहिचानमा थप योगदान हुने ।
- खेलकुदको विकास गरी युवा क्षमताको विकास गर्न सकिने ।
- स्थानीय युवाहरूलाई स्वस्थ र तन्दुरुस्त गराउन सकिने ।
- स्थानीय स्तरमा खेलकुदको नियमित कार्यक्रम गरी स्थानीय खेल प्रतिभाहरूको पहिचान र विकास गर्न सकिने ।
- युवा विकासका लागी संवैधानिक व्यवस्था हुनु ।

### ४.५.४ उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**सोच**

शारीरिक र मानसिक रूपमा स्वस्थ नागरिक निर्माण ।

**लक्ष्य**

खेलकुद विकासको माध्यमबाट युवाशक्तिको विकास गरी गाउँपालिकाको समृद्धिमा योगदान पुर्‍याउने ।

**उद्देश्य**

- युवा शक्तिलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्नु ।
- खेल पूर्वाधार निर्माण गर्दै खेलकुदको विकास गर्नु ।
- खेलकुद क्षेत्रलाई प्रतिस्पर्धी र व्यावसायिक बनाउनु ।

**रणनीति तथा कार्यनीति**

- युवाहरूको क्षमता विकास गरी रोजगारीको अभिवृद्धि गर्ने ।
- खेलकुद पूर्वाधारको विकास, व्यवस्थापन र गतिविधि सञ्चालनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।
- प्रतिभावान् खेलाडीको पहिचान क्षमता विकास तथा प्रोत्साहनको व्यवस्था गर्ने ।

**कार्यक्रम तथा आयोजना**

| **च. युवा तथा खेलकुद** | | | | | |
|---|---|---|---|---|---|
| क्र. सं. | **योजना तथा कार्यक्रम** | **आ. व.** | **आ. व.** | **आ. व.** | **प्राथमिकीकरण** |

| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | |
|---|---|---|---|---|---|
| १ | वडा नं. ३ मा पालिका स्तरीय खेल मैदान निर्माण | ० | ७५०० | ७५०० | |
| २ | वडा नं. ३ मा ब्यसडमिन्टन कबडहल निर्माण | ० | ३७५० | ३७५० | |
| ३ | प्रत्येक वडामा वडा स्तरीय कबडहल निर्माण (वडा ३ बाहेक) | ० | ३७५० | ३७५० | |
| ४ | एक वडा एक खेल मैदान निर्माण गर्ने (वडा ३ बाहेक) | ० | १५००० | १५००० | |
| ५ | वाक कला तथा खेलकुद प्रतियोगिता | २०० | २०० | २०० | |
| ६ | दुर्व्यसनी सम्बन्धी सचेतना कार्यक्रम | १०० | १०० | १०० | |
| ७ | योगा ध्यानकेन्द्र निर्माण | ३००० | ३००० | ३००० | |
| | **कुल** | **३३००** | **३३३००** | **३३३००** | |

### ४.५.५ अपेक्षित उपलब्धि

- पालिका स्तरीय सुविधा सम्पन्न खेल मैदान निर्माण भएको हुनेछ।
- प्रत्येक वडामा वडा स्तरीय खेल मैदान निर्माण भएको हुनेछ।
- प्रत्येक वडामा कवर्डहल निर्माण हुनेछ।
- सबै विद्यालयमा खेलकुद शिक्षक र खेलकुदका सामाग्रीहरूको व्यवस्था हुनेछ।
- वार्षिक रूपमा अन्तर विद्यालय खेलकुद प्रतियोगिताहरू आयोजना हुनेछ।
- युवाहरूलाई उद्यमशीलता तालिम दिइएको हुने छ।
- स्थानीय क्लबहरू स्थापन हुनेछन्।
- स्थानीय क्लबहरूको क्षमता अभिवृद्धि हुनेछ।
- युवाहरूले उद्यम र स्व रोजगारको लागी सहुलियत रूपमा ऋण प्राप्त गरेका हुनेछन्।

### ४.५.६ जोखिम तथा अनुमान पक्ष

- पूर्ण राजनीतिक स्थिरता हुनेछ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ।
- कुनै प्रकारको ठूलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ।
- सामुदायिक सङ्घ संस्था र नागरिक समाजको सहयोग भएको हुनेछ।
- अन्तर सरकार समन्वय भएको हुनेछ।
- गाउँपालिकाले युवा लक्षित कार्यक्रमहरू वार्षिक योजनामा समावेश गर्नेछ।
- युवाहरू गाउँपालिकाको विकासमा लाग्न प्रेरित हुनेछन्।

# अध्याय ५: पूर्वाधार क्षेत्र

## ५.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

### ५.१.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले आवासको हकलाई मौलिक हक भनी व्याख्या गरेको छ । मानव बस्ती क्षेत्रफल १% भन्दा कम रहेको (स्रोतः भू-उपयोग योजना-२०७९, सिलीचोङ गाउँपालिका) यस गाउँपालिकामा धेरै भिरालो जमिन भएको र भौगोलिक हिसाबले कमजोर जमिन रहेको छ । यो गाउँपालिका भौगोलिक हिसाबले पहाडी भूगोल, भिरालो धरातलीय स्वरूप, विकट भूगोल छ । भौगोलिक विकटताको कारण यहाँ जनसङ्ख्या न्यून भएतापनि आवास निर्माण र बस्ती विकास कार्य भइरहेको हुनाले यस क्षेत्रमा पनि व्यवस्थित आवास र बस्ती विकास हुन आवश्यक छ । गाउँपालिकामा निर्मित आवासहरूमा भवन सम्बन्धी मापदण्ड र संहिता पालनामा कमी हुने गरेको देखिन्छ । जसले गर्दा यसरी आफूखुसी विकास गरिएका आवास र बस्तीहरू जोखिमयुक्त र अव्यवस्थित हुने गरेका छन् भने कति पय बस्तीहरू पनि जोखिमपूर्ण स्थानमा रहेका छन् । यहाँ बढी र पहिरोको कारण धेरै मानिसको मृत्यु भएको, धेरै घरहरू भत्किएका छन्, कतिपय बस्तीहरू पूर्ण रूपमा विस्थापित भएका छन् । हाल पनि कतिपय बस्ती पुनर्वासको पर्खाइमा रहेका छन् ।

सिलीचोङ गाउँपालिकामा साना तथा ठूला गरी १०० भन्दा बढी बस्ती रहेका छन् । यहाँ २४९० घर धुरी रहेको भने ९८.६०% को आफ्नै घर रहेको छ र गाउँपालिकाको जनघनत्व ३५.१ व्यक्ति प्रति वर्ग कि. मी. छ । गाउँपालिकाका केही वस्ति गुजुमुजु/बाक्लो भएतापनि अधिकांश आवास छरिएर रहेका छन् । यो पूर्ण रूपले ग्रामीण गाउँपालिका हो । त्यसकारण यहाँ पक्की घर (सिमेन्ट जडीत ढुङगा/इट्टाको र सिमेन्ट पिरल) २.५% देखिन्छ भने बाँकी घर माटोको जडान भएको, घर काठ/बाँसको खम्बा गाडेको भएका घर रहेको छ । यस्तै गरेर जस्ता पाता लगाएको घर करिब ५३%, फुसको छाना ४४.३८% र बाँकी अन्य रहेको देखिन्छ (स्रोतः राष्ट्रिय जनगणना, २०७८) ।

### ५.१.२ समस्या तथा चुनौती

- व्यवस्थित आवास र बस्ती विकास हुन नसक्नु
- कठिन भू-धरातल र योजनाबद्ध बस्ती विकास गर्न नसकिएको ।
- आवास तथा बस्ती विकासको लागी उच्च लागत लाग्ने ।
- निर्माण सामाग्रीहरू बाहिरबाट आयात गर्नुपर्ने ।
- धरातलीय स्वरूप भिरालो र कमजोर भू-बनोट भएको ।
- ग्रामीणयुक्त छरिएर रहेको बस्ती भएकोले पूर्वाधार सेवा विस्तार गर्न कठीन ।
- धेरै ठाउँमा पहिरो गएको र भौगोलिक हिसाबले कमजोर जमिन रहेको कारण बसोबास योग्य क्षेत्रको कमी ।
- छरिएर रहेका बस्तीहरूमा सेवा सुविधा विस्तार गर्न कठीन ।
- छरिएर रहेका बस्तीहरूमा सेवा सुविधा विस्तार गर्न कठीन ।

- निम्न आय भएका घर परिवारहरूको लागी योजनाबद्ध जनता आवास कार्यक्रम सञ्चालन गर्न ।
- भवन संहिता र निर्माण मापदण्डको पूर्ण कार्यान्यवयन गर्न ।
- अशुरक्षित तथा जोखिमयुक्त स्थानमा बस्तीहरू भएको ।
- व्यवस्थित आवास र बस्ती विकासमा जग्गा प्राप्त गर्न जटिल हुँदै गइरहेको ।

### ५.१.३ संभावना तथा अवसर

- जोखिमपूर्ण बस्ती व्यवस्थित गर्न सकिने
- नमुना बस्ती विकास कार्यक्रम निर्माण गर्न
- सुरक्षित स्थानहरू पहिचान गरी सुरक्षित वस्ती तथा आवास निर्माण गर्न सकिने ।
- बस्ती तथा बजारलाई एकीकृत गर्न सकिने ।
- शहरीकरण नभएको हुँदा पूर्वाधार विकासलाई सहज हुने ।
- जोखिमयुक्त क्षेत्रमा बसोबास गरिरहेका घर धुरीहरूलाई एकीकृत बस्ती विकासको रूपमा सुरक्षित आवासहरूको विकास गर्ने सकिने ।
- व्यवस्थित र भूकम्प प्रतिरोधक बस्तीहरू निर्माण र विकास गर्न सकिने ।
- असुरक्षित र जोखिमयुक्त बस्तीहरूलाई स्थानान्तरण गर्न सकिने ।
- नयाँ घरहरू निर्माण गर्दा स्थानीय मौलिकता कायम राख्न सकिने ।
- पूर्वाधार विकासलाई सहज हुने गरी बस्ती तथा बजारलाई एकीकृत गर्न सकिने ।
- नमुना बस्ती विकास कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्न ।

### ५.१.४ उप-क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजना

**सोच**

सबैलाई पूर्ण सुरक्षित तथा आधारभूत सुविधासम्पन्न आवासको प्रत्याभूति

**लक्ष्य**

- व्यवस्थित र सुरक्षित आवास तथा बस्ती विकास गर्ने ।
- सुरक्षित र न्यूनतम सुविधायुक्त आवास तथा बस्ती विकास गर्ने/मौलिक, साँस्कृतिक परम्परागत आवास निर्माण तथा जर्गेना

**उद्देश्य**

- न्यूनतम सुविधा सम्पन्न एकीकृत आवासको विकास गर्नु
- सुरक्षित आवास तथा भवनहरू निर्माण गर्ने

**रणनीति तथा कार्यनीति**

- भौगोलिक रूपमा विकट, विकासको लागी बाधक, अपायक र विपद्को उच्च जोखिमयुक्त स्थानमा रहेका बस्तीलाई निरुत्साहित गर्ने ।
- वातावरणीय हिसावले सन्तुलित, आर्थिक हिसावले सम्भव र प्राविधिक हिसाबले शुरक्षित तथा व्यवस्थित एकीकृत बस्तीहरूको विकास गर्ने ।
- स्थानीय जनसमुदायलाई भू-कम्प प्रतिरोधी आवास निर्माणमा प्रेरित गरिनेछ ।
-

**कार्यक्रम तथा आयोजना**

| क. बस्ती विकास | | | | | |
|---|---|---|---|---|---|
| क्र. सं. | **योजना तथा कार्यक्रम** | **आ. व. २०८२/८३** | **आ. व. २०८३/८४** | **आ. व. २०८४/८५** | **प्राथमिकीकरण** |
| १ | एक वडा एक एकीकृत बस्ती निर्माण | १०००० | १०००० | १०००० | |
| २ | भूकम्प प्रतिरोधी घर निर्माण गर्न डकर्मी तालिम । | १५० | १५० | १५० | |
| ३ | मौलिक तथा परम्परागत भवन निर्माण तथा संरक्षण कार्यक्रम । | १००० | १००० | १००० | |
| ४ | आवास, बस्ती विकास र भवन सम्बन्धी आवश्यक नीति तथा मापदण्डहरु तर्जुमा गर्ने । | नीतिगत | | | |
| ५ | जनतासँग आवास कार्यक्रमलाई समन्वय गर्ने । | नीतिगत | | | |
| | **कुल** | **१११५०** | **१११५०** | **१११५०** | |

### ५.१.५ अपेक्षित उपलब्धि

- न्यूनतम सुविधायुक्त एकीकृत बस्तीहरूको विकास भएको हुने ।
- भवन आचार संहिता निर्माण भई कार्यान्वियन भएको हुने ।
- जोखिमयुक्त स्थानमा बसोबास गरिरहेका घर धुरीका लागी सुरक्षित स्थलमा एकीकृत बस्ती विकास कार्यक्रम लागू हुनेछ ।
- सुरक्षित र सुविधा सम्पन्न पूर्वाधार युक्त आवास र बस्तीहरू विकास हुनेछन् ।
- भवन संहिता र निर्माण मापदण्डको पूर्ण कार्यान्यिवयन हुनेछ ।

### ५.१.६ जोखम तथा अनुमान पक्ष

- गाउँपालिकाले निर्माण तथा योजना मापदण्डको सफल कार्यान्वियन गर्नेछ ।
- स्थानीयहरूको सुरक्षित आवास तथा योजना बद्ध बस्ती विकासमा सक्रिय सहभागी हुनेछन् ।
- बस्ती विकास पूर्वाधार निर्माणमा गाउँपालिका, सरकारी निकाय र अन्य सरोकारवालाहरूको निरन्तर सहयोग हुनेछ ।
- सार्वजनिक निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल र प्रभावकारी हुनेछ ।

## ५.२ सडक, पुल तथा यातायात

### ५.२.१ पृष्ठभूमि

सडक तथा यातायातलाई पूर्वाधार विकासको महत्वपूर्ण सूचक मानिन्छ । गाउँपालिकामा हाल सम्म कालो पत्रे सडक छैन । प्रत्येक वडामा ५ वटा भन्दा बढी महत्वपूर्ण सडक रहेको देखिन्छ । यसरी हेर्दा गाउँपालिकामा लामो तथा छोटो दुरीका गरी २५ वटा सडक रहेका छन् । गाउँपालिकामा खनिएका सडकको कुल लम्बाइ १३२.२ कि.मि. रहेको छ । भएका सबै सडकहरू धुले छन् भने कति पय सडक नयाँ

खन्नको लागि प्रस्तावित गरिएका छन् । जसलाई योजना बैकमा पनि देख्न सकिन्छ। विशेषगरी वर्षायाममा पक्की पुल अभावका कारण वस्तीहरूबीच सम्पर्क स्थापित हुदैन । गाउँपालिकाले सडकहरूको निर्माण, विस्तार तथा मर्मत गर्नुका साथै आवश्यक स्थानहरूमा पुलहरू निर्माण गर्ने विषय प्राथमिकतामा राखेको छ ।

### ५.२.२ समस्या तथा चुनौती

- सवै बस्ती तथा वडामा सडक सञ्जालले नजोडिएको
- विद्यमान सडक पूर्वाधार कमजोर हुँदा नियमित यातायात सेवा सञ्चालन हुन नसक्नु ।
- मुख्य बस्ती, बजार र धार्मिक/पर्यटकीय क्षेत्रहरू सम्म स्थानीय सडकको पहुँच नहुनु ।
- अध्ययन इन्जिनियरिङ डिजाईन विना मापदण्ड बिहीन सडकहरूको ट्र्याक खोल्नु ।
- सडक संजालको अभावमा ग्रामीण भेगका बजार केन्द्रहरूमा आर्थिक गतिविधिहरूको कमी ।
- सडकहरू ज्यादै साँघुरो तथा घुम्ती भएकोले जोखिम धेरै भएको ।
- स्थानीय नागरिकहरू जोखिमपूर्ण यात्रा गर्न बाध्य हुनु ।
- सडक निर्माणको लागी लगानी जुटाउनु ।
- भौगोलिक कठिनाईलेगर्दा सडक निर्माणमा कठिनाइ र धेरै लगानी चाहिने ।
- गाउँपालिकाको आन्तरिक आय कमहुँदा सडक पूर्वाधारमा लगानी बढाउनु ।
- सडक दुर्घटना न्यूनीकरण गरी शुरक्षित यातायात सञ्चालन गर्नु ।
- सडक सुरक्षा लागू भएको ग्रामीण सडक
- प्राकृतिक सन्तुलन मैत्री पूर्वाधार निर्माण गर्न ।

### ५.२.३ संभावना तथा अवसर

- ईञ्जिनियरिङ अध्ययन र डिजाइन अनुसार गुणस्तरीय सडक निर्माण गर्न सकिने ।
- स्थानीय बजार, बस्तीहरू र मुख्य पर्यटकीय स्थलहरूलाइ सडक संजालसँग जोडी सडक तथा यातायात पूर्वाधार विकासले स्थानीयवासीको आवगमनलाइ सहज बनाउन सकिने ।
- वातावरणमैत्री हुँदै वातावरणलाई कम क्षति गरेर सडक निर्माण गर्न सकिने ।
- गाउँपालिकाको आन्तरिक व्यापार र अन्तर पालिका कारोबारलाई वृद्धि गर्न सकिने ।
- सडक संजालको विकास गरी पर्यटन तथा आर्थिक गतिविधि बढाउन सकिने ।
- गाउँपालिकालाई वरिपरिका गाउँ/नगरपालिकासम्म जोड्न सकिने ।
- पूर्वाधारमा लगानी केन्द्रित गरी स्तरीय सडकहरू बनाउन सकिने ।
- स्थानीय अर्थतन्त्रलाई समुन्नत बनाउन सक्ने ।
- प्राकृतिक सन्तुलन मैत्री पूर्वाधार निर्माण गर्न सकिने ।

### ५.२.४ उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**सोच**

सहज, सुरक्षित र दीगो सडक तथा यातायात सेवाको सुनिश्चितता

**लक्ष्य**

सडक तथा यातायातको पूर्वाधार गाउँपालिकाको समृद्धिको आधार ।

**उद्देश्य**

- सडक पूर्वाधारको विस्तार, विकास, मर्मत संभार र सडक सुरक्षा गरी सहज सवारी आवगमन सुनिश्चित गर्नु ।
- गाउँपालिकाका सेवाकेन्द्र, बजारकेन्द्र र बस्तीहरूमा सडक तथा यातयातको पहुँचमा विस्तर गर्नु ।

**रणनीति तथा कार्यनीति**

- सडक तथा यातायातको पहुँचमा सुधार गर्ने ।
- सडक संजाल सुधार गर्ने ।
- सडक तथा यातायात प्रणालीलाई व्यवस्थित गर्ने
- सडकको डिजाइन निर्माण, मर्मत-संभार तथा सडक सुरक्षाका लागी आधुनिक प्रविधिको उपयोग र यान्त्रीकरणमा जोड दिने ।

**कार्यक्रम तथा आयोजना**

| | **क. सडक तथा यातायात, पुल, झो. पु.** | | | | |
|---|---|---|---|---|---|
| क्र. सं. | **योजना तथा कार्यक्रम** | **आ. व. २०८२/८३** | **आ. व. २०८३/८४** | **आ. व. २०८४/८५** | **प्राथमिकीकरण** |
| १ | यातायात गुरुयोजना तयार गर्ने | **१०००** | ० | ० | १ |
| २ | वडा नं. १ सिक्तेमटार- छुदाक-भिमसेन आ. वि.- तिवाटार - नेवाटार -दिलुवादोभान - याङसिम्मा - गोगने - सेखोला - वेसिन्दा - काङ्युत्का - डाडाँगाउँ - पेलुम्बा - वडा नं. २ कार्यालय - बाला - दाडिखोला - बेतिनी - संखुवाखोला क्रस - सिकीदम - खुङ्वा - काम्पेप - याचाम्का - सिन्तुम - लकुपा - गा. पा. कार्यालय - माङतेवा - वडा नं. ४ कार्यालय - दिवुङ हुदै याफु वडा नं.५ कार्यालय - पुखुवा दिभानसम्म रिङरोड निर्माण | २००००० | २००००० | २००००० | |
| ३ | गाउँपालिका - गुफाडाँडा - देउराली - लमेनी ओडार हुदै गोङथला जोड्ने सडक निर्माण | ३०००० | ३०००० | ३०००० | |
| ४ | स्थानिय सडकमार्ग स्तरोन्नती | ३०००० | ३०००० | ३०००० | |
| ५ | संखुवा सल्लेरी दोभानबाट वडा नं. ४ देसी हुदै वडा नं. ५ पुखुवा जोड्ने सडक निर्माण | ३०००० | ३०००० | ३०००० | |
| ६ | बुधबे बाट मुलगाँउ - डाँडागाँउ - चित्रे - गुरासे - बकाङ - कमेरे हुदै सोलुखुम्बु जिल्ला जोड्ने सडक निर्माण | ६०००० | ६०००० | ६०००० | |
| ७ | गाउँपलिका - पंत्तीमा हुदै मागुवा ढुङ्मा जोड्ने सडक निर्माण | ० | ० | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | वडा नं. २ र ३ जोड्ने सिम्लादक सडक पुल निर्माण | ५०००० | ० | ० | |
| ९ | वडा नं. १ र २ जोड्ने बखल्टुम सडक पुल निर्माण | ० | ५०००० | ० | |
| १० | वडा नं. ३ र साल्पा सिलोछो दुङमा जोड्ने मागुवा सडक पुल निर्माण | ० | ० | ५०००० | |
| ११ | वडा नं. ४ र चिचीला गा। पा। जोड्ने बिर्सुवा सडक पुल निर्माण | ० | ० | ० | |
| १२ | वडा नं. ४,५ र चिचीला गा। पा। जोड्ने तोम्बे सडक पुल निर्माण | ० | ० | ० | |
| १३ | वडा नं. १ मा तिवाखोला सडक पुल निर्माण | ० | ० | ० | |
| १४ | वडा नं. ५ पुखुवा खोला सडकमा पुल निर्माण | ० | ४०००० | ० | |
| १५ | सिलिचोङ(५ मा किरीलुङ( सिसाखानी झोलुङ्गे पुल निर्माण | ० | ० | ० | |
| १६ | पिखुवा खोला वडा नं. २ मा जोरदह झोलुङ्गे पुल निर्माण | ० | ० | ० | |
| १७ | सिसुवाखोला र पौखमटार जोड्ने देवदह झोलुङ्गे पुल निर्माण | ० | ० | ० | |
| १८ | वडा नं. २ मा पाङ्ग्रा झ्यार्ल झोलुङ्गे पुल निर्माण | ० | ७५०० | ० | |
| १९ | वडा नं. १ मा बेल्दो झोलुङ्गे पुल निर्माण | ७००० | ० | ० | |
| २० | वडा नं. २ मा पिखुवा खोला जोरदह झोलुङ्गे पुल निर्माण | ० | ० | ८००० | |
| | **कुल बजेट (सडक तथा यातायात, पुल, झो. पु.)** | ४०७००० | ४४७५०० | ४०८००० | |

### ५.२.५ अपेक्षित उपलब्धि

- यातायात गुरुयोजना वनको हुनेछ ।
- गाउँपालिकाका सम्पूर्ण वडा, बजार, बस्ती र टोलहरूमा सडकको पहुँच स्थापित हुनेछ ।
- प्राथामिकताको आधारमा सडकहरूको स्तरोन्नति गरिनेछ ।
- गाउँपालिका भित्र स्थानीय तथा बाहिरी मानिसहरूलाई जान आउन सजिलो हुनेछ ।
- गाउँपालिकाको यातायात गुरु योजनाको पूर्ण कार्यान्वयन हुनेछ ।
- स्थानीय खोला र नदीहरूमा पक्की पुलहरू निर्माण हुनेछ ।
- विद्यमान ग्राभेल र धुले सडकहरूको स्तरोन्नती हुनेछ ।
- मुख्य सडक क्रमागत रूपमा पक्की हुने छ ।
- सम्भाव्यता अध्ययन सहित नयाँ सडकहरू निर्माण हुनेछ ।

### ५.२.६ जोखिम तथा अनुमान पक्ष

- सामुदायिक सङ्घ संस्था र नागरिक समाजको सहयोग भएको हुनेछ
- अन्तर सरकार समन्वय भएको हुनेछ ।
- सडक तथा यातायात मापदण्ड अनुसार गुणस्तरीय निर्माण हुनेछ ।
- पूर्ण राजनीतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठुलो स्तरको दैवी विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक खरिद प्रक्रिया सरल र प्रभावकारी हुनेछ ।

## ५.३ जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा

### ५.३.१ पृष्ठभूमि

यो गाउँपालिका जलस्रोतमा धनी छ । यहाँ ९ वटा भन्दा ठूला खोलाहरू छन् । मुख्य नदी अरूण नदी हो भने खोलाहरूमा सिसुवा खोला, नेवाखोला, दाङ्गुवा खोला, तिवा खोला, काली खोला, काइकोक खोला, मकुवा खोला, भाल्टेनी खोला मुख्य हुन् । यो गाउँपालिकामा हाल ४ वटा लघु जलविद्युत आयोजनाहरू सञ्चालनमा रहेका छन् भने २ वटा जलविद्युत् योजना निर्माण हुने क्रममा रहेका छन् । गाउँपालिका रहेका अन्य खोलालाई प्रयोग गरी बिजुली उत्पादन गर्न सकियो भने यो गाउँपालिका ऊर्जाको मुख्य केन्द्र बन्ने छ । गाउँपालिकाको कुल घर धुरीको ८५.६२% (२१३२ घर धुरी) ले उज्यालोको लागि बिजुली बत्तीको प्रयोग गर्ने गरेको पाइन्छ भने १० घर धुरीमा मट्टीतेल, ७६ घर धुरी मा अन्य र २७२ घर धुरीले सोलार प्रयोग गर्ने गरेको पाइन्छ ।

### ५.३.२ समस्या तथा चुनौती

- सबै घर धुरीमा विद्युतीकरण हुन नसकेको ।
- नियमित रूपमा विद्युत सेवा नभएको (लोडसेडिङको समस्या) ।
- विद्युत वितरण प्रणालीको सुदृढीकरण हुन नसक्नु ।
- विद्युतको उपयोग केवल उज्यालोको प्रयोजनका लागी मात्र गरिएको ।
- इन्धनको श्रोतको रूपमा दाउराको प्रयोगले गर्दा वनमा अत्याधिक चाप परेको ।
- गाउँपालिकाको सबै घर धुरीहरूमा केन्द्रीय प्रसारण लाइनबाट विद्युत् जडान गर्नु ।
- अन्तर निकाय समन्वयमा कमी हुनु ।
- विद्युतलाई उज्यालो बाहेक अन्य घरायसी प्रयोजनहरूमा ल्याउन ।
- लोडसेडिङ्को अन्त्य गर्नु ।
- स्थानीय घरधुरीहरूमा विद्युत खपत बढाउनु।

### ५.३.३ संभावना तथा चुनौती

- विद्युतीकरणको लागी जलस्रोतको उपयोग गर्न सकिने
- गाउँपालिकामा वैकल्पिक ऊर्जाको सम्भावना समेत प्रशस्त रहेको

- गाउँपालिका भित्रका सम्पूर्ण घर धुरीहरूमा विद्युतीकरण गरी वन तथा अन्य आयातीत ऊर्जाको खपतमा कमी ल्याउन सकिने ।
- स्थानीय लघु जलविद्युतबाट उत्पादित बिजुली निर्यात गर्न सकिने ।
- स्थानीय लघु तथा घरेलु उद्योगहरूको प्रवर्द्धनबाट विद्युत खपत बढाउन सकिने ।
- कृषिमा विद्युतीकरण गरी कृषि उत्पादन र उत्पादकत्व बढाउन सकिने ।
- वैकल्पिक ऊर्जालाई प्रवर्द्धन गर्न सकिने

### ५.३.४ उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**सोच**

ऊर्जामा पूर्ण पूर्वाधारयुक्त गाउँपालिका ।

**लक्ष्य**

जलविद्युतको दिगो र भरपर्दो विकासबाट समृद्धि गाउँपालिका बनाउने ।

**उद्देश्य**

- सवै घर धुरीहरूमा विद्युतीकरण गर्ने ।
- ऊर्जालाई घरायसी ईन्धनको रूपमा अधिकतम सदुपयोग गर्ने ।

जलस्रोतको अधिकतम उपयोग गरी राजस्वको दायरा वृद्धि गर्ने

**रणनीति तथा कार्यनीति**

- जलस्रोतको संरक्षण र उपयोग गर्ने ।
- गाउँपालिकाका सबै घर धुरीहरूमा ऊर्जालाई भरपर्दो र सुलभ बनाउने ।
- ऊर्जाको बृहत् प्रयोगमा जोड दिइने छ ।

**कार्यक्रम तथा आयोजना**

| **ग. विद्युत् तथा ऊर्जा** | | | | | |
|---|---|---|---|---|---|
| क्र. सं. | **योजना तथा कार्यक्रम** | **आ. व. २०८२/८३** | **आ. व. २०८३/८४** | **आ. व. २०८४/८५** | **प्राथमिकीकरण** |
| १ | विद्युत लाईन बिस्तार तथा व्यवस्थापन | २३०० | २३०० | २३०० | |
| २ | सोलार बत्ती जडान (सार्वजनिक स्थानहरुमा) | १५०० | १५०० | १५०० | |
| ३ | स्थानीय खोलामा विद्युत् उत्पादनमा स्वीकृती दिने | नीतिगत | | | |
| ४ | खानेपानी, लिफ्ट सिँचाइ, घरेलु उद्योग लगायतको क्षेत्रमा हुने बिजुलीमा सहुलियत प्रदान गर्ने । | नीतिगत | | | |
| ५ | थप विद्युत उत्पादनको लागी जलविद्युतको संभाव्यता अध्ययन गर्ने । | ० | १००० | | |
| ६ | जलस्रोत तथा जलाधारको संरक्षण गर्ने | १००० | १००० | १००० | |
| | **कुल बजेट (विद्युत तथा ऊर्जा)** | **४८००** | **५८००** | **४८००** | |

### ५.३.५ अपेक्षित उपलब्धि

- ऊर्जाका आधारभुत पूर्वाधारहरूको विकास भइ हरेक घरधुरीमा न्युनतम ऊर्जाको सुनिश्चितता भएको हुनेछ ।
- ऊर्जाको मुल प्रवाहमा नसमेटिएका घरधुरीहरूमा वैकल्पिक ऊर्जाको प्रबन्ध भएको हुनेछ ।

### ५.३.६ जोखिम तथा अनुमान

- जलस्रोतको संरक्षण गर्ने ।
- केन्द्र सरकार, प्रदेश सरकार, दातृ निकायले निरन्तर बजेट उपलब्ध गराउने ।
- ऊर्जा अनुदान, सहयोग र ऋण उपलब्ध हुनेछ ।
- निजी क्षेत्रबाट उत्पादित ऊर्जा सहज रूपमा बिक्री हुनेछ ।
- सार्वजनिक निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल र प्रभावकारी हुनेछ ।

## ५.४ सूचना, सञ्चार तथा प्रविधि

### ५.४.१ पृष्ठभूमि

नेपालको संविधानले सूचना तथा सञ्चारको हकलाई मौलिक हकको रूपमा उल्लेख गरेकोछ । त्यसकारण सूचना, सञ्चार र प्रविधिको क्षेत्रले मर्यादित, व्यावसायिक, दायित्व र जिम्मेवार अगाडि बढ्नु पर्ने देखिन्छ । प्रविधिमा भएको विकासले गर्दा आधुनिक विश्व नै एक ठाउँमा रूपान्तरण भएको छ । हालका वर्षहरूमा दिगो विकासका बृहत्तर लक्ष्य हासिल गर्न अवलम्बन गरिएका रणनीतिहरूको केन्द्रमा सूचना तथा सञ्चार प्रविधि रहंदै आएको छ । सूचना तथा सञ्चार प्रविधिको प्रयोग मार्फत प्राप्त हुने अन्य लाभका अतिरिक्त यो प्रविधिको प्रयोगबाट गाउँपालिकामा सुशासनको प्रत्याभूत गर्नुका साथै बढि पारदर्शी एवं प्रभावकारी सार्वजनिक व्यवस्थापनको लागी यथेष्ठ पूर्वाधार निर्माण गर्न सकिन्छ । साथै सूचना प्रविधि र यसमा आधारित विभिन्न सेवाहरू (Information Technology: Information Technology Enabled Services/Business Process Outsourcing) लगायत अन्य उद्योग एवं सेवाजन्य व्यवसायको वृद्धिद्वारा गाउँपालिकाको मात्र नभएर बृहत्तर राष्ट्रिय लक्ष्यहरू हासिल गर्नमा समेत यो प्रविधि सहायक हुने देखिन्छ ।

गाउँपालिकामा अहिलेसम्म इन्टरनेट र ल्याण्डलाइन टेलिफोन सेवा सुविधा निकै कमजोर छ । यहाँ राष्ट्रिय रूपमा प्रकाशन हुने पत्र पत्रिकाको पहुँच छैन । तर सूचना तथा सञ्चारको लागि हालैका वर्षहरूमा गाउँपालिकाको सबै वडाहरूमा रहेकोले केही घर धुरीहरूमा टेलिभिजन सेवा भने उपलब्ध रहेको छ भने रेडियोबाट पनि सूचना लिने गरेको पाइन्छ । हाल मोबाइलबाट इन्टरनेटको प्रयोग गरी सूचना तथा सञ्चारको प्रयोग गर्ने घर धुरीको सङ्ख्या बढ्दो छ ।

सूचना तथा सञ्चार प्रविधि पूर्वाधारको हिसाबले हेर्दा यो गाउँपालिका निकै कमजोर देखिन्छ । यस क्षेत्रमा टेलिफोन नेटवर्कको समस्याका कारण अत्यावश्यक समयमा सूचना आदान प्रदान गर्न समस्या छ । यसमा सम्बन्धित निकायको ध्यान पुग्न सकेको छैन । सहज दिनचर्याको लागी मानिसहरूले विभिन्न सामाग्रीहरूको प्रयोग गर्ने गर्छन् । त्यसमध्ये विशेष सुविधाका सामाग्रीहरूमा टिभी, मोवाइल फोन (स्मार्ट), ईन्टरनेट, 3G,

4G आदि प्रयोग गर्ने गर्छन् । यस स्थानमा कुल घरधुरी सङ्ख्यामध्ये ७८.९२% घरहरूमा मोबाइल फोन (सामान्य), ५८.६३% घरहरूमा मोबाईल फोन (स्मार्ट), ५०.५६% रेडियो, २२.८१% इन्टरनेट, १२.२५% घरहरूमा टिभी, ३.१३% परिवारमा कम्प्यूटर प्रयोग गर्ने गरेको पाइन्छ । यस तथ्याङ्कबाट के स्पष्ट हुन्छ भने अधिकांश परिवारमा मोबाइल फोन सुविधा पुगेको र स्थानीय नागरिकहरू पनि आधुनिक प्रविधिको पहुँचमा रहेको देखिन्छ ।

गाउँपालिकामा इ-शासकीय प्रणालीका केही पूर्वाधारहरू (कम्प्युटर, कम्प्युटर नेटवर्किङ, इन्टरनेट, वेभसाईट, वाईफाई) जडान भइ सञ्चालनमा आएका छन् । गाउँपालिका र नागरिक बीच हुने कारोवारहरू जस्तै इ-भुक्तानी, इ-आवेदन, इ-सर्भे, इ-अनुमति तथा जोखिम व्यवस्थापनका लागी पूर्व चेतावनी जस्ता पूर्वाधारहरूको अभावले नागरिक तहसम्म सेवा प्रवाह हुन सकेको छैन । त्यसैगरी गाउँपालिका र व्यवसायीहरू बीच हुने कारोबार (इ-खरिद) को सुरुवात भएको छ ।

### ५.४.२ समस्या तथा चुनौती

- गाउँपालिकामा ल्याण्ड लाइन र इन्टरनेट सेवा प्रदायक संस्थाहरू नपुगेको ।
- टेलिफोन नेटवर्कको समस्याका कारण अत्यावश्यक समयमा सूचना आदान प्रदान गर्न समस्या ।
- सञ्चार सेवामा सबै नागरिकको पहुँच पुग्न नसक्नु ।
- सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको न्यून उपयोग हुनु ।
- आवश्यक जनशक्ति र प्राविधिक ज्ञानको अभाव ।
- गाउँपालिकाको वेभसाइट नियमित अद्यावधिक नहुने ।
- गाउँपालिका कार्यालय र वडा कार्यालयहरूलाई सूचना प्रविधि मैत्री बनाउनु ।
- नीतिअनुरूप सस्थागत हुन नसक्नु ।
- सामाजिक संजालको बढदो प्रयोगबाट आउने चुनौती र विकृतिहरू ।
- सूचना तथा सञ्चार प्रविधिका क्षेत्रमा विभिन्न परियोजना तर्जुमा तथा कार्यान्वयनमा चुनौती।
- गाउँपालिकाबाट प्रवाह हुने सेवाहरू सरल, सहज र पारदर्शी हुने ।
- गाउँपालिकाका काम कारवाही र भुक्तानी प्रणाली पारदर्शी हुने ।
- मोवाइल सेवा भरपर्दो बनाउनु ।
- स्थानीय पत्रपत्रिका प्रकाशन गर्नु ।
- टेलिफोन टावरहरू विस्तार गर्नु ।

### ५.४.३ संभावना तथा अवसर

- सूचना प्रविधिको प्रयोगले गाउँपालिकाको सेवा प्रवाहलाई सरल, चुस्त गर्न सकिने ।
- सूचना छिटो र सहज रूपमा जनमानसमा पुऱ्याउने सकिने ।
- प्रविधिमैत्री गाउँपालिकाको रूपमा स्थापित गराउने ।
- नेपालको संविधानले प्रदान गरेको सूचना, सञ्चार, प्रकाशन र प्रसारण सम्बन्धी हकहरूको सुनिश्चितता हुने ।

- समय र पैसाको बचत हुने ।
- छिटो र सहज रूपमा सूचना प्राप्त हुने ।
- गाउँपालिकाका सबै वडा, टोल र बस्तीहरूसम्म ल्याण्डलाइन, मोवाइल सेवा र इन्टरनेट सेवाको पहुँच स्थापित हुने ।
- सरकार र आधारभूत सेवामा नागरिकको पहुँच बढाउन सूचना प्रविधिको प्रयोग गर्ने नीति रहेको।
- गाउँपालिकाको वेभसाइटको व्यवस्था रहेको ।

### ५.४.४ उप-क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**सोच**

सूचना तथा सञ्चारमा पूर्ण पूर्वाधारयुक्त गाउँपालिका

**लक्ष्य**

गाउँपालिका निवासीमा सूचना प्रविधिको पहुँच सुनिश्चित गर्ने

**उद्देश्य**

- मोवाईल, टेलिफोन र  इन्टरनेट सेवाको पहुँच सबै नागरिकमा सुनिश्चित गर्ने ।
- आमसञ्चार माध्यमलाई निस्पक्ष, विश्वसनीय र व्यावसायिक बनाउने ।

**रणनीति तथा कार्यनीति**

- सबै प्रकारका सञ्चार सुविधाको सम्पूर्ण वडा, बजार केन्द्र र बस्तीहरूसम्म विस्तार गर्ने ।
- सबैको पहुँच पुग्ने गरी मोवाइल, इन्टरनेट र वाइफाइको लागी टावर तथा अन्य पूर्वाधारको निर्माण गर्न पहल गरिने छ ।
- गाउँपालिका तथा सबै शाखा र वडा कार्यालयहरूसम्म विद्युतीय सूचना पूर्वाधारको व्यवस्था गरिने छ ।
- गाउँपालिकाको विद्युतीय शासन क्षमता विकास गर्न व्यावसायिक योजना बनाई कार्यान्वयन गरिने छ ।

**कार्यक्रम तथा आयोजना**

| घ) सूचना तथा सञ्चार | | | | | |
|---|---|---|---|---|---|
| क्र. सं. | **योजना तथा कार्यक्रम** | **आ. व. २०८२/८३** | **आ. व. २०८३/८४** | **आ. व. २०८४/८५** | **प्राथमिकीकरण** |
| १ | तोर्से खर्कमा नेपाल टेलिकमको टावर निर्माण गर्ने | १७५० | १७५० | ० | |
| २ | इन्टरनेट सेवा बिस्तार | ४८० | ४८० | ४८० | |
| ३ | सार्वजनिक स्थलहरूमा फ्री वाइफाईको व्यवस्था | ८० | ८० | ८० | २ |
| ४ | वडा कार्यालयहरू सूचना प्रविधिमैत्री | १०० | १०० | १०० | २ |
| ५ | सूचना प्रविधि तालिम सञ्चालन | ९० | ९० | ९० | २ |
| ६ | जनचेतनामूलक कार्यक्रम सञ्चालन | ५० | ५० | ५० | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | डिजटल र स्मार्ट नगरको अभियानलाई अगाडी बढाइनेछ । | ५०० | ६०० | ७०० | २ |
| | सामुदायिक सूचना केन्द्रको स्थापना भएको हुनेछ । | १००० | ० | ० | ३ |
| | **कुल** | **४०५०** | **३१५०** | **१५००** | |

**५.४.५ अपेक्षित उपलब्धि**

- सामुदायिक सूचना केन्द्रको स्थापना भएको हुनेछ ।
- टेलिफोन टावर (4G, 5G) राखेको हुनेछ ।
- गाउँपालिकाको विद्युतीय शासन क्षमता अभिवृद्धि भइ नागरिकहरूले सरल र सहज रूपमा सेवा र सुविधाहरू प्राप्त गरेका हुनेछन् ।
- गाउँपालिकाका सबै कार्यालयहरूका वेभसाइट, इमेल, फेसबुक, ट्वीटर, भाइबर जस्ता सामाजिक संजालका माध्यमबाट नागरिकको गुनासो प्राप्ति तथा सुनुवाइ हुने व्यवस्था भएको हुनेछ ।
- गाउँपालिकाको ५०% घरधुरीमा इन्टरनेट सेवाको पहुँच स्थापित हुनेछ ।
- गाउँपालिकाको महत्वपूर्ण क्षेत्रमा सूचना प्रविधि पूर्वाधारहरूको निर्माण तथा विकास भएको हुनेछ।
- अनलाइन सेवाहरू व्यवस्थित र विश्वासिलो भएको हुनेछ ।
- स्थानीय पत्रपत्रिकाहरू प्रकाशन र एफ. एम. रेडियो सञ्चालन भएको हुने छ ।
- आम सञ्चारका माध्यम व्यावसायिक, मर्यादित र जिम्मेवार भएको हुनेछ ।

**५.४.६ जोखिम तथा अनुमानप पक्ष**

- केन्द्र सरकार, प्रदेश सरकार, दातृ निकायले निरन्तर बजेट उपलब्ध गराउने ।
- सूचना तथा सञ्चार क्षेत्रमा निजी क्षेत्र समेत सहभागी भएको हुनेछ ।

# अध्याय ६: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

## ६.१ वन तथा जैविक विविधता

### ६.१.१ पृष्ठभूमि

वन महत्वपूर्ण प्राकृतिक सम्पदा हो । आर्थिक विकासका मेरुदण्डका रूपमा रहेका कृषि, पर्यटन, जलस्रोत, उद्योग आदिको आधार स्तम्भ पनि वन नै हो । दिगो विकास लक्ष्यको लक्ष्य नं. १५ मा वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण विरुद्ध लड्ने, भूक्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने कुरा उल्लेख गरिएको छ । तसर्थ पर्यावरणीय सन्तुलन, वायुमण्डलको स्वच्छता तथा जीवजन्तुको वासस्थान कायम राख्न वनजंगलको संरक्षण प्राथमिकतामा राख्नु जरुरी छ । यो गाउँपालिका मकालु वरुण राष्ट्रिय निकुञ्जको कारमा अवस्थित छ । यसकारण पनि यो गाउँपालिका वातावरणीय हिसाबले संवेदनशील क्षेत्रमा अवस्थित छ । राष्ट्रिय निकुञ्ज र गाउँपालिकाको बस्ती बीचमा कुल ४१ वटा मध्यवर्ती सामुदायिक वन रहेको छ ।

सिलीचोङ गाउँपालिका सल्लेरी दोभान (अरुण नदी र सङ्खुवा खोला मिसिएको) ४३२ मि. देखि ४१५२ मि. सिलीचोङ चुचुरो सम्म फैलिएको । यहि भौगोलिक विविधताले गर्दा हावापानीमा विविधता छ । यसैका कारण यो गाउँपालिका जैविक विविधतामा धनी छ । यहाँ रहेको जीवजन्तु तथा वनस्पतिले पालिकामा रहेको जैविक विविधतालाई धेरै धनी बनाएको छ । यसको संरक्षण तथा सम्वर्द्धन गर्दै अगाडि बढ्नु पर्ने गाउँपालिकाको दायित्व हो

### ६.१.२ समस्या तथा चुनौती

- वन पैदावारको चोरी निकासी
- वन्य जन्तुको अवैध चोरी सिकारी
- वन डढेलोको समस्या
- सिमान्तकृत वर्गमा वनको तुलनात्मक लाभ हुन नसकेको ।
- वनको दिगो व्यवस्थापन हुन नसकेको ।
- वन पैदावर, वन्यजन्तु र जैविक विविधताको संरक्षणको कार्ययोजना नभएको ।
- पानीका स्रोत र मुहानहरूको संरक्षण नभएको।

वनमा रहेका जडीबुटीहरूको संरक्षण हुन नसकेको ।

- विकास र वातावरण बिच सन्तुलन कायम गर्नु
- खाली एवं बाझो जमिनमा बृक्षारोपण गर्नु ।
- वन तथा वातावरण संरक्षणलाइ आर्थिक क्रियाकपालसँग आवद्ध गर्नु ।
- दाउरा, घर निर्माण र फर्निचरको लागी वन फडानी रोक्नु ।
- वन पैदावर र वन्यजन्तुहरूको संरक्षण ।
- डढेलो नियन्त्रण र जथाभावी वन फडानी ।

- वन्य जन्तुहरूको अवैधानिक शिकार ।
- वन, वातावरण तथा जैविक विविधता सम्बन्धी जनचेतनामा वृद्धि गर्नु ।

**६.१.३ संभावना तथा अवसर**

- विद्यमा प्राकृतिक स्रोतहरूको समुचित प्रयोग गरी आय-आर्जन बढाउन सकिने ।
- जैविक विविधता संरक्षण गरी पर्या-पर्यटनको विकास हुने ।
- वतावरणीय सरसफाइ तथा हरियाली प्रवर्द्धन हुने ।
- समुदायको संलग्नतामा वृद्धि भइ वातावरणप्रति जनतालाई उत्तरदायी बनाउने ।
- जैविक विविधतालाई सदुपयोग गर्ने ।
- वन पैदावार लगायत महत्वपूर्ण जडीबुटी उत्पादन ।
- विविधतायुक्तक्षेत्रले पर्यावरणीय सन्तुलन र पर्या पर्यटनलाई फराकिलो र दिगो बनाउने, पर्यापर्यटनको विकाससमा सहयोग पुग्ने ।
- वनको दिगो व्यवस्थापन भइ स्थानीयवासीहरूको जीवनस्तरमा सकारात्मक प्रभाव पर्ने ।
- वन पैदावर, वन्यजन्तु र जैविक विविधताको संरक्षण हुने ।
- भू-क्षय, पहिरो आदिको प्रकोप न्यूनीकरण हुने ।
- पानीका स्रोत र मुहानहरूको संरक्षण हुने ।
- वनमा रहेका जडीबुटीहरूको संरक्षण हुने ।
- भू-स्खलन नियन्त्रण तथा जैविका विविधताको संरक्षण हुने ।
- वनको बैज्ञानिक व्यवस्थापनबाट काष्ठ र गैरकाष्ठ वन पैदावारको व्यावसायिक लाभ लिन सकिने ।

**६.१.४ उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना**

**सोच**

वातावरणमैत्री विकास; वन, जल र जैविक विविधता संरक्षणको निकास

**लक्ष्य**

वन, जैविक विविधता र जलस्रोतको एकीकृत व्यवस्थापन मार्फत वनजन्य उत्पादनको उत्पादनमा वृद्धि गरी वातावरणीय सन्तुलन कायम गर्ने लक्ष्य रहेको छ ।

**उद्देश्य**

- वन व्यवस्थापन मार्फत जैविक विविधताको संरक्षण।
- वन क्षेत्रलाई उद्योग र पर्यटनसँग जोडेर स्थानीय जनताको आर्थिक समृद्धिमा सहयोग गर्ने ।
- वन, जलस्रोत तथा जलस्रोत तथा जैविक विविधताको एकीकृत व्यवस्थापन मार्फत वातावरणीय सन्तुलन कायम गर्ने ।

**रणनीति तथा कार्यनीति**

- समुदायिक वन कार्यक्रमलाई थप समावेशी बनाउँदै समाजका विपन्न वर्गलाई लाभान्वित गर्ने ।
- वन तथा जलस्रोतको वैज्ञानिक व्यवस्थापनका लागि नीति तर्जुमा गर्ने ।

➢ वातावरणीय विनाश र चोरी शिकार नियन्त्रण गर्ने ।

**कार्यक्रम तथा आयोजना**

| **क. वन तथा वातावरण** | | | | | |
|---|---|---|---|---|---|
| क्र. सं. | **योजना तथा कार्यक्रम** | **आ. व. २०८२/८३** | **आ. व. २०८३/८४** | **आ. व. २०८४/८५** | **प्राथमिकीकरण** |
| १ | अरू नदी, सङ्खुवा खोला, सिसुवा खोला लगायत अन्य खोलामा स्थानीय असला प्रजातीका माछाको संरक्षण र उपयोग गर्ने । | १०० | १०० | १०० | |
| २ | नदी कटान र भूक्षय नियन्त्रण गर्ने । | १०००० | १०००० | १०००० | |
| ३ | भू-संरक्षण तथा कटान नियन्त्रण तालिम | १०० | १०० | १०० | २ |
| ४ | सामुदायीक वन व्यवस्थापन गर्न सामुदायीक /मध्यवर्ती वन व्यवस्थापन समिति र मकालु वरुण राष्ट्रिय निकुञ्जसँग सहकार्य गर्ने । | १००० | १००० | १००० | |
| ५ | वन उपभोक्ता समितिलाई तालिम | ७५ | ७५ | ७५ | २ |
| ६ | संकटापन्न वनस्पति संरक्षण कार्यक्रम | ६० | ७० | ८० | २ |
| ७ | संकटापन्न वन्यजन्तु, स्थलचर, जलचर संरक्षण कार्यक्रम | ७० | ८० | ९० | २ |
| ८ | चोरी शिकारी नियन्त्रण इकाई गठन | १०० | | | २ |
| ९ | सचेतना कार्यक्रम सञ्चालन | ५० | ५० | ५० | २ |
| १० | तारजाली उत्पादनका लागि निजी क्षेत्रसँग अन्तरक्रिया | ५० | ५० | ५० | २ |
| | **कुल** | **११६०५** | **११५२५** | **११५४५** | |

### ६.१.५ अपेक्षित उपलब्धि

➢ वन र जलको वैज्ञानिक व्यवस्थापन सम्बन्धी कानुन, नीति र मापदण्ड भएको हुनेछ ।
➢ समुदायमा आधारित वन व्यवस्थापन प्रणालीको विकास भएको हुनेछ ।
➢ वन विनाश नियन्त्रण हुनेछ ।
➢ विपन्न वर्गलाई लाभ पुगेको हुनेछ ।
➢ वन्य पैदावार; फलफूल, जडीबुटीको, काठ, दाउरा आदि उत्पादन वृद्धि भएको हुनेछ ।
➢ नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापनको योजना कार्यान्वयन भएको हुनेछ ।
➢ वन अतिक्रमण, वन्यजन्तु चोरी सिकारी, वातावरण विनाश गर्ने खुल्ला चरी चरण, वन डढेलो जस्ता कार्यक्रम नियन्त्रण भयको हुनेछ ।
➢ विकास गर्दा वातावरण मैत्री विकासलाई मात्र प्राथमिकता दिएको हुनेछ ।
➢ EIA, IEE, IEA गरेर मात्र विकास कार्यको स्वीकृत दिएको हुनेछ ।

- जडीबुटी उत्पादन, सङ्कलन तथा प्रशोधन गरी बिक्री वितरण भएको हुनेछ ।
- जैविक विविधताको संरक्षण प्रभावकारी भएको हुनेछ ।

**६.१.६ जोखिम तथा अनुमान पक्ष**

- केन्द्र सरकार, प्रदेश सरकार, दातृ निकायले निरन्तर बजेट उपलब्ध गराउनेछ ।
- वन, जैविक विविधतामा स्थानीय समुदायको सक्रिय संलग्नता हुनेछन् ।
- सामुदायिक वनको संरक्षण हुनेछ ।

## ६.२ भू-संरक्षण तथा जलाधार व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

सिलीचोङ गाउँपालिकामा पहिरो तथा भूक्षयको मुख्य कारणहरू भिरालो भूगोल, कमजोर भूबनोट, छोटो अवधिमा हुने अधिक मनसुनी वर्षाजस्ता प्राकृतिक कारणहरू क्षतिका कारकहरू हुन् । जथाभाबी गरिएको भूउपयोग, संरक्षण एवं वातावरणमैत्री विकासको अवधारणा विपरीत जथाभावी सञ्चालन गरिने विकास निर्माणका कार्यहरू, वनजंगल विनाश, जनचेतनाको कमी आदि मानवीय कारणहरू समेतले गर्दा पालिकामा गाउँबस्ती हरेक वर्ष पहिरो र बाढीको समस्यामा पर्ने, जन धनको क्षति हुँदै आएको छ ।

गाउँपालिकामा पहिरो तथा बढीका कारण वडा १ देखि ४ सम्म करिब १००० घर धुरी जोखिममा रहेका छन् भने हाल सम्म जोखिमका कारण हालसम्म विस्थापित भएका घर परिवार ५१८ रहेको देखिन्छ । तत्काल स्थानान्तरण नै गर्नुपर्ने जम्मा घरधुरी सङ्ख्या ६४० रहेको देखिन्छ । सबै भन्दा बढी जोखिममा परेका घर धुरीहरू वडा १ मा ४४५ रहेका छन् भने वडा ३, ४ र २ मा क्रमश: २५०, २१५, १२७ रहेको छ ।

यो परिप्रेक्षमा भू-संरक्षण र जलाधार व्यवस्थापनलाई एकीकृत रूपमा सँगसँगै व्यवस्थापन गर्नु पर्ने हुन्छ । यसको लागी अरुण नदी, सङ्खुवा खोला, सिसुवा खोला लगायतका यो पालिका भएर बग्ने अन्य खोलाको प्रवाह क्षेत्र (watershed) मा स्थानीय समुदायलाई दैनिक जीवन यापन गर्न चाहिने मानवीय क्रियाकलापहरू सञ्चालन गर्दै यसको व्यवस्थापन गर्नु पर्ने हुन्छ । तव मात्र भू-संरक्षण तथा जलाधारको सही व्यवस्थापन हुन्छ ।

### ६.२.२ समस्या तथा चुनौती

- पहाडी भूभाग भएकोले भूक्षय र पहिरोको उच्च जोखिम हुनु ।
- पहिरो तथा भू-क्षय नियन्त्रणको लागी गाउँपालिकासँग पर्याप्त बजेट, प्रविधि र यन्त्र उपकरण नभएको।
- पहिरो तथा भू-क्षय सम्बन्धी जनचेतनाको अभाव ।
- कमजोर सडक पूर्वाधार भएकोले पहिरो तथा भूक्षयबाट हुने मानवीय जोखिम न्यूनीकरण गर्न कठीन हुने ।
- बिपद्मा परेका घरपरिवार तथा समूहलाई तत्काल राहतको व्यवस्था गर्नु ।

- प्रत्येक वर्ष बर्षातको समयमा हुने पहिरो तथा भू-क्षयलाई नियन्त्रण गर्न पर्याप्त बजेट, प्रविधि र यन्त्र उपकरणको व्यवस्था गर्नु ।

जलवायु परिवर्तनको कारण विपद् व्यवस्थापनलाई समय अनुकुल परिमार्जित तथा व्यवस्थित गर्न नसक्नु ।

- बिपद्मा परेका घरपरिवार तथा समूहलाई तत्काल राहतको व्यवस्था गर्नु ।
- प्रत्येक वर्ष बर्षातको समयमा हुने पहिरो तथा भू-क्षयलाई नियन्त्रण गर्न पर्याप्त बजेट, प्रविधि र यन्त्र उपकरणको व्यवस्था गर्नु ।
- जलवायु परिवर्तनको कारण विपद् व्यवस्थापनलाई समय अनुकुल परिमार्जित तथा व्यवस्थित गर्न नसक्नु ।

पहिरो तथा भू-क्षय नियन्त्रणको लागी अन्तर सरकार र दातृ निकायहरूसँग समन्वय र सहकार्य गरी पहिरो तथा भू-क्षय नियन्त्रण गर्न।

### ६.२.३ संभावना तथा अवसर

- जोखिम क्षेत्र पहिचान गरी नगरको बस्ती विकासलाई शुरक्षित र व्यवस्थित गर्न सकिने।
- भू-क्षय नियन्त्रण गरी प्राकृतिक स्रोतको संरक्षण गर्न सकिने ।

दिगो विकासको बाटोमा गाउँपालिकालाई डोऱ्याउन सकिने ।

- पहिरो तथा भू-क्षय नियन्त्रण र पूर्व तयारीको लागी नीति तथा कार्यक्रमहरू बनाएर प्रयोगमा ल्याउने । पहिरो तथा भू-क्षय नियन्त्रण गाउँपालिकाको नीति रहेको र दिगो तथा शुरक्षित विकासका लक्ष्यहरूमा गाउँपालिकाको प्रतिवद्धता रहने, पहिरो तथा भू-क्षय नियन्त्रण र पूर्व तयारीको लागी नीति तथा कार्यक्रमहरू बन्नु गाउँपालिकाको अवसर छ ।
- सबै प्रकारका विपद्को सामना गर्न आधुनिक प्रबिधि संरचना, मापदण्ड र आवश्यक दक्ष जनशक्तिको विकास गर्न सकिने ।

पहिरो तथा भू-क्षय नियन्त्रणको लागी अन्तर सरकार र दातृ निकायहरूसँग समन्वय र सहकार्य गर्ने सकिने ।

### ६.२.४ उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**सोच**

भू स्रोतको पूर्णत वैज्ञानिक सदुपयोग मार्फत आर्थिक समृद्धि

**लक्ष्य**

- पहिरो तथा भू-क्षयबाट हुने मानवीय तथा अन्य क्षतिमा कमी ल्याउने ।
- नदी प्रणाली तथा तालतलैया/पोखरीमा आधारित एकीकृत जलाधार व्यवस्थापनको योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

**उद्देश्य**

- गाउँपालिका क्षेत्रमा जोखिम क्षेत्र पहिचान गरी शुरक्षित बस्ती विकास गर्ने ।
- पहिरो तथा भू-क्षयलाई नियन्त्रण गरी क्षतिको न्यूनीकरण गर्ने ।
- गाउँपालिकाको क्षेत्रको जलाधार व्यवस्थापन गर्ने ।

**रणनीति तथा कार्यनीति**

- पहिरो तथा भू-क्षय रोकथाम तथा नियन्त्रण गर्ने ।
- पहिरो तथा भू-क्षय न्यूनीकरणको लागी कोष गठन र पूर्व सूचना प्रणालीको व्यवस्था गर्ने ।
- स्थानीय सञ्चार माध्यम र सामाजिक सञ्जालबाट जोखिमको पूर्व-सूचना प्रचार प्रसार गरी मानवीय र भौतिक क्षति न्यूनीकरण गरिनेछ ।
- पहिरो तथा भू-क्षय न्यूनीकरणका लागी निजी र अन्तर सरकारी समन्वय र सहकार्य गरिनेछ ।

**कार्यक्रम तथा आयोजना**

| **ख) भू-संरक्षण तथा जलाधार व्यवस्थापन** | | | | | |
|---|---|---|---|---|---|
| क्र. सं. | **योजना तथा कार्यक्रम** | **आ. व. २०८२/८३** | **आ. व. २०८३/८४** | **आ. व. २०८४/८५** | **प्राथमिकीकरण** |
| १ | गाउँपालिका भू-उपयोग नीति निर्माण | ५०० | | | १ |
| २ | भूमि अभिलेख प्रणाली निर्माण | ३०० | | | २ |
| ३ | सिंचित, असिंचित, बाँझो तथा खेती भएको जमिनको अद्यावधिक तथ्याङ्क प्रणाली निर्माण | ३०० | | | २ |
| ४ | नक्सा डिजिटलाइजेसन | ५०० | | | २ |
| ५ | भूमि बैङ्क स्थापना | | १००० | | २ |
| ६ | कृषक समूह तथा कृषि सहकारी बिच अन्तरक्रिया | ५० | ७५ | ८० | २ |
| ७ | स्थानीय जलाधार क्षेत्र संरक्षण नियमावली तयार गर्ने | | | | २ |
| ८ | पोखरीहरू निर्माण तथा पुर्नउत्थान कार्यक्रम | | ५०० | | २ |
| ९ | वृक्षारोपण | १०० | २०० | २५० | २ |
| १० | वनजंगल क्षेत्र भित्र पोखरी तथा जलाशय निर्माण | ५०० | ८०० | | २ |
| ११ | जनचेतनामूलक कार्यक्रम संचालन गर्ने | ५० | ५० | ५० | २ |
| १२ | सिमसार क्षेत्र पहिचान तथा संरक्षण कार्यक्रम | ५० | ५० | ५० | २ |
| **जम्मा** | | **१८५०** | **२६७५** | **४३०** | |

### ६.२.५ अपेक्षित उपलब्धि

- जलाधार क्षेत्रको पहिचान, नक्साङ्कन र दिगो संरक्षण भएको हुनेछ ।
- पहिरो तथा भू-क्षयका संभावित स्थानहरूको पहिचान र नक्साङ्कन भइ रोकथाम तथा नियन्त्रंण भएको हुनेछ ।
- जोखिमयुक्त स्थानहरूको पहिचान भइ स्थायी तटबन्ध र जैविक वालको निर्माण भएको हुनेछ।
- पहिरो तथा भू-क्षयबाट हुने क्षतिमा कमी आएको हुनेछ ।

- पिडितहरूले उचित क्षतिपूर्ति प्राप्त गरेका हुनेछन ।

### ६.२.६ जोखिम तथा अनुमान पक्ष

- भू-संरक्षण तथा जलाधार व्यवस्थापनमा गाउँपालिका क्रियाशिल हुनेछ ।
- वन, जैविक विविधतामा स्थानीय समुदायको सक्रिय संलग्नता हुनेछन् ।
- केन्द्र सरकार, प्रदेश सरकार, दातृ निकायले निरन्तर बजेट उपलब्ध गराउनेछ ।
- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।

## ६.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.३.१ पृष्ठभूमि

हाम्रो वरपर रहेका प्राकृतिक अवयवहरू जस्तै वायुमण्डल, भूमि, जल, वनजंगल, वनस्पति, जीवजन्तु र प्राकृतिक जीवनचक्र, जलवायु तथा मौसम आदिको अन्तरक्रिया र समग्रताले सिर्जना गरेका भौतिक अवस्थालाई वातावरण भनिन्छ । वातावरण संरक्षण भनेको सम्पूर्ण वातावरणीय अवयवहरूको एकीकृत संरक्षणको पाटो हो । यसमा समग्रमा जल, जमिन, जंगल, वायुमण्डल र हाम्रो वरपरको सेरोफेरोलाई स्वच्छ, सफा र सन्तुलित राख्ने विषय आउँछ । वातावरण प्रदुषणले मानिसमा विभिन्न किसिमका रोगहरू निम्त्याउँछ । नेपालको संविधानमा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ भनी मौलिक हकको रूपमा उल्लेख गरिएको छ ।

फोहोर मैला व्यवस्थापन गर्ने कानुनी दायित्व र अधिकार स्थानीय सरकारलाई तोकेको छ । फोहोर मैला व्यवस्थापन ऐन, २०६८ (संशोधन २०७४) को परिच्छेद २ को दफा ३ मा व्यवस्था भए बमोजिम फोहोरमैलाको सङ्कलन, अन्तिम विसर्जन तथा प्रशोधनको लागी आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ भनी लेखिएको छ । यसैगरी दफा ११ प्रारम्भिकर चरणमा सङ्कलन भएको फोहोर मैला व्यवस्थित गर्न कुनै स्थानलाई स्थानान्तरण केन्द्रको रूपमा तोकनुपर्ने व्यवस्था गरेको छ भने दफा १२ मा फोहोरलाई स्थायी विसर्जन गर्नको लागी वातावरण सम्बन्धी प्रचलित कानुनको अधिनमा रही फोहोर मैला व्यवस्थापन स्थल तोक्न सक्ने छ भनी उल्लेख गरेको छ । त्यसैले फोहोर मैला व्यवस्थापनको प्रबन्ध मिलाउने जिम्मेवारी स्थानीय तहको हुनेमा दुइमत छैन तसर्थ कानुनी आधारमा टेकेर स्थानीय सरकारले फोहोरको व्यवस्थापन गर्न निर्देशिका बनाई त्यसको माध्यमबाट स्थानीय स्तरमा नै विविध योजना र कार्यक्रमहरू बनाई त्यसको प्रभावकारी कार्यान्वयन मार्फत नगारिकलाई सुसूचित गर्ने जिम्मेवारी स्थानीय निकायको अधिकार क्षेत्र भित्र रहेको छ । हाल गाउँपालिकामा देखिएको प्लास्टिक जन्य प्रदूषण र सिसाको बोतल जन्य प्रदूषणलाई गाउँपालिकाले व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

### ६.३.२ समस्या तथा चुनौती

- वातावरण सम्बन्धी न्यून सचेतना ।
- प्लाष्टिक झोलाहरूको जथाभावी प्रयोग ।
- मुख्य बस्ती क्षेत्रमा ढलको व्यवस्था नभएको ।
- वातावरण संक्षणमा अत्यन्त न्यून बजेटको व्यवस्था ।
- स्पष्ट र दरिलो कानुनी धरातलको अभावले गर्दा अनुगमन निकायको भूमिका प्रभावकारी नहुनु ।
- कृषि भूमिमा हानिकारक रासायनिक पदार्थ (किटनाशक विषाधि, रासायनिकमल आदि ) को प्रयोग बढ्नु ।
- प्राकृतिक वातावरण र मानवीय वातावरणी विच सन्तुलन बनाई राख्न ।
- वातावरणीय प्रदुषणले गर्दा वातावरणीय तत्वहरूमा प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव पार्ने ।
- वातावरणीय प्रदुषणको समाधान जटिल र प्राविधिक रूपमा अत्यन्तै चुनौतीपूर्ण हुने ।
- कृषि भूमिमा हानिकारक रासायनिक पदार्थ (किटनासक विषाधि, रासायनिकमल, ..... आदि ) को प्रयोगमा नियन्त्रण गर्न।
- मापदण्ड सहितको प्लाष्टिक झोला प्रतिबन्ध गर्न ।

### ६.३.३ संभावना तथा अवसर

- प्रदेशको विशिष्टीकरणको रूपमा उद्योग, वन तथा वातावरण मन्त्रालयको गठन हुनु र यसले वातावरण संरक्षणमा तदारुकता देखाउनु ।
- फोहोरलाई ऊर्जा रूपमा प्रयोग गर्न सक्ने प्रविधिको विकास हुनु ।
- वातावरण संरक्षणको क्षेत्रमा दक्ष जनशक्ति उत्पादन हुन सक्ने ।
- वातावरण संरक्षणमा गैरसरकारी संस्थाहरूको परिचालन गर्न सकिने
- तीव्र शहरीकरण भइ नसकेकोले शहरलाई व्यवस्थित गर्दै वातावरण संरक्षण गर्न सकिने ।
- उत्पादित पोहोर लाई मोहोरको रूपमा प्रयोग गर्ने ।
- वातावरण तथा फोहोर व्यवस्थापन र प्रदूषण नियन्त्रणको क्षेत्रमा स्थानीय सरकार, विकास साझेदार तथा अन्य सरकारी/ गैरसरकारी संस्थाहरू, उपभोक्ता समितिहरू र नागरिकको सहभागिता बढ्दै जानु ।
- प्रदेश तथा सङ्घीय सरकारको फोहोर व्यवस्थापनको नीति, रणनीति र निर्देशिकाहरू निर्माण हुनु ।
- वातावरण संरक्षण सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरी वातावरण संरक्षणमा स्थानीयवासीहरूलाई परिचालन गर्न सकिने ।
- वातावरण संरक्षणमा पर्याप्त बजेटको व्यवस्था गर्न सकिने । वातावरण संरक्षण सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरी वातावरण संरक्षणमा स्थानीयवासीहरूलाई परिचालन गर्न सकिने ।
- प्राङ्गारिक मलको प्रयोग गर्न सकिने ।

## ६.३.४ उप-क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

### सोच

स्वच्छ, सफा, सुन्दर सिलीचोङ

### लक्ष्य

वातावरणीय प्रदुषण न्यूनीकरण गरी वातावरणीय स्वच्छता कायम गर्ने ।

### उद्देश्य

- मानवीय तथा प्राकृतिक कारणबाट उत्पन्न  हुने वातावरणीय जोखिम रोकथाम गर्नु ।
- फोहोरमैलाको उचित व्यवस्थापन गर्नु ।
- वातावरणीय प्रदूषण कम गरी स्वच्छ वातावरण बनाउने ।

### रणनीति तथा कार्यनीति

- वातावरणमैत्री ऊर्जा र कृषि प्रविधिको छनौट र विस्तार गर्ने ।
- प्रदुषण रहित स्वच्छ वातावरण तयार गर्ने ।
- बायो ग्यास, सुधारिएको चुल्हो, ग्यासीफायर, बायोब्रिकेट जस्ता किफायती जैविक ऊर्जाहरूको प्रवर्द्धन एवं विस्तार गरिने छ ।
- किटनाशक विषादी र रासायनिक मल प्रयोगलाई दुरुत्साहन गरी जैविक र प्रांगारिक मलको प्रयोग र प्लाष्टिक झोलाको सट्टा स्थानीय सामाग्रीबाट उत्पादित वातावरण मैत्री झोला उपयोगमा ल्याइने छ ।
- वातावरणीय चेतना र सावधानी, फोहोर वर्गीकरण र फोहोर व्यवस्थापन सम्बन्धी शैक्षिक तथा जनचेतनाका कार्यक्रमहरू सञ्चालन गरिने छ ।

### कार्यक्रम तथा आयोजना

| **ग. फोहोर मैला व्यवस्थापन** | | | | | |
|---|---|---|---|---|---|
| क्र. सं. | **योजना तथा कार्यक्रम** | **आ. व. २०८२/८३** | **आ. व. २०८३/८४** | **आ. व. २०८४/८५** | **प्राथमिकीकरण** |
| १ | सिसा जन्य तथा प्लास्टिक जन्य फोहोर सङ्कलन गरी महिनाको २ पटक गाउँपालिका बाहिर  निर्यात गर्न । | ३०० | ३०० | ३०० | |
| २ | प्लास्टिक जन्य झोला प्रतिबन्ध गर्ने | ० | ० | ० | |
| ३ | सार्वजनिक स्थानहरूमा शौचालय निर्माण गर्ने । | ० | ५००० | ० | |
| ४ | हरियाली कायम गर्न खाली रहेका स्थानहरूमा वृक्षारोपण गर्ने । | १०० | १०० | १०० | |
| ५ | गाउँपालिका क्षेत्रमा प्लाष्टिक झोला | नीतिगत | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | निषेध गर्ने । | | | | |
| ६ | स्थानीय सामाग्रीबाट उत्पादित वातावरणमैत्री हरित झोला उपयोगमा ल्याउने । | नीतिगत | | | |
| ७ | फोहोरमैला व्यवस्थापन सम्बन्धी शैक्षिक तथा जनचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने । | नीतिगत | | | |
| ८ | | | | | |
| | कुल | ४०० | ५४०० | ४०० | |

### ६.३.५ अपेक्षित उपलब्धि

- महत्वपुर्ण सार्वजनिक स्थानहरूमा सार्वजनिक शौचालय निर्माण भएका हुने ।
- वातावरणीय प्रदुषण प्रति जनचेतनाको स्तर बढेको हुनेछ ।
- मुख्य बजार र चौकहरूमा शौचालय र ढलको निर्माण भएको हुनेछ ।
- प्लाष्टिक झोला निषेध भएको हुनेछ ।
- वातावरण व्यवस्थापनको लागी एकीकृत कार्यक्रम सञ्चालन भएको हुनेछ ।
- स्थानीय वातावरणमा सुधार भएको हुनेछ ।
- नागरिकहरूको स्वास्थ्यमा सुधार आएको हुनेछ ।
- फोहोरजन्य झाडापखाला र हैजाहरूको प्रकोप कम भएको हुनेछ ।
- वातावरण प्रदुषण कम भएको हुनेछ ।

### ६.३.६ जोखिम तथा अनुमान पक्ष

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- फोहोर व्यवस्थापनमा स्थानीय नागरिकहरू सक्रिय हुनेछन् ।
- वन, जैविक विविधता व्यवस्थापन तथा फोहोर न्यूनीकरणमा गाउँपलिकाले यथेष्ठ बजेट विनियोजन गर्नेछ ।
- केन्द्र सरकार, प्रदेश सरकार, दातृ निकायले निरन्तर बजेट उपलब्ध गराउनेछ ।

## ६.४ विपद, जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ६.४.१ पृष्ठभूमि

सिलीचोङ गाउँपालिकाको वडा १ को वेसिन्दामा मिति २०७७ साल असार २७ गतेको पहिरोले ११ जना बेपत्ता भएको र कुल ९२ वटा घर धुरी विस्थापित भयो । यसको व्यवस्थापन सिलीचोङ गाउँपालिकाको वडा १ स्थित चित्रेमा २५ घर धुरी र वडा १ को बखल्तुममा १२ घर धुरी र छिमेकी खाँदबारी नगरपालिकाको वडा ७ स्थित बैरेडाँडामा बाँकी ५५ घर धुरी जग्गा खरिद गरी पुनर्स्थापना गरिएको छ । त्यस्तै गरेर वडा ३ को सिकिदिम पहिरोबाट विस्थापित २२ घरलाई वडा ३ को मानेटार, वडा ३ को याचाम्खा (ताम्कु साविक ८ ) का १० घर पहिरो पीडितलाई मानेटार खोपुवा र वडा १ वखुल्दुमका ५ घर धुरीलाई खोपुवामा पुनर्वास पुनर्बास गरिएको छ ।

गाउँपालिकाको विपद्हरूमा पहिरो, भू-क्षय, बाढी, हावाहुरी, चट्याङ, आगलागी आदि रहेका छन् । त्यसैगरी जलवायु परिवर्तनको जल्दोबल्दो समस्या र यसले पार्ने असर पनि गाउँपालिका भित्र विद्यमान छन् । गाउँपालिकाले विपद् व्यवस्थापनलाई स्थानीय सरकारको मुख्य जिम्मेवारीको रूपमा लिई विपद व्यवस्थापन कोषको गठन गर्ने नीति लिएको छ । त्यसैगरी विपद व्यवस्थापन योजनाले जलवायू अनुकूलन र प्रकोप जोखिम न्यूनीकरण, जोखिम सम्वेदनशील भूमि उपयोग योजना तयार गर्ने र कार्यान्वियन गर्ने, एकीकृत जलाधार व्यवस्थापन र कार्यान्वियन र जलस्रोत संरक्षणको आवश्यकतामा जोड दिएको छ । गाउँपालिकाले विपद न्यूनीकरणको लागि सडक लगायत विकास निर्माण गर्दा वातावरणीय प्रभाव मूल्याङ्कनलाई अनिवार्य गरेको छ । वन जंगलको संरक्षणको लागि सामुदायिक वन उपभोक्ता मार्फत सचेतनामुलक कार्यक्रम गर्ने, सबै वडामा प्राकृतिक प्रकोप जनचेतना कार्यक्रम सञ्चालन गर्ने तथा विपद न्यूनीकरण र व्यवस्थापनक लागि नेपाल रेडक्रस लगायत अन्य सरोकारवाला निकायहरूसँग सहकार्य र समन्वय गर्ने नीति लिएको छ ।

### ६.४.२ समस्या तथा चुनौती

- स्थानीय विपद् व्यवस्थापन समिति र विपद् व्यवस्थापन कोष नभएको ।
- विपद् व्यवस्थापन तथा न्यूनीकरणको लागि यन्त्र उपकरणको अभाव ।
- विपद् तथा महामारी सम्बन्धी सचेतनाको अभाव ।
- भवन संहिताबारे अनभिज्ञता तथा भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी शिप र तालिमको अभाव ।
- मापदण्ड अनुसार सुरक्षित पूर्वाधार र भवन निर्माण गर्नु
- भू-क्षय र पहिरोजन्य प्रकोप व्यवस्थापन गर्नु ।
- विपद् तथा महामारी व्यवस्थापनमा संलग्न विभिन्न सङ्घसस्था बिच समन्वय गर्नु ।
- जोखिम युक्त वसोवास क्षेत्र पहिचान गरी सुरक्षित स्थानमा बस्ती स्थानान्तरण गर्नु
- प्रकोप तथा महामारीवारे जनचेतना वृद्धि गर्नु ।

### ६.४.३ संभावना तथा अवसर

- जोखिमबारेमा गाउँपालिकावासीलाई सचेत गराई समयमै जोखिम व्यवस्थापन गर्न सकिने।
- भर्खरै मात्रा बजारीकरण प्रारम्भ भएकोले सुरक्षित आवासको विकास गरी बस्तीहरूलाई व्यवस्थित गर्न सकिने ।
- विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति र रणनीतिक कार्ययोजना कार्यान्वयनमा रहनु ।
- भूकम्प पुनर्निर्माणमा विभिन्न सङ्घसंस्थाहरूको सहयोग र क्रियाशीलता रहनु ।
- सङ्घीय एवं प्रादेश सरकारकारको सहयोग रहनु ।

### ६.४.४ उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**सोच**

विपद् व्यवस्थापनको प्रभावकारी संयन्त्र निर्माण गरी जनधनको क्षति न्यूनीकरण गर्ने ।

**लक्ष्य**

विपद जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तनको असरबाट जनधनको संरक्षण गर्ने

**उद्देश्य**

- विपद तथा जोखिमबाट हुने मानवीय, भौतिक, आर्थिक, सामाजिक, साँस्कृतिक र पर्यावरणीय क्षतिमा कमी ल्याउने ।
- जलवायु परिवर्तनको असर न्यूनीकरण गर्ने ।

**रणनीति तथा कार्यनीति**

- प्राकृतिक तथा गैर प्राकृतिक विपदको प्रभावकारी व्यवस्थापन गर्ने व्यवस्था मिलाइने छ ।
- विपद्को वेला उद्धार कार्यका लागि युवा स्वयंसेवी, सामाजिक सङ्घ संस्थाहरू, सुरक्षा निकाय आदिलाई तयारी अवस्थामा राखिने छ ।
- विपदबाट वच्ने वारेमा जनमानसमा सचेतना कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गरिने छ ।

**कार्यक्रम तथा आयोजना**

| **ख. विपद् व्यवस्थापन** | | | | | |
|---|---|---|---|---|---|
| क्र. सं. | योजना तथा कार्यक्रम | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ | आ. व. २०८४/८५ | प्राथमिकीकरण |
| १ | विपद् पूर्व तयारी कार्ययोजना निर्माण | ७०० | ० | ० | |
| २ | उच्च जोखिममा रहेका बस्ती तथा परिवारलाई स्थानान्तरण | ५०० | ५०० | ५०० | १ |
| ३ | विपद् पूर्वानुमान तथा चेतावनी सूचना प्रणालीको प्रभावकारी सञ्चालन | | | | २ |
| ४ | विपद् पूर्व सङ्केत दिने उपकरण जडान | २०० | | | २ |
| ५ | विपद् व्यवस्थापन कोष | ० | २५०० | ० | |
| ६ | विपद् जोखिम नक्शाङ्कन | १००० | ० | ० | |
| ७ | प्रकोप पात्रो तयार | ५० | ५० | ५० | २ |
| ८ | सिमसार क्षेत्र संरक्षण कार्यक्रम | ५० | ५० | ५० | २ |
| ९ | विपद् सामाग्री खरिद तथा सङ्कलन | ५०० | ५०० | ५०० | |
| १० | जलवायु जोखिम तथा प्रकोप न्यूनीकरण र अनुकुलनको लागि स्थानीय अनुकुलुन कार्ययोजना निर्माण | ० | ७५० | ० | |
| ११ | बाढी तथा पहिरो लगायत वातावरण संवेदनसित तथा जोखिम क्षेत्रमा पूर्व सूचना प्रणालीको जडान गर्ने । | २००० | २००० | २००० | |
| १२ | कुनै पनि विकास निर्माण कार्य गर्दा वातावरण प्रभाव मूल्याङ्कन गरी निर्माण गर्ने । | ० | ० | ० | |
| | **कुल** | **४२५०** | **५८००** | **२५५०** | |

### ६.४.५ अपेक्षित उपलब्धि

- विपद् जोखिम नक्साङ्कन भएको हुनेछ ।
- भूकम्प प्रतिरोधी भवन निर्माणको सुरुवात भएको हुनेछ ।
- पहिरो र भूक्षयहरू नियन्त्रण भएका हुनेछन् ।
- खोलानाला तथा नदीबाट हुने वस्ती कटान रोकिएको हुनेछ ।
- सरोकारवाला संस्थाहरू बीच प्रभावकारी समन्वय भएको हुनेछ ।
- विपदबाट हुने क्षतिमा न्यूनीकरण भएको हुने ।
- जलवायु परिवर्तनका असरहरूको अनुकूलन तथा न्यूनीकरण भएको हुनेछ ।

### ६.४.६ जोखिम तथा अनुमान पक्ष

- केन्द्र सरकार, प्रदेश सरकार, दातृ निकायले निरन्तर बजेट उपलब्ध गराउनेछ ।
- वन, जैविक विविधता व्यवस्थापन तथा फोहोर न्यूनीकरणमा गाउँपालिकाले यथेष्ठ बजेट विनियोजन गर्नेछ ।
- सङ्क्रामक रोगहरूको रोकथामको लागि गाउँपालिकामा सरोकारवालाहरूको सक्रिय सहभागिता हुनेछ ।

# अध्याय ७: सुशासन तथा संस्थागत क्षेत्र

## ७.१ सुशासन, नीति, कानुन तथा सेवा प्रवाह

### ७.१.१ पृष्ठभूमि

सुशासन शव्दको अर्थ नेपाली शब्दसागर र वृहत् नेपाली शव्दकोशले राम्रो राज्य व्यवस्था, उत्तम शासन भन्ने जनाएको छ। असल शासन र कुशल प्रशासन नै सुशासन हो।

वास्तविक रूपमा असल शासनको स्थापना गर्न जनस्तरमा सेवा प्रवाहको प्रभावकारिता हुन जरुरी रहन्छ। राज्यले लिएको नीतिअनुरूप असल शासनका प्रमुख आयामहरूमा सार्वजनिक प्रशासनमा पारदर्शिता, निष्पक्षता, भ्रष्टाचारमुक्त, उत्तरदायी शासन शुलभता र सहजता महत्वपूर्ण आयामहरू हुन्। यी आयामहरूको स्वस्थ विकास र सुनिश्चितता गर्न सकेको खण्डमा सङ्घीय संविधानको मर्मअनुरूप जनताको घरदैलोमा राज्यद्वारा प्रदान गरिने सेवा र सुविधा पुर्‍याउन सकिन्छ। गाउँपालिकाले कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि तालिम, नागरिक भेला, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, अनुगमन तथा नियन्त्रण कार्यप्रणालीलाई चुस्त, व्यवस्थित तथा पारदर्शी बनाउनु आवश्यक छ।

### ७.१.२ समस्या तथा चुनौती

- गाउँपालिकाको कमजोर संस्थागत पूर्वाधार।
- न्यून आन्तरिक आयस्रोत।
- कमजोर योजना तर्जुमा र कार्यान्वियन खाका
- योजना तर्जुमा तथा कार्यान्वियनको लागि बजेटको अभाव।
- दक्ष जनशक्ति र प्राविधिकहरूको अभाव।
- कमजोर अन्तर सरकार र अन्तर निकाय समन्वय।लामो राजनीतिक संक्रमणबाट हालसालै स्थापित नयाँ सङ्घीय प्रणालीको स्थानीय सरकार भएका कारण सर्वाङ्गीण संस्थागत विकास भइनसकेको।
- भौतिक पूर्वाधार आयोजनाहरू निर्धारित समयमै सम्पन्न गर्न नियमति अनुगमन तथा मूल्याङ्कन गर्नु।
- दक्ष जनशक्तिको व्यवस्था गर्नु।
- आवधिक योजना र वार्षिक योजना वीच तादाम्यता कायम गर्नु।
- नतिजामुखी योजना तर्जुमा गर्नु।
- योजनाको कार्यान्वियन क्षमता बढाउनु।
- संस्थागत क्षमताको विकास गर्नु।
- निजी क्षेत्रको लगानी आकर्षित गर्नु।

### ७.१.३ संभावना तथा अवसर

- स्थानीय निकायको लागि स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था हुनु।
- स्थानीय पदाधिकारीहरूद्वारा स्थानीय आवश्यकताको उचित पहिचान हुनु।
- स्थानीय सरोकारवालाहरूद्वारा गाउँपालिकाको विकासमा लाग्नको लागि वतावरण भएको।

- विकासप्रति जनप्रतिनिधिहरू चनाखो हुँदै गएका र जनताप्रति उत्तरदायी हुँदै गएका ।
- आवधिक योजनाबाट योजना तर्जुमाको आधार प्राप्त हुनु ।
- जनप्रतिनिधिमा योजनावद्ध विकास प्रति उत्साह हुनु ।
- विकासका सम्भावनालाई प्राथमिकीकरण गर्ने अवस्था प्राप्त हुनु ।
- सङ्घीय योजना र दिगो विकासका लक्ष्यहरू तथा अन्य राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिवद्धतालाई योजना प्रणालीमा आवद्ध गर्नु ।

### ७.१.४ उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**सोच**

सिलीचोङको सरोकार, नागरिक मैत्री सरकार

**लक्ष्य**

गाउँपालिका विकासको लागि प्रभावकारी योजना तर्जुमा र कार्यान्वयनद्वारा पालिकाको सेवा सुविधालाई चुस्त दुरुस्त बनाउनु ।

**उद्देश्य**

- स्थानीयलाई सहज र सरल तरिकाबाट सेवा सुविधा पुऱ्याउनु ।
- जनताप्रति उत्तरदायी र जवाफदेही शासन सञ्चालन गर्नु ।

स्थानीय तहको कार्य सम्पादन र सेवा प्रवाह परिणाममुखी, चुस्त र पारदर्शी बनाउने ।

**रणनीति तथा कार्यनीति**

- पालिकाको तथ्याङ्क प्रणालीलाई विद्युतीय प्रणालीमा आवद्ध गरी सङ्घ तथा प्रदेश सरकारका तथ्याङ्क प्रणालीसँग संजालीकरण गरिनेछ ।
- जन सहभागितामा आधारित योजनाको तर्जुमा प्रणालीलाई अबलम्बन गरिनेछ ।
- जन उत्तरदायी, जवाफदेही, नतिजामुखी योजना प्रक्रियाको अवलम्बन गरिनेछ ।
- नियमित, प्रभावकारी, नतिजामूलक अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।
- गाउँपालिका कर्मचारीहरूको वृत्तिविकासको कार्यक्रमहरूमा सहभागी गराई क्षमता विकास गरिनेछ।

**कार्यक्रम तथा आयोजना**

| **क. संस्थागत विकास तथा सुशासन** | | | | | |
|---|---|---|---|---|---|
| क्र. सं. | योजना तथा कार्यक्रम | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ | आ. व. २०८४/८५ | प्राथमिकीकरण |
| १ | निर्माणाधिन अबस्थामा रहेको गाउँपालिकाको प्रसाशनीक भवन निर्माण सम्पन्न गर्ने । | ० | ० | ० | |
| २ | वडा ५ को कार्यालय भवन निर्माण | २०००० | ० | ० | |
| ३ | स्थानीय जनसांख्यीक बिबरण सङ्कलन | १८०० | ० | ० | |
| ४ | नागरीक सन्तुष्टि सर्वेक्षण | ० | ३०० | ० | |
| ५ | क्षमता विकास तालिम (जनप्रतिनिधी तथा कर्मचारी) | ८०० | ८०० | ८०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | राजस्व सुधार कार्ययोजना | ५०० | ० | ० | |
| ७ | विद्युतिय हाजिर जडान तथा सञ्चालन | ४०० | १२५ | १२५ | |
| ८ | बेरुजु रकम न्यूनीकरण तालिम | ५०० | ० | ० | |
| ९ | सार्वजनिक सुनुवाई तथा लेखा परीक्षण | १०० | १०० | १०० | |
| १० | योजना तथा कार्यक्रमहरुको नियमित प्रगति समीक्षा | २५० | २५० | २५० | |
| ११ | राजस्वको दायरा बढाउन व्यवसाय दर्ता अभियान | १०० | १०० | १०० | |
| १२ | मेलमिलाप केन्द्र व्यवस्थापन, अन्तर पालिका मेलमिलाप समन्वय बैठक | १०० | १०० | १०० | |
| १३ | आयोजनाहरुको प्रभाव मूल्याङ्कन | ४०० | ४०० | ४०० | |
| १४ | कार्य सम्पादन मुल्याङ्कनको आधारमा कर्मचारी सम्मान तथा पुरस्कार | ५० | ५० | ५० | |
| १५ | अनुगमन तथा मूल्याङ्कन | १०० | १०० | १०० | |
| १६ | ऐन नियमको निर्माण | ४०० | ४०० | ४०० | |
| | **कुल बजेट** | **२२९७०** | **११५७०** | **११३४५** | |

### ७.१.५ अपेक्षित उपलब्धि


- व्यवस्थित तथ्याङ्क प्रणाली स्थापित भई विद्युतीय प्रणालीमा आबद्ध भएको हुनेछ
- सहभागितामूलक योजना प्रणाली स्थापित भएको हुनेछ ।
- आवधिक योजनाले पहिचान गरेका योजना तथा कार्यक्रमहरू क्रमश: लागू हुँदै गएको हुने छन् ।
- मध्यकालीन खर्च संरचना लागू भएको हुनेछ ।
- योजनाको लक्ष्य र उपलब्धि बीचको अन्तर न्यून भएको हुनेछ
- सूचकमा आधारित योजना अनुगमन र मूल्याङ्कन प्रणाली विकास भएको हुनेछ
- पुँजीगत खर्च ९० प्रतिशत भन्दा बढी भएको हुनेछ
- चौमासिक र वार्षिक प्रगति समीक्षा नियमित भएको हुने र वार्षिक प्रगति प्रतिवेदन प्रकाशित भएको हुनेछ ।

### ७.१.६ जोखिम तथा अनुमान पक्ष

- केन्द्र सरकार, प्रदेश सरकार, दातृ निकायले निरन्तर बजेट उपलब्ध गराउनेछ ।
- गाउँपालिकाका पदाधिकारीहरू जनताप्रति उत्तरदायी र जवाफदेही हुनेछन् ।
- गाउँपालिका आवश्यक मात्रमा कर्मचारीहरू उपलब्ध हुनेछन् ।
- पूर्ण राजनीतिक स्थिरता तथा आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- कुनै प्रकारको ठुलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

# अनसूचीहरू

**अनुसूची १: मध्यमकालीन खर्च संरचना सम्बन्धी अभिमुखीकरण तथा तयारी सम्बन्धी एक दिने कार्यशाला गोष्ठीको माइन्यूट**




आज मिति २०८२ साल वैशाख १६ गतेका दिन सिलिचोङ गाउँपालिकाका उपाध्यक्ष श्री देविला राई ज्यूको अध्यक्षतामा मध्यमकालीन खर्च संरचना निर्माणका लागि तपसीलका जनप्रतिनिधिहरू र कार्यालयमा कार्यरत शाखा प्रमुखहरूको उपस्थितिमा अभिमुखीकरण कार्यक्रम संचालन गरियो।

तपसील

(१) श्री
(२) श्री देविला राई - उपाध्यक्ष
(३) श्री गणेश राई - वडा अध्यक्ष - १
(४) श्री मोहन मोरे राई - वडा अध्यक्ष - २
(५) श्री प्रतापसिंह तामाङ - वडा अध्यक्ष - ३
(६) श्री देवेन्द्र राई - वडा अध्यक्ष - ४
(७) श्री इन्द्र राई - वडा अध्यक्ष - ५
(८) श्री यदु व० राई - प्रमुख प्रशासकीय अधिकृत
(९) श्री शारदा कुमारी राई - कार्यपालिका सदस्य
(१०) श्री [illegible] राई - कार्यपालिका सदस्य
(११) श्री [illegible] कुमार राई - स्वास्थ्य शाखा प्रमुख
(१२) श्री [illegible] राई - शिक्षा शाखा
(१३) श्री सुजाता कुलुङ - C.B.R.F.
(१४) श्री प्रविन राई - योजना शाखा प्रमुख
(१५) श्री विनोदराज महतारा - इ० वि० स०
(१६) श्री गौरव यादव - कृषि स्नातक प्राविधिक
(१७) श्री [illegible] स्वाती - पशु स्वास्थ्य प्राविधिक
(१८) श्री जीवन राई - प्राविधिक सहायक
(१९) श्री [illegible] राई - अपाङ्गता सहायक सहजकर्ता
(२०) श्री [illegible] राई - फिल्ड सहायक
(२१) भावना पराजुली - प्रशासन सहायक
२२. श्री [illegible] राई - आइटी अफिसर
२३ श्री [illegible] - पत्रकार
२४ श्री [illegible]
२५ श्री [illegible]

**अनुसूची २: मध्यकालीन खर्च संरचना सम्बन्धी अभिमुखीकरण तथा तयारी सम्बन्धी एक दिने कार्यशाला गोष्ठीको फोटोहरू**















योजना एक चक्रको रूपमा निरन्तर चलिरहने प्रक्रिया पनि हो।
यस अन्तर्गत आवश्यकताको पहिचान, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा सुपरीवेक्षण, समीक्षा, मूल्याङ्कन तथा सिकाइका चरणहरू रहेका हुन्छन्।
योजना चक्र
१.आवश्यकता पहिचान
२. योजना तर्जुमा
३. योजना कार्यान्वयन
४. अनुगमन तथा सुपरीवेक्षण
५. समीक्षा, मूल्याङ्कन तथा सिकाइ

